सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष १२ • बार, फागुन १८, २०६३ • SAPTAHIK • Nepali National Weekly • Mar 2, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-








## इज्जत धान्ने सुट

■ अश्विनी कोइराला

कुनै बेला बेहुलाको शरीरले मात्र अनुभव गर्न पाउने सुट अहिले प्रत्येक जन्तीले लगाउन थालेपछि बजारमा सुटको बिक्री बढेर गएको छ । आधिकारिक तथ्यांक नभए पनि सुटको बजार बढेकै कारण काठमाडौंको बजारमा यस्ता पसलको संख्यामा दस गुणाले वृद्धि भएको व्यापारीहरू बताउँछन् । १५ वर्षअघिसम्म भारतबाट आएका अलि राम्रा जुनसुकै कपडालाई पनि सुटको कपडा मानिन्थ्यो ।

एकसय रुपैयाँ मिटरसम्म पर्ने त्यस्ता कपडा टेलर्सले मेहनतपूर्वक सिलाउँदा पनि बढीमा २ हजार ५ सयमा सुट तयार हुन्थ्यो । तर अहिले सुटको कपडा भारतका सामान्य टेक्सटायल कम्पनीबाट मात्र होइन रेमन्ड, पिटर इङ्ल्यान्ड, डिग्जाम, विमल, ओसिएम, सियाराम, रिड एन्ड टेलर, अर्मानी, ह्युगो, बोस, जोन प्लेयरका महँगा एवं गुणस्तरीय कपडासमेत आउन थालेका छन् । युवाहरूमा सुटप्रति बढ्दै गएको क्रेजका कारण यतिखेर सर्टिङ-सुटिङका पसलमा राम्रै भीडभाड देखिन थालेको छ ।

**सोच्नै नसकिने सस्तो**

कुनै बेला सुट लगाउन आफ्नै विवाह पर्खनुपर्ने अवस्था थियो । महँगा कपडा मात्र होइन, धान्नै गाह्रो पर्ने सिलाइखर्चका कारण पनि सामान्य नेपाली युवाले सुट लगाउन गाह्रो पर्थ्यो, तर केही वर्षअघि चीनमा कर्मचारीले अनिवार्य सुट लगाउने व्यवस्था गरिएपछि त्यसको प्रत्यक्ष फाइदा नेपालीहरूले पाएका छन् । नेपाल सीमापार व्यवसायी संघका अनुसार चीनका निम्नस्तरका कर्मचारीका लागि त्यहाँका टेक्सटायल कम्पनीहरूले सुटका लागि कपडा तयार पार्ने मात्र होइन, एउटा जिन्स पाइन्टभन्दा सस्तो मूल्यमा रेडिमेड सुट तयार पार्न थालेपछि त्यसको फाइदा नेपाली बजारले पनि पाएको हो ।

अहिले नेपाली बजारमा १ हजार ५ सयमा पनि सुट पाइन्छ । यी सुटमा भन्सार शुल्क तथा अन्य खर्च जोड्दा पनि यति सस्तो भएपछि टेलरिङरूलाई प्रत्यक्ष असर पर्न थालेको छ । टेलरिङको विरोधका कारण यस्ता सुटको घट्नुपर्ने मूल्य घट्न सकेको छैन । अनुभवीहरूका अनुसार खासामा चिनियाँ सुटलाई ८ सय रुपैयाँभन्दा कम पर्छ । 'यो अकल्पनीय सस्तो हो ।' व्यवसायीहरू भन्छन्, 'चीनबाट आएका सस्ता सुटका कारण राम्रा ब्रान्डका कम्पनीहरूले पनि प्रतिस्पर्धा महसुस गरेका छन् ।'

यद्यपि रेमन्ड, जोनप्लेयर, पिटर इङ्ल्यान्डजस्ता कम्पनीका नेपालस्थित अधिकृत विक्रेता भने यसबाट रत्तिभर चिन्तित देखिंदैनन् । उनीहरूको कथन छ– 'हाम्रो टार्गेट ग्रुप उच्च एवं मध्यमवर्गीय व्यक्ति हुन् । त्यस्ता व्यक्तिहरू ब्रान्ड कन्सस छन् । त्यसैले हामीलाई चीनबाट आयात गरिएका सुटले असर पारेको छैन ।'

बाँकी पृष्ठ ७ मा

## Sof;]6

### तिमीबिनाको जिन्दगी




गीतकार डिबी थापाको पप गीतिसंग्रह 'तिमीबिनाको जिन्दगी' श्रोतामाझ आएको छ। द म्युजिक ओसियनले बजारमा ल्याएको यो संग्रहमा संगीत डिबी थापा, शरण जोशी, उदयराज पौड्यालको छ भने स्वर डिजराज पौड्याल, दीपक छेत्री, शरण जोशी, डिबी थापा, उदयराज पौड्याल तथा पारसमणि पौड्यालको छ।

### चिठी




आधुनिक गीतिसंग्रह 'चिठी' सँगै गायिका देविका बन्दनाको सांगीतिक क्षेत्रमा पुनरागमन भएको छ। यस्तै रहेछ यहाँको चलन गीतबाट लोकप्रिय भएकी गायिका बन्दनाको यो गीतिसंग्रहलाई म्युजिक डट कमले बजारमा ल्याएको हो। संग्रहमा शब्द दीपक समीर, नीलम भट्टराई, शीला पन्त, पुरुषोत्तम सापकोटा, शोभा केसी, मेरीना स्मृति तथा इन्दिरा प्रसाईंको छ भने संगीत राम थापा, सुसन लामा, शीलाबहादुर मोक्तान, युवराज गुरुङ, सम्राट थापा, ओमविक्रम विष्ट, सचिन सिंह तथा राजु सिंहको छ।

### दि सेकेन्ड




नेपाली ताराका फस्ट रनरअप गायक धर्मेन्द्र सेवानको पहिलो एकल गीतिसंग्रह 'दि सेकेन्ड' श्रोतामाझ आएको छ। सुरताल म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो गीतिसंग्रहमा गायक सेवान तथा संगीतकार आलोकश्रीको संगीत सुन्न पाइन्छ। त्यसैगरी शब्द धर्मेन्द्र सेवान, आलोकश्री, दिपेन श्रेष्ठ, रञ्जित आचार्य तथा गीता त्रिपाठीको छ।

## रंगमञ्च

-विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो साहित्ययात्राका दौरानमा राजनैतिक विषयमा एउटै मात्र कथा सृजना गरे। 'एक रात' शीर्षकमा लेखिएको उक्त कथा अहिलेको वर्तमान परिवेशमा पनि उत्तिकै सान्दर्भिक छ। सर्वनाम नाट्य समूहले गत साता खचाखच भरिएको राजधानीको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा त्यसलाई नाटकको रूप दिएर मञ्चन गऱ्यो। वर्षौंको दासताबाट उन्मुक्त हुन खोज्ने क्रममा सुलीमा चढाइएका युवाको कथालाई बीपीले उक्त कथामा उधिनेका छन्। युवकको फाँसीपछि फाँसीमा चढाउन आदेश दिने र चढाउनेहरूलाई नै आत्मपीडा भएको घटना नाटकमा देखाइएको थियो। यो कथा जनकपुर बम काण्डमा फाँसी दिइएका सहिद दुर्गानन्द झामा आधारित छ। झाले राजा महेन्द्र जनकपुर सवारी हुँदा बम फ्याँलेका थिए। सर्वनाम नाट्य समूहका लागि निर्देशक अशेष मल्लद्वारा निर्देशित उक्त नाटकलाई बीपी कोइराला भारत-नेपाल फाउन्डेसनले प्रस्तुत गरेको हो। गत महिना यही नाटक बनारसको विश्व हिन्दू विश्वविद्यालयमा समेत मञ्चन गरिएको थियो।

## Uofn/L

-कलाकारहरू जुपिटर प्रधान, सौरगंगा दर्शनधारी तथा पृथ्वी श्रेष्ठ बंगलादेशमा सम्पन्न एक चित्रकला प्रदर्शनी र अनौपचारिक कार्यशालामा सहभागी भएर नेपाल फर्किएका छन्। ढाकाको ग्यालरी कायामा सम्पन्न उक्त चित्रकला प्रदर्शनीमा कलाकारहरू प्रधान र सुनिल सिग्देलका चित्रहरू प्रदर्शित भएका थिए। त्यसैगरी नेपाली टोलीका सदस्यहरूले त्यहाँ आयोजित अनौपचारिक कार्यशालामा नेपाली-मिथिला चित्रकला विषयमा सहभागीहरूलाई जानकारी गराएका थिए।

-ललितकला क्याम्पसमा कलासम्बन्धी विज्ञहरूहरूलाई सहभागी गराएर प्रज्ञात्मक प्रदर्शनी आयोजना गर्ने सिलसिलामा गत साता कलाकार आलोक गुरुङले तेल रङको माध्यमबाट कोरिएका चित्रको प्रदर्शनी गरेका छन्। क्याम्पस स्ववियुको आयोजनामा सम्पन्न कार्यक्रममा चित्रण विधि तथा शैलीका सम्बन्धमा विद्यार्थीहरूलाई प्रशिक्षण दिइएको थियो।

-बीपी कोइरालाको एक मात्र राजनैतिक कथा 'एक रात' मा आधारित नाटक एक रात मञ्चन भैरहँदा कलाकारहरूको एक समूह भने नाटकभित्रका विभिन्न पक्षलाई क्यानभासमा उतार्दै थियो। पञ्चायती निरङ्कुशताको विरोध गर्दा शहिद भएका एक युवाको विषयवस्तुमा आधारित उक्त सिर्जनालाई कलाकारहरूले आ-आफ्नो अनुभूतिमा चित्रमा उतारेका थिए। गत शनिबारदेखि राजधानीस्थित सिद्धार्थ आर्ट ग्यालरीमा प्रारम्भ भएको उक्त चित्रकला प्रदर्शनीमा यथार्थवादी, प्रतीकात्मक, अमूर्त चित्रहरू राखिएका छन्। नेपाली कलाकारहरू रागिनी उपाध्याय, दुर्गा बराल वात्सायन, चन्दन श्रेष्ठ, राधेश्याम मुल्मी, रत्न राई, हृदयवल्लभ पाण्डे तथा भारतीय कलाकारहरू डीपी मोहनजी, हीरालाल प्रजापति, सन्तोषकुमार सिंह, डा. शिवनाथ एस प्रनाम सिंह र विजय सिंहले उक्त नाटकमा आधारित रहेर चित्र कोरेका छन्। प्रदर्शनी फागुन २७ गतेसम्म चल्नेछ।

-चेल्सी इन्टरनेसनल एकेडेमीले गत शनिबार ३ देखि १० वर्षसम्म बालबालिकालाई सहभागी गराएर चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगितामा राजधानीका विभिन्न विद्यालयका ३ सय ३८ जना विद्यार्थीले सहभागिता जनाएका थिए। एकेडेमीका अनुसार ३ देखि ४ वर्ष उमेर समूहमा चेल्सी इन्टरनेसनलका सुभमरत्न पराजुली, साइपाल एकेडेमीकी सुकृति तिमिल्सिना तथा मन्टेश्वरी किन्डर वर्ल्डकी अंशु पोखरेल क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका थिए। त्यसैगरी ५ देखि ६ वर्ष समूहमा साइपालका कमल रोक्का पहिलो, सेन्टजेभियर्सका ब्राइस राजकर्णिकार दोस्रो तथा युनाइटेड एकेडेमीका सुरेश राइ तेस्रो भएका थिए। ७ देखि ८ वर्ष उमेर समूहमा सेन्टमेरिजका अनुपम तिवारी, एलआरई स्कुलका सन्दीप श्रेष्ठ तथा डेनेभ इन्टरनेसनलका अनुभव ढकाल पहिलो, दोस्रो र तेस्रो भएका थिए। त्यस्तै ९ देखि १० वर्ष उमेर समूहमा डीएभी स्कुलका आश्विन मिश्र पहिलो, एलआरआईका प्रलेस पोडे दोस्रो तथा सेन्टमेरिजकी प्राप्ति पाण्डे तेस्रो भएका थिए।



# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

समष्टिमा साता राम्रो छ। घरेलु काममा सफलता मिल्नेछ। पराक्रम, सोच्ने शक्ति एवं व्यवसाय बढ्नेछ। अध्ययनमा सफलता हात लाग्नुका साथै यात्रा हुने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। पदक तथा मानसम्मान प्राप्त हुने योग छ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने कुरालाई नकार्न सकिँदैन। शत्रुदेखि सावधान रहनुहोला।

### वृष

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। सोच्ने शक्ति बढ्ने तथा अध्ययनमा सफलता मिल्ने देखिन्छ। व्यापार-व्यवसाय बढ्नुका साथै यात्रा हुन सक्छ। धन आर्जन हुने योग छ। भेटघाटमा प्रसन्नता बढ्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। शत्रुप्रति सजग रहनुहोला। सफलताका लागि गोपनियता आवश्यक छ।

### मिथुन

बोलीको प्रभाव बढ्नेछ भने अरूलाई विश्वास दिलाउन सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग जुट्नेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। अध्ययनमा सफलता देखिन्छ। स्वास्थ्यमा समस्या उत्पन्न हुन सक्ने हुँदा खानपानमा ध्यान पुऱ्याउनुहोला।

### कर्कट

मान-सम्मान प्राप्त हुनेछ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव, सोच्ने शक्ति तथा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। भाग्यले पनि साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि प्राप्त होला। घरेलु काममा रुचि बढ्नेछ। स्वास्थमा खासै सुधार आउने देखिँदैन। चोटपटक लाग्न सक्ने हुँदा सवारी चढ्दा एवं चलाउँदा विचार पुऱ्याउनुहोला।

### सिंह

खर्च तथा विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। अरूबाट आलोचना पनि हुन सक्छ। शनिबारदेखि मान-सम्मान मिल्नुका साथै शत्रु पराजित हुनेछन्। व्यवसायमा लाभ एवं यात्रा हुने योग छ। अध्ययनमा सफलता प्राप्त हुनेछ। घरेलु काममा रुचि बढ्नेछ। स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्ने हुँदा खानपानमा ध्यान दिनुहोला। आर्थिक क्षेत्रमा सोचेजस्तै सुधार आउनेछ।

### कन्या

सानातिना समस्याले सताए पनि समय बलियो छ। काममा सुधार आउनेछ भने अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्नेछ भने शनिबार तथा आइतबार खर्च एवं विवाद बढ्नेछ।

### तुला

समष्टिमा साता राम्रो छ। मान-सम्मान मिल्नुका साथै अरूको मन जित्न सकिनेछ। काममा सफलता प्राप्त हुनेछ भने धार्मिक कार्यमा रुचि, बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। आम्दानीको दरिलो स्रोत फेला पर्नेछ। सोमबार र मंगलबार चिन्ता, खर्च एवं विवाद बढ्ने तथम घरेलु समस्याले सताउने योग छ।

### वृश्चिक

समय बलियो छ। धार्मिक कार्यमा संलग्न हुने अवसर जुट्नेछ। पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। मान-सम्मान पनि प्राप्त होला। आम्दानी बढ्ने योग छ। यात्रा हुनसक्छ। व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ। साताको अन्त्यतिर खर्च एवं विवाद बढ्नेछ। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### धनु

स्वास्थ कमजोर रहनुका साथै चिन्ता एवं विवाद बढ्ने तथा धन नाश हुने योग भए पनि शनिबारदेखि भाग्य बलियो हुने, धार्मिक कार्यमा रुचि एवं पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। सफलताका लागि स्वास्थ्यमा ध्यान दिनुहोला।

### मकर

यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। मान-सम्मान पनि मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। बुद्धि बढ्नुका साथै अध्ययनमा सफलता प्राप्त हुनेछ। ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन्। शनिबार र आइतबार स्वास्थ्यमा समस्या देखा पर्नुका साथै काममा अवरोध आउने तथा चिन्ताले सताउनेछ।

### कुम्भ

साता माध्यम रहनेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्नेछ। व्यवसायमा लाभ प्राप्त हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि एवं बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिक पक्ष सबल छ। सोमबार र मंगलबार, स्वास्थ्यमा समस्या देखा पर्नुका साथै खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। मन चिन्तित रहन सक्छ।

### मीन

सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अध्ययनमा सफलता मिल्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। यात्रा हुन सक्छ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ भने भाग्यले पनि साथ दिनेछ। खर्चका साथै आम्दानी पनि बढ्नेछ। विवादतिर अघि नसर्नु नै उचित हुन्छ। शनिबार, आइतबार तथा बिहीबार स्वास्थ्यमा समस्या देखा पर्ने एवं मन चिन्तित रहने योग छ।

### यो साताको पञ्चाङ्ग

फागुन १९ गते : फागुपूर्णिमा, पहाडी क्षेत्रमा होली। फागुन २० गते : तराई क्षेत्रमा होली, २४ गते : अन्तर्राष्ट्रिय नारी दिवस




सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

प्यारालाइसिस तथा नसा सम्बन्धी रोगको वैज्ञानिक आयुर्वेदिक पद्धतिद्वारा उपचार
सम्पर्क :
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
धुम्बाराही चोक, रिङ्गरोड, काठमाडौं।
फोन नं. : ४३७९०९६, ४३७१७७१

# राजामाथि ऐतिहासिक कारबाही अघि बढाइयो

**साप्ताहिक समाचार**

काठमाडौं– गत जेठ ४ गते संसद्ले आफूलाई सार्वभौम सत्ता सम्पन्न घोषणा गरेपछि चुप लागेर बसेका राजा ज्ञानेन्द्रले ९ महिना ३ दिनपछि आफ्ना असन्तुष्टि एवं महत्त्वकांक्षालाई मुखरित गरेपछि नेपालमा राजनैतिक तरङ्ग फैलिएको छ। संविधानसभा निर्वाचनको तिथि घर्कंदै जानु, मधेसी-जनजाति लगायतका मागलाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई पटक वक्तब्य दिएर पूरा गर्ने वचन दिँदा पनि आन्दोलन नरोकिनु तथा राजाको वक्तव्यले माघ १९ को आफ्नो कदमलाई बाध्यात्मक स्थिति थियो भन्दै त्यसको बचाउ गर्ने प्रयत्न गर्नुले आठ दलको मनमा चिसो उब्जाएको हो।

चौतर्फी आक्रमण झेल्न थालेको सरकार तथा सरकारमा जान खुट्टा उचालेर बसेको माओवादीलाई समेत अप्ठ्यारो पार्ने गरी विकसित भएका घटनाक्रमले २०६२-६३ को जनआन्दोलनका उपलब्धिलाई समेत ओझेल पार्ने प्रयत्न भएको निष्कर्ष निकालिएको छ। यसका लागि पर्दापछाडि बसेर लोकतन्त्रविरोधी आचरण गर्ने दरबारलाई कारबाही गर्ने तथा मधेसी तथा जनजातिका जायज मागलाई एकसाथ पूरा गर्नुपर्ने बाध्यता आठ दलको काँधमा आएको छ।

राजाको वक्तव्यपछि एकै ठाउँ आउन बाध्य भएका आठ दलका विधायकहरूले एक साताअघि राजालाई कारबाही गर्ने प्रस्ताव दर्ता गरेपछि सरकारले राजनैतिक निर्णयका आधारमा राजालाई कारबाही गर्ने निर्णय गरेको छ। कानुनको अभावमा राजालाई कारबाही गर्न अप्ठ्यारो परेकाले राजनैतिक निर्णयका आधारमा कारबाही प्रक्रिया अघि बढाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सर्वोच्च अदालतका प्रधान न्यायधीश दिलीपकुमार पौडेलले सुझाव दिएपछि यस्तो प्रक्रिया अघि बढेको जनाइएको छ।

गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पनि अन्तरिम संसद्का सदस्यहरूको कारबाही प्रस्तावका आधारमा कारबाही प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने निष्कर्ष निकालेको थियो, तर अन्तरिम संविधानमा निलम्बनको अवस्थामा रहेका राजालाई कस्तो कारबाही गर्ने विषयमा नेपाली काङ्ग्रेसलगायत प्रजातान्त्रिक दल तथा बामपन्थी समूहहरूबीच मत विभाजन भएकाले कारबाही प्रक्रिया सुस्त भएको बताइएको छ।

हामी अन्तरिम संसद्बाटै गणतन्त्र घोषणा गरिसकेपछि राजालाई कारबाही गर्न सजिलो हुन्छ भन्ने पक्षमा छौं भन्दै नेकपा माओवादीका नेता तथा सांसद कृष्णबहादुर महरा भन्छन्– 'गणतन्त्र घोषणा नगरी गरिएको साङ्केतिक कारबाहीले जनताको आँखामा छारो हाल्ने काम मात्र गर्छ।'

महराका अनुसार गणतन्त्र घोषणा गरिसकेपछि अहिले सतहमा देखिएका आन्दोलनको वास्तविक स्वरूप पनि देखिन सक्छ। नेपाली काङ्ग्रेसलगायतका दलहरूले भने संविधानसभाअघि नै गणतन्त्र घोषणा गर्नु अन्तरिम संविधान, शान्ति सम्झौता तथा जनताको भावनाविपरीत हुने ठहर गरेका छन्।

नेपाली काङ्ग्रेस जिम्मेवार दल हो, यसले जथाभावी निर्णय गर्न सक्तैन भन्दै नेपाली काङ्ग्रेसका नेता चक्रप्रसाद बाँस्तोला भन्छन्– 'जब हामीले संविधानसभाको निर्णयअनुसार पहिलो बैठकबाटै राजाका बारेमा निर्णय गर्ने सम्झौता गरिसकेका छौं भने संसद्बाटै गणतन्त्र घोषणा गर्नु आफ्नो अडानबाट विचलित हुनु हो।' बाँस्तोलाका अनुसार गणतन्त्र घोषणा नगरी राजालाई कारबाही गर्न सकिने धेरै बाटा भएकाले त्यस्ता बाटाको खोजी गर्नु उपयुक्त हुन्छ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा पनि राजालाई कारबाही गर्न मन्त्रिपरिषद्का सदस्यलाई उपयुक्त निर्णय गर्न निर्देशन दिइसकिएको थाहा भएको छ। मन्त्रिपरिषद्का सदस्यहरूका अनुसार सबैभन्दा पहिले राजाले चलखेल गर्ने स्रोतहरू बन्द गरिनेछ। यसका लागि राजाको सम्पत्तिमाथि अङ्कुस लगाइनेछ। यसका लागि सरकारले भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठको संयोजकत्वमा राज्यमन्त्रीहरू धर्मनाथप्रसाद साह तथा दिलेन्द्रप्रसाद बडुसहितको एक टोली गठन गरेको छ, जसले स्वर्गीय राजा वीरेन्द्र, ऐश्वर्य तथा युवराज दीपेन्द्रको नाममा रहेका सम्पत्तिलाई ट्रस्टमा परिणत गर्नेछ।

त्यसैगरी राजा भएका कारणले ज्ञानेन्द्रले प्राप्त गरेको सम्पत्तिलाई राष्ट्रियकरण गरिनेछ। यसबाहेक अबदेखि कुनै पनि सरकारी कर्मचारीले राजा ज्ञानेन्द्रलाई भेट्नुअघि सरकारको अनुमति लिनुपर्नेछ। अनुमतिबेगर भेटघाट गर्ने तथा उनीसँग राज्य तथा सरकारको सूचना चुहाउने कर्मचारीलाई कारबाही गरिनेछ। मन्त्रिपरिषद्ले नारायणहिटी राजदरबारमा रहेका सेना तथा कर्मचारीको सङ्ख्या घटाउने निर्णयलाई कार्यान्वयन गर्ने भएको छ, जसअनुसार करिब १ हजार ४ सय सेना तथा ६ सय कर्मचारीलाई दरबारबाट फिर्ता बोलाइनेछ।

उच्चस्तरीय छानबिन आयोगले दोषी ठहऱ्याएका तत्कालीन मन्त्री तथा सहयोगीहरूलाई पनि यही मौकामा कारबाही प्रक्रिया अघि बढाइएको छ। अख्तियार छानबिन आयोगले पूर्वमन्त्री कमल थापा, दानबहादुर शाही, टङ्क ढकाल तथा श्रीशशमशेर राणालाई भ्रष्टाचारको अभियोगमा पत्र काटेको छ। कमल थापालाई १ करोड २५ लाख, श्रीशशमसेरलाई ४० लाख, टङ्क ढकाललाई २० लाख भ्रष्ट्चार गरेको आरोप लगाइएको छ।

त्यसैगरी राजाका शासनकालमा उच्च पदमा रहेका तत्कालीन प्रधानसेनापति प्यारजङ्ग थापा, नेपाल राष्ट्र बैंकका गर्भनर विजयनाथ भट्टराई, स्वास्थ्य सहायक मन्त्री निक्षशमशेर राणा, नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख टेकबहादुर डाँगीलाई पनि पत्र काट्ने तयारी भैरहेको छ।

फागुन ७ गतेको राजाको वक्तव्यसँग अख्तियारद्वारा पत्र काटिएका व्यक्तिहरूको प्रत्यक्ष सम्बन्ध नभए पनि उनीहरूको बयानका आधारमा राजालाई कारबाही गर्न बाटो खुला हुने आशा गरिएको छ। फागुन ७ गतेको वक्तव्यपछि भने सरकारले जनआन्दोलन दबाउनेहरूको सूचीमा रहेका व्यक्तिहरूको निगरानी कडा गरेको छ भने राजाबाट चालिने कदमलाई गृहमन्त्रालयले सचेचतापूर्वक समीक्षा गर्न थालेको बताइएको छ।




महिला तथा पुरुषहरूको लागी
नि:शुल्क ब्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरुमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
विदेश जानेहरुको लागी विशेष कोर्षको पनि व्यवस्था छ।
सम्पर्क:
एन्जल ब्यूटी होम
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, ठमेल (सिद्दीगणेश स्कूल अगाडी) -४७००४७७



इजरायल
हिब्रु भाषा
इजरायल जानेहरूले सिक्नै पर्ने विशेष कक्षाहरू
हिब्रु भाषा, केयरगिभर,
House Keeping,
नर्सिङ र अंग्रेजी भाषा
सम्पर्क
वासिन्टन एकेडेमी
फोन : ४७८१०६१/९८४१३८७६९७
नयाँ बानेश्वर चोक, शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
भिसा प्रोसेसिङ पनि गरिन्छ



## खोटाङेहरूका लागि वनभोजको सूचना

खोटाङबाट उपत्यकामा आई विभिन्न पेशा व्यवसायमा संलग्न स्थायी वा अस्थायी बसोबास गर्ने सम्पूर्ण खोटाङबासीहरूको साझा मञ्च **खोटाङ सेवा समाजले** आयोजना गरेको बृहत मनोरञ्जनात्मक वनभोजमा सहभागिताको लागि सम्पूर्ण खोटाङेहरूलाई हार्दिक अनुरोध गरिन्छ।

### टिकट तथा सम्पर्कका लागि

| | | | |
|---|---|---|---|
| संयोजक: जगत घिमिरे | ९८४१२५५८७४ | बाबुराम न्यौपाने | ४२६२३७६ |
| चन्द्रबहादुर गुरुङ | ९८४१२४५००९ | नवल खड्का | ९८५१०३६३३९ |
| मणि राई | ९८५१०४७११६ | देवराज कटुवाल | ९८५१०५३३६७ |
| गणेश थापा | २३३१११२ | दीप एडभर्टाइजिङ | २०४०७३६ |
| तारानाथ दाहाल | ९८५१०४९७०५ | (नयाँ बानेश्वर) | |

स्थान : चाँगु नारायण, भक्तपुर
मिति : २०६३ फागुन २६ गते शनिवार
भेला हुने स्थान : BICC को पश्चिमगेट
समय : विहान ७:३० बजे।

आयोजक
खोटाङ सेवा समाज
काठमाडौं

नोट : बस छुटेको खण्डमा वैकल्पिक व्यवस्था गरेर भएपनि उक्त स्थानमा उपस्थित हुन अनुरोध छ



100% रोजगार मुलक
होटल तालिम
★ कुक ★ वेटर
★ हाउसकिपिङ्ग आदि।
साथमा इजरायली तथा अंग्रेजी भाषा
कामना, कोटेश्वर
4601878, 2120697





Be an Air Hostess
Be a Flight Steward
Admission
OPEN
After successful training
WE PROVIDE Job Placement
Highly experience instructors
Licence holders from CAAN
FREE Facilities
Swimming
Stationery
Airport Familiarization
Scarf
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM
Ph# 4783564, 2042030

## फेरौं विरोधको शैली

अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको नेपालजस्तो मुलुकका लागि सबै क्षेत्र र वर्गमा सहिष्णुता र धैर्यले ठूलो अर्थ राख्छ। मुलुकलाई संविधानसभामा प्रवेश गराएर एउटा निश्चित गोरेटोमा हिंडाउने पहल भैरहेको अहिलेको अवस्थामा विभिन्न किसिमका समस्या देखा पर्नु अस्वाभाविक होइन। यस्ता समस्याहरू विशेष गरेर क्षेत्रीय, जातीय र वर्गीय चरित्रका हुन्छन्। यस्ता समस्याहरू समाधान नहुने पनि होइनन्। केही दिनपहिले तराईमा सल्किएको हिंसात्मक आगो निभाउन सरकारले सम्बन्धित पक्षलाई विनासर्त वार्तामा सहभागी हुन आह्वान गरेअनुरूप तराईमा हिंसालाई मत्थर पारिएको थियो। तराईमा आन्दोलन उठाउने पक्षले राज्यसँग विनासर्त वार्ता गर्न अस्वीकार गरेर अहिले फेरि तराईलाई आन्दोलनमय बनाउने वातावरण सिर्जना गर्दैछ। यो पक्कै पनि स्वागतयोग्य कुरा होइन। कुनै पनि समस्यालाई समाधानको तहसम्म लान सबै पक्षले वार्ताका माध्यमबाट पहल गर्नुपर्छ। खासगरी नेपालजस्तो बहुजातीय र बहुभाषीय समाजमा सबै वर्ग र क्षेत्रको आ–आफ्नै राजनैतिक महत्त्वाकांक्षा हुनु स्वाभाविक हो। यस्तो अवस्थामा हामी सबैले आ–आफ्नो उद्देश्य प्राप्तिका लागि निरन्तर सक्रिय रहनुपर्छ तर त्यस्तो सक्रियता हिंसात्मक हुनु हुँदैन। हिंसाले कुनै पनि समस्याको समाधान दिंदैन। यो कुरा जान्दाजान्दै पनि अहिले नेपालका विभिन्न जातीय तथा क्षेत्रीय संघ संगठनहरूले राज्यमाथि दबाब सिर्जना गर्ने नाममा जुन किसिमको विरोध शैलीलाई अंगीकार गरेका छन्, त्यसलाई स्वागतयोग्य भन्न मिल्दैन।

सबै किसिमका सामाजिक विद्रोहको गन्तव्य राजनैतिक अधिकारको प्राप्ति नै हुन्छ। युगौंयुगदेखि केन्द्रीकृत सत्ताद्वारा शासित नेपालजस्तो मुलुकमा लोकतन्त्रको उज्यालोमा सबै वर्ग र जातिका नागरिकहरूद्वारा स्वशासनको खोजी गरिनुलाई अन्यथा भन्न मिल्दैन। आफ्नो अधिकारका लागि अरूको अधिकारमाथि कुठाराघात गर्नुलाई कुनै पनि अवस्थामा लोकतान्त्रिक चरित्र भन्न मिल्दैन। यस्तो प्रवृत्तिलाई लोकतन्त्रको दुरुपयोग मात्रै मान्न सकिन्छ। संक्रमणकालीन समाजमा यस्ता दुरुपयोगहरू जहाँतही देखिएका छन्। यद्यपि त्यस्तो प्रवृत्तिलाई राजनैतिक कुशलताका साथ व्यवस्थापन गरेर एउटा निश्चित गोरेटोमा हिंडाउन सक्नुपर्छ। जुन समाजले त्यस्तो कुशलता देखाएका छन् ती समाज अहिले आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक रूपमा सम्पन्न समाजमा दरिएका छन्। नेपालमा रहेका विभिन्न वर्ग र जाति सांस्कृतिक रूपमा सम्पन्न छन्। यो विषयमा कुनै बहसको आवश्यकता छैन तर अहिले तिनै वर्ग र जातिहरू आ–आफ्नो राजनैतिक हकका लागि जुन किसिमको विरोधको शैलीमा देखिएका छन् त्यसले हामीलाई कुनै निश्चित गन्तव्यतर्फ पुऱ्याउँछ भन्न सकिँदैन। अहिलेको अवस्थामा मुलुकको संक्रमणकालीन स्थितिलाई मध्यनजर गर्दै सबै सामाजिक समूहले एक–अर्काप्रति विश्वास व्यक्त गरेर आ–आफ्नो समस्यालाई संविधानसभामार्फत सौहार्दपूर्ण वातावरणमा समाधान गर्ने अठोट व्यक्त गर्नुपर्छ र त्यसमै आम–जनता र मुलुकको कल्याण छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# निरोली, लेखनाथ र गोधूलि

*We are both actors and spectators in the great drama of existence.* **-Nietzsche**

२०६३ माघ १५ गतेको गोधूलि याम थियो। अरू दिनजस्तै म सन्ध्याकालीन भ्रमणमा थिएँ पशुपति क्षेत्रतिर उन्मुख। स्वभावअनुकुल अतीतको स्मृतिमा रमिरहेको थिएँ। वर्तमानको बोझिल अनुभूतिबाट मुक्ति पाउने दुराशामा। सेन्जिटिविटी अनुवंशीय संवेदना र कायरताको तीव्र योगबाट संक्रान्त मानव प्राणीहरूको नियति यस्तै हुँदो रहेछ। वर्तमानमा थरीथरीका मताग्रहहरूको समग्र चरित्र शान्तभन्दा बढी अशान्त भएकाले म त्यो घडीमा शारीरिक रूपले पशुपति-क्षेत्रतिर गैरहेको थिएँ, मानसिक र भावनात्मक रूपले अतीततिर भ्रमणशील थिएँ- शैशवकालीन ग्राम्य जीवनानुभूतितिर। स्मृतिमा त्यसबेला– साढे पाँच बजे– बाल्यकालको गोठाले गोधूलिको तीव्रतर मिठासपूर्ण याद आइरहेको थियो। वनबाट गाई-गोरु, साँढे र बाख्रा-बोकाहरू चराएर घर फर्कंदाको आनन्द-स्मृति, नोस्ट्याजिया अनियमित ढंगले मस्तिष्कमा, हृदयमा चलायमान भैरहेको थियो माघ १५ को गोधूलिमा पनि।

तुलनात्मक परीक्षण गरिरहेको थिएँ दुवै गोधूलिको गुण-धर्मबारे। कहाँ त्यो नैसर्गिक बाल्यकालीन निर्वोधताको मस्ती, कहाँ यो कथित सभ्यता र आधुनिक सहरी जीवनको दुर्वोध्य जटिलता ! म भन्न सक्दिनँ हामी कति सभ्य, सुसंस्कृत छौं ? तर भन्न सक्छु कि यस्तो खालको सभ्यता पाइने सुविधा र जटिलताभन्दा मेरो बाल्यकालीन सभ्यता शून्यतामा धेरै बढी सार थियो, मस्ती थियो र थियो परमात्मासितको स्वस्थ सान्निध्य। अस्तित्वसितको सश्लेषण धेरै बढी थियो, विच्छेद र विश्लेषण धेरै कम थियो, नगन्य थियो। त्यो बेला जागतिक (कज्मिक) संगीतको मधुर लय सुनिन्थ्यो, यसबेला सामाजिक, आर्थिक, नैतिक, राजनैतिक, धार्मिक विसंगतिको कर्कस ध्वनि सुनिन्छ बिहानदेखि गोधूलिसम्म र त्योभन्दा पनि परसम्म। मानिस दिन-प्रतिदिन नसुध्रिने किसिमले जटिलतर हुँदै गैरहेको देखिन्छ।

यस्तै स्वैर उडानमा आफैंलाई र आफ्नो चाललाई बिर्सिरहेको बेला मध्यमार्गमा यौवनपारि गैरहेका, बैंसमा अधबैंसे भन्न मिल्ने एक सज्जनसित जम्काभेट भयो। अक्सर प्रभातकालीन र गोधूलिका भेटहरूमा बढी गहनता हुन्छ। ती सज्जनको नाम रहेछ लेखनाथ निरौला। साथमा एक अर्को मानव थियो कि मानवी थी, म अहिले बिर्सिरहेछु। दुई कारणले लेखनाथ निरौला मप्रति धेरै लामो कालदेखि गुरुत्वाकर्षित भएका रहेछन् : निरोली, उनको पनि उद्गम भूमि रहेछ। सयौं वर्षपहिले इतिहासको कुनै नखरापूर्ण मोडमा उनका पुर्खाहरू पनि निरोलीबाट चरणबद्ध बाध्यताहरूका क्रममा सुदुर पूर्वमा बास गर्न विवश भए होलान्। सुनिश्चित भएर भन्न सकिँदैन, काल्पनिक प्रवाहमा मात्र केही भन्न सकिन्छ : कति सय वर्ष लागे होलान् लेखनाथका सुदूर पुर्खाहरूलाई सुदूर पश्चिमबाट सुदूर पूर्वमा गएर बस्ती बसाउन।



डा. डी.पी. भण्डारीसँग अन्तरंग

जम्काभेटको प्रथम पलमा नै लेखनाथको विस्मय टप्कियो– 'हजुर डी.पी. भण्डारी सर हो ? म हजुरको पुरानो फ्यान र साथै म निरौला पनि हुँ। मलाई पनि निरोली हेर्न ठूलो धोको छ– हजुरको कारण र मेरो आफ्नै जरा खोज्ने जिज्ञासाका कारण।' उत्तरमा मैले भने– 'समय मिलाउनुहोस्, सुयोग मिल्यो भने सँगै जाउँला, तर हामीहरू पनि निरोली छोडेर धनगढीमा बास सुरु गर्न थालेको पनि तीन-चार दशक भैसक्यो। निरोलीको सौन्दर्य अहिले मेरा लागि केवल एक नोस्टेल्जिया मात्र हो, स्वप्नील अतीतोन्मुखता। यथार्थको क्रूरता असह्य भएपछि कि त हामी आफ्नै अतीतलाई सम्झेर रमाउँछौं, कि त अनागत भविष्यबारे इन्द्रधनुषी छविहरू बुनेर वर्तमानलाई बिर्सन खोज्छौं।'

लेखनाथ निरौलाको हार्दिकता, प्रेम र श्रद्धाको संयुक्त भाव उनको मुखमण्डलमा छचल्किरहेको थियो। केही समयको संवादपछि उनी मेरो भ्रमणगतिलाई ध्यानमा राखेर बिदा हुने इच्छा व्यक्त गर्न थाले– 'जसरी भए पनि सुविधा र फुर्सद भएको बेलामा इटहरी आउनुहोला।' मैले 'आउनेछु' भन्ने मौखिक वचन त दिएँ तर त्यसपछिको सन्ध्याकालीन भ्रमणकालमा केही आनन्दित, केही अनिश्चित मुद्रामा गति र अगतिबीच विभाजित हुँदै पशुपति क्षेत्रमा पुगें। तर असम्भावनाभन्दा बढी सम्भावनाको भार बढी थियो अनिश्चित मनोभावको दशामा। लेखनाथ निरौलाको छवि र अर्को निरोलीप्रेमी निरौलाको स्मृति सँगसँगै हल्लिन थाले मेरो सम्झनामा : डी.एस.पी. रुद्र निरौला।

रुद्र पनि एक भावशील, प्यारा, इमान्दार सेवानिवृत्त प्रहरी। आफ्नो आदिम थलो निरोलीको धूमिल, कल्पित भूगोल सम्झेर कुनै पूर्वीय निरौला मसित निकट हुन चाहन्छन् भने भावाविष्ट हुनु मेरो हृदयको विवशता हुन जान्छ, सन्निध्य स्वत: विस्तारित हुन्छ। यो संकीर्ण क्षेत्रीयताको सीमालाई नाघेर लामो जातीय र भौगोलिक स्मृति श्रृंखलाको मधुर रमणीयता हो : क्षणिक तर घनीभूत अतीतगामी अन्तर्दृष्टि। अरू पनि केही निरौलाहरू चार-पाँच दशक लामो मेरो काठमाडौं बसाइको कालभित्र नभेटिएका होइनन्, तर कुनै विजडित देखिन्थे, कुनै उष्मापूर्ण। जो गरम दिल लिएर आउँथे तिनीहरूसित प्रेमपूर्ण बात मार्थे, जसको जराहरूप्रति कुनै मोह थिएन तिनीहरूबाट चाँडै बिदा हुन्थे। स्मृति स्पन्दित हुन सक्ने निरौलाहरूका लागि निरोली भुगोलको एक टुक्रा मात्र नभएर उनीहरूको अतीतको एक मनोहर स्रोत पनि हो, विम्ब हो, स्मृत्याभास कल्पना तिखार्ने एक माध्यम पनि हो।

लेखनाथ निरौलाको अनुहारमा हाम्रो प्रथम अप्रत्याशित भेटमा जो प्रकाश देखिन्थ्यो त्यो मप्रतिको प्रेमको द्योतक मात्र थिएन, निरोलीप्रति उनको जिज्ञासाको परिचायक पनि थियो। त्यति उत्फुल्लित निरौला अझै मैले हेर्न बाँकी नै छ।

इतिहासभित्रका बसाइँ-सराइहरू, हाम्रा संयोग र वियोगहरू, ओराली-उकालीहरू, उत्कर्ष र विकर्ष, प्रेम-घृणा, मैत्री-अमैत्री, तिमिर-प्रकार, अश्रु-मुस्कान, आशा-निराशा, सौन्दर्य र कुरूपता, कर्मण्यता-अकर्मण्यता, जीवन-मृत्यु आदि घटना र अनुभूतिहरूको समग्र चरित्रभित्र सूक्ष्म नाटकीयतन अन्तर्निहित हुन्छ। संसारको रंगमञ्चमा नियतिबद्ध खेल खेल्न अथवा भूमिका निभाउनका लागि ती सबैको जमघटलाई उचित शब्दको अभावमा जीवन भनिरहेका हुन्छौं।

जुन जीवन लेखनाथका पुर्खाहरूले सयौं वर्षपहिले निरोलीमा भोगेका थिए त्यही जीवनको आधुनिक संस्करण तिनीहरू इटहरी र इटहरीइतर बाँचिरहेका छन्, अर्थात् अस्तित्वको नाट्यशालामा आफ्नो मन्द तीव्र भूमिका खेलिरहेका छन्। यहाँनिर लेखनाथ मानवजतिका प्रतिनिधि हुन्। समयको धारमा बगिरहेका एक अत्यन्त सरल हृदयी देखिने मानिस– सायद खाओवादी र माओवादीभन्दा केही भिन्न देखिने नायक। उनीसित भेट भएको सन्ध्या म सोचमग्न थिएँ। त्यही बेला मानव इतिहासकै अति महान चिन्तक फ्रेडरिक नित्सेको वचन याद आयो : 'अस्तित्वको विराट नाटयशालामा हामीहरू दुवै एकसाथ हौं– नायक र दर्शक।' लेखनाथ र मजस्ता सामान्य पथगामीहरू एक ठूलो स्वर मच्चाएर ध्वनि-प्रदूषण गर्ने विभाजनकारी वृत्ति र महत्त्वाकांक्षाले सताइएका राजनैतिक गैरराजनैतिक सबै खालका धावक एकैसाथ नायक र द्रष्टा हुन् जगत्को यो दुर्वोध्य रंगमञ्चमा। अस्तु।

**पो. ब. नं. २९७४**



## नीति-नियम

**स्वयं विशिष्ट ज्ञानले युक्त भएर पनि कुनै शीलयुक्त गुरु, आचार्य एवं तपस्वी, महात्माहरूलाई उपदेश दिनु राम्रो हुँदैन।**

**जो धर्मशास्त्रको ज्ञाता छ– उसलाई चाहे सभासदमा नियुक्त गरिएको होस् वा नहोस् उसले सभामा बोल्नु उचित हुन्छ किनकि जुन व्यक्ति शास्त्रअनुसार आचरण गर्ने हुन्छ उसको बानी देवताको समान मानिएको छ।**

**सबैभन्दा पहिले त विचार सभामा भरसक जानु हुँदैन, यदि जानै परे त्यहाँ सत्य वचन नै बोल्नुपर्छ। किनकि सभामा बोलेका उचित वा अनुचित कुराको पापको भोगी व्यक्ति स्वयं हुन्छ।**

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**



## चि ठी प त्र

### नेपाल बन्द कसका लागि ?

केही वर्षको अन्तरालपछि देशले उन्मुक्तिको आवाज उठाउन पाएको छ। लोकतन्त्रको उदयसँगै नयाँ नेपाल निर्माणमा राष्ट्र हाँक्ने व्यक्तिहरूदेखि सर्वसाधारणसम्म जुटिरहेका छन्। विश्वकै इतिहासमा एउटा नमुना परिवर्तन गर्न सक्षम भएका छन् नेपालीहरू, तर संसार एक्काइसौं शताब्दीमा दौडिरहेको बेला पनि नेपालमा केही अशान्ति सिर्जना भैरहेको महसुस हुन्छ। हाम्रो देशमा नयाँ काम खासै भएको देखिँदैन। फेरि पनि हानथाप र अनावश्यक प्रतिस्पर्धा भैरहेका छन्।

केही समय अघिदेखि हराएको नेपाल बन्द पुन: सुरु भएको छ। हाम्रो देशमा बन्द सामान्य भैसकेको छ तर बन्द केका लागि ? कसैले यो दिन त बन्द रे ! भनिदियो भने बन्द भैहाल्ने नियति भोग्न जनता बाध्य छन्। हड्ताल, बन्द, चक्काजामजस्ता सामाजिक उच्छृङ्खलता समस्याग्रस्त नेपाली समाजका लागि एउटा फेसन भएको छ, तर यस विषयमा सोच्ने को ? प्रश्न गम्भीर छ, तर समाधान गरिएजस्तो मात्र गरिन्छ। संवाद र सहमति पनि हुन्छ तर समस्या फेरि दोहोरिन्छ। यही विडम्बनायुक्त समाजमा बाँच्न विवश भएका छन् निर्दोष जनता। एउटा निश्चित विन्दुसम्म पुग्न नसक्दा सबै अन्यौलमा परेका छन्। अनि फेरि हामी सोच्न बाध्य हुन्छौं– हाम्रो भविश्य कहाँ छ ?

लोकतन्त्र प्राप्तिका लागि लडेका ती जनतालाई हेर्दा लाग्छ जनताले गरे जे पनि हुन्छ। अहिले आएर विरोध तथा असहमति जनाउने अधिकारकै दुरुपयोग त भैरहेको छैन ? भन्ने प्रश्न पनि उठेको छ।

मानवजीवनको सबैभन्दा सुनौलो क्षण नै विद्यार्थी जीवन हो तर भोलिका कर्णधार विद्यार्थीहरू अलपत्र परिरहेका छन्। उनीहरूको भविष्यमाथि खेलबाड भैरहेको छ। आजका बालबालिकालाई उचित शिक्षा दिन सकिएन भने भोलिको हाम्रो देशको स्थिति के हुनेछ ? कल्पना गर्न पनि गाह्रो छ।

अहिले विद्यार्थीहरूको महत्त्वपूर्ण परीक्षा आउँदै छ। चिन्ताले भरिएको मनले परीक्षासँग कसरी सम्झौता गर्ने ? एकातिर विद्यार्थीहरूको पढाइमा बाधा त अर्कातिर बसमा यात्रा गर्ने यात्रुहरूको बिजोग। यी कठिनाइहरूका बीचमा करोडौंको नोक्सान बेहोर्नुपर्ने हुन्छ, जसले देशमा व्यपार-व्यावसाय डामाडोल भै आर्थिक संकट ल्याउँछ। यसको जिम्मेवारी कसले लिने ?

***–केशव कुलुङ सेकछा***

**छेस्काम ८, सोलुखम्बु**

**(पुरस्कृत पत्र)**

### होली र विकृति

अहिले जतातत्तै फागुपूर्णिमाको चहलपहल छ। रंगीचंगी पिचकारीहरू बजारभरि छन् भने स-साना भाइबहिनीदेखि अधबैंसेसम्म विशेषगरी युवा-युवतीलाई पनि यो पर्वले छोएको छ। हर्षोल्लासपूर्वक मनाइने यो पर्व एक-अर्कामा आत्मीय मित्रता सधैं कायम रहोस् भन्ने उद्देश्यले मनाइन्छ तर हिंजोआज यो पर्व मनाउने तरिका अलग भएको छ। बाटोमा हिंड्ने यात्रुहरूलाई दु:ख दिने, विशेषगरी युवाहरूले युवतीलाई दु:ख दिने, फागु आउनुअघि नै युवतीहरूमाथि फोहर पानी फालेर कपडाहरू फोहोर गरिदिनेजस्ता कार्यहरू बढ्न थालेका छन्। यस्ता कार्यले होली पर्वलाई विकृतितर्फ धकेलेको छ। हुन त गृहमन्त्रालयले यस्ता गतिविधि गर्नेहरूलाई कारबाही गर्ने सूचना वर्षैपिच्छे निकाल्छ तर पनि विकृति बढ्न छाडेको छैन।

धर्म-संस्कृति, परम्परा एवं आत्मीयताको महान् चाड फागुपूर्णिमाका आफ्नै विशेषता हुँदाहुँदै पनि रंगहरू हालेर हाँसो गर्ने, जबर्जस्ती अँगालोमा बाँधिने, नचाहिने अंगहरूमा प्रहार गर्नेजस्ता क्रियाकलापले यसमा विकृति निम्त्याएको छ। प्रेम एवं मित्रता सधैं सुमधुर रहोस्, परम्परा-संस्कृति सधैं रंगहरूजस्तै कायम रहोस् भन्ने उद्देश्यले मनाइने यो पर्व हिन्दू समाजमा आपसमा रमाइलो गर्दै मनाइने पर्व हो। उत्साहका यस्ता पर्वहरूलाई विकृतितर्फ धकेल्नुभन्दा परम्परागत रूपले मनाउनु नै उचित हुन्छ। रंग दल्ने बहानामा जबर्जस्ती गर्नु भनेको आफ्नो परम्परा एवं संस्कृतिमाथि आँच पुऱ्याउनु हो। परम्परा एवं संस्कृति जोगाउने क्रममा त्यसप्रति आँच आउने काम गर्नु कदापि राम्रो होइन।

**–रेजिना उप्रेती**

## तीतो सत्य

-धन-सम्पत्तिलाई बढी महत्त्व दिने व्यक्तिले घरपरिवार र आफन्तसमेतलाई बिर्सन्छ।

-बुद्धिमान आफैंसँग प्रश्न गर्छन् भने मुर्खहरू अरूसँग।

-बोल्नु चाँदी भए चुप लाग्नु सुन हो।

-संसारमा सबैभन्दा बलियो मानिस त्यो हो जो एक्लै उभिन्छ।

**दिभा ओझा, विराटनगर**

-म कसरी निरीह (कमजोर) बन्दैछु भन्ने कुरा मेरा शत्रुहरूले राम्रैसँग बुझिरहेको हुनुपर्छ।

-लाखौंइज्जतलाईएउटा बेइज्जतको घेराभित्र सीमित राख्न नखोज।

-अर्थहीन आवाज केवल ध्वनि-प्रदूषण गराउने साधनामा सीमित रहन्छ।

**एम.सी, बाङ्गदेल**

-अनुहार हेरेर मात्र कसैको भाग्य बताउन सकिँदैन, भाग्य त व्यक्तिको लगन र कर्ममा भर पर्छ।

**चकाव 'प्यासी'**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ।*

***–सम्पादक***

# मधेसको चाहना समावेशी लोकतन्त्र हो



वि.सं. २०२० कात्तिक १ गते धनुषाको सबैला गाउँमा जन्मिएका सुरेन्द्रकुमार महतो पेसाले कानुन व्यवसायी हुन्। वाणिज्यशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेपछि कानुन अध्ययन गरेका महतो अहिले कानुनमा स्नातकोत्तर तहको अध्ययन गर्दैछन्। नेपाल जेसिसको राष्ट्रिय अध्यक्ष भैसकेका महतो भावी संविधानसभामा मधेसको वास्तविक प्रतिनिधित्वका लागि विभिन्न राजनैतिक दलहरूले त्यसलाई एजेन्डाका रुपमा अगाडि ल्याउनुपर्ने कुरा बताउँछन्। २०४७ सालको संविधान जुन भावनाबाट बनाइएको थियो त्यसको व्यावहारिक प्रयोग ठ्याम्मै नहुँदा त्यो असफल भयो भन्दै महतो भन्छन्- उक्त संविधानले नेपालको विविधताले भरिएको सामाजिक चरित्रलाई सम्बोधन गरेको थिएन। समानता केवल अक्षरमा सीमित थियो। व्यवहारमा समानता देखिएको थिएन तर पनि त्यो संविधान असफल हुनुमा राजनैतिक नेतृत्वको अक्षमता नै मुख्य कारण थियो। भावी संविधानसभाका सन्दर्भमा महतोसँग संजिवन महर्जनले गरेको कुराकानी :

**० नेपालको सन्दर्भमा संविधानसभाको आवश्यकता किन देखिएको छ ?**

- संसारमा अहिलेसम्म जति पनि द्वन्द्व भएको छ त्यो राजनैतिक शक्तिका लागि र समाजमा व्याप्त विभेदका विरुद्ध भएको छ। तानाशाही व्यवस्थामा राज्यशक्ति केही सीमित वर्गमा सीमित हुन्छ। त्यहाँ विभेद चरमविन्दुमा हुन्छ। विभेदको प्रादुर्भाव नै राज्य सञ्चालकहरूबाट हुन्छ। राज्य सञ्चालकहरू वा वर्गले अरू वर्गलाई राज्यशक्तिबाट टाढा राख्नका लागि नै विभेदकारी नीतिहरू अवलम्बन गरेका हुन्छन्। विविधताले भरिएको समाजमा एकात्मक शासनप्रणालीले सबै जनतालाई नीतिनिर्माणमा सहभागी बनाउन सक्दैन। त्यसै कारणले विविधताले भरिएको हाम्रोजस्तो समाजमा संघीय शासन प्रणाली र सत्ता साझेदारी अर्थात् सत्तामा सबै वर्ग र जातिको पहुँचको अभावमा वास्तविक लोकतन्त्रले मूर्तरूप लिन सक्दैन। लोकतन्त्र भनेको स्वतन्त्रता मात्र होइन, समाजको समावेशीकरण पनि हो। राज्य सञ्चालनमा हिस्सा नपाउने वर्गका लागि लोकतन्त्रले पनि कुनै अर्थ राख्दैन। त्यसै कारणले नेपालमा राज्यशक्तिसम्म सबैको समान पहुँचका लागि संविधानसभाको आवश्यकता देखिएको हो। भावी संविधानसभामार्फत् बन्ने संविधानले नेपालजस्तो विविधताले भरिएको मुलुकका लागि संघीय संरचना, आत्मनिर्णयको अधिकारसहितको संघीय शासनप्रणाली र राज्यशक्तिमा सबै वर्गका जनताको समानुपातिक पहुँचलाई ग्यारेन्टी गर्नुपर्छ। अनि मात्र संविधानसभाको उद्देश्य पूरा भएको मानिनेछ।

**० संविधानसभा नेपालको वर्तमान राजनैतिक परिस्थितिको उपज हो वा हाम्रो राष्ट्रिय आवश्यकता ?**

- संविधानसभा नेपालको वर्तमान राजनैतिक परिस्थितिको उपज र हाम्रो राष्ट्रिय आवश्यकता दुवै हो। विगतमा नेपालमा जुन राजनैतिक प्रणाली अभ्यास गरिँदै आएको थियो, त्यो मूलरूपमा हाम्रो मुलुकको चरित्र र विशेषतासँग मेल खाने किसिमको थिएन। हाम्रो मुलुक विविधताले भरिएको छ तर राज्यशक्ति प्रयोग गर्ने अंगहरूमा विविधता कहिल्यै पनि देखिएन। जुन वर्गको हालीमुहाली राज्यशक्तिमा रह्यो त्यो वर्गले आम नेपाली जनताको भावनालाई बुझ्न सकेन। त्यसबेला के देखियो भने राजनैतिक प्रणाली नै त्रुटीपूर्ण भएकाले सम्पूर्ण जनताको भावनाको प्रतिनिधित्व हुन सकेन। जनता सचेत हुँदै गएपछि उनीहरूले आफ्नो राजनैतिक हकको खोजी गरे। आफ्नो राजनैतिक अधिकारप्रति जनतामा देखिएको सचेततापछि अहिलेको अवस्था सिर्जना भएको हो। यसमा माओवादीहरूले सञ्चालन गरेको हिंसात्मक जनयुद्धको पनि महत्त्वपूर्ण भूमिका छ। अहिलेको स्थितिमा नेपालको पुरानो संरचना र राजनैतिक प्रणाली असफल भएपछि मुलुक अहिले नयाँ नेपालको निर्माणका लागि अगाडि बढेको छ। नयाँ नेपाल बनाउन आवश्यक राजनैतिक प्रणालीअन्तर्गत राज्यशक्तिको अभ्यास र त्यसको विधि संविधानसभाले तय गर्नुपर्छ। त्यसैका लागि संविधानसभा हाम्रो आवश्यकता भएको हो।

**० संविधानसभाको अवधारणा राजनीतिबाट प्रेरित छ कि जनताको वास्तविक अधिकारका लागि अगाडि सारिएको छ ?**

- संविधानसभाको अवधारणा राजनीतिबाट प्रेरित छ वा जनताको वास्तविक अधिकारका लागि आवश्यक छ भन्ने कुरालाई हामीले एउटै सिक्काको दुईटा पाटाको रूपमा हेर्नुपर्ने हुन्छ। किनभने जनताको चाहना र भावना जे हुन्छ त्यो साधारणतया राजनैतिक दलहरूबाटै अभिव्यक्त हुन्छ। राजनैतिक दल भनेकै जनताको भावनाको प्रतिनिधि हो। अहिलेको परिस्थितिलाई हेर्ने हो भने विगतमा राजनैतिक दलहरूले जनताको वास्तविक चाहनालाई प्रतिनिधित्व गर्न वा सम्बोधन गर्न नसकेपछि नयाँ-नयाँ राजनैतिक दलहरूको जन्म भयो। यसै क्रममा देखापरेको नेकपा (माओवादी) ले मुलुकको जातीय, वर्गीय, सामुदायिक, क्षेत्रीय एवं लैंगिक समस्याहरूलाई जोडदार ढंगले उठायो। कालान्तरमा अरू राजनैतिक दलले पनि त्यसलाई आत्मसात गरेको जस्तो देखियो। त्यसै कारणले संविधानसभा राजनैतिक दलले आफ्नो अभिष्ट पूरा गर्न खोजेको विषयमात्र होइन। संविधानसभाको सन्दर्भमा राजनैतिक दल माध्यम मात्र हुन्। यो मूलरूपमा जनताको आवश्यकता नै हो। नेपालमा हालसम्म जे-जस्ता संविधान लागू भए, ती संविधान निर्माणप्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता थिएन।

**० के संविधानसभाको मुद्दा माओवादीले मात्रै उठाएका हुन् त ?**

- होइन, नेपालमा संविधानसभाको कुरा २००७ सालदेखि नै उठेको हो। त्यसबेलाको प्रमुख राजनैतिक दल नेपाली कांग्रेसको मुख्य एजेन्डा नै संविधानसभा थियो। नेपाली कांग्रेसको त्यो एजेन्डामा तत्कालीन राजा त्रिभुवन पनि सहमत थिए तर राजतन्त्रको महत्त्वाकांक्षा र एकल शासन गर्ने प्रवृत्तिले षड्यन्त्रमूलक तरिकाबाट संविधानसभाको एजेन्डालाई क्रमैसँग ओझेलमा पारियो। तत्कालीन राजनैतिक दलहरूले पनि त्यस्तो षड्यन्त्रको सशक्त प्रतिरोध गर्न सकेनन्। नेपाली कांग्रेस स्वयम् त्यस्तो षड्यन्त्रमा फस्न पुग्यो। राजा महेन्द्रले २०१५ सालमा दिएको संविधानलाई स्वीकार गर्नु नै नेपाली कांग्रेसको ठूलो राजनैतिक भूल थियो। यसरी नेपाली कांग्रेसले छाडेको एजेन्डालाई माओवादीहरूले समाएर त्यसलाई मलजल गरेर अगाडि ल्याएका मात्र हुन्।

**० भावी संविधानसभामा मुलुकका सबै किसिमका आदिवासी जनजातिहरूले वास्तविक प्रतिनिधित्व पाउने सम्भावना देख्नुहुन्छ ?**

- यो कुरा अहिले नै ठोकुवा गरेर भन्न सकिने अवस्था छैन। यो कुरालाई संविधानसभाको निर्वाचनपद्धति र त्यसद्वारा गठन हुने संविधानसभाको स्वरूपले तय गर्नेछ। अहिले क्षेत्रीय र जातीय स्वशासन, आत्मनिर्णयका अधिकारजस्ता आवाज उठेका छन् त्यसलाई भावी संविधानमा भाषिक, सांस्कृतिक अधिकार, समानुपातिक समावेशी राज्य संयन्त्रका कुराहरू, लोकतन्त्रको अभ्यासजस्ता विषयलाई कसरी सम्बोधन गरिन्छ त्यसले तय गर्नेछ। संविधानसभामा सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म, लिंगको समानुपातिक प्रतिनिधित्व भएन भने ती समस्याहरूको समाधान हुने सम्भावना कम छ। यही कुरामा जोड दिएर हेर्ने हो भने जातजातिका व्यक्तिहरू संविधानसभामा पुगेर मात्र हुँदैन, उसको भावना सम्बन्धित जातजातिको भावनासँग मेल खाएको छ कि छैन त्यो पनि हेर्नुपर्ने हुन्छ। विगतको अनुभवले के देखाउँछ भने विभिन्न राजनैतिक दलमा जातजातिको प्रतिनिधित्व गर्ने व्यक्तिहरू सम्बन्धित जातजातिको कुनै पनि समस्या समाधान गर्नेतर्फ कहिल्यै पनि सक्रिय हुन सकेनन्। उनीहरू जहिले पनि सम्बन्धित राजनैतिक दलको नेतृत्वको खटनपटनमा सीमित रहे। तसर्थ संविधानसभाको सन्दर्भमा अनुहार र टाउको हेर्नुभन्दा सम्बन्धित वर्गको भावना त्यहाँ पुगेको छ कि छैन त्यो महत्त्वपूर्ण हुनेछ। त्यसका लागि संविधानसभाको निर्वाचन प्रणाली यस्तो किसिमको हुनुपर्छ जसअन्तर्गत सम्पूर्ण नेपाली जनताको भावनाले त्यहाँ प्रतिनिधित्व पाउन सकोस्।

**० संविधानसभाका लागि तराईको मुख्य माग के हो ?**

- संविधानसभाका लागि मधेसमा उठेको आवाजलाई तराईको मुख्य माग नभनौँ। किनभने तराई शब्दले नेपालको एउटा भौगोलिक क्षेत्रलाई जनाउँछ जहाँ कालान्तरमा पहाडबाट बसाइँ सरेर आएका मानिसहरू पनि बसोबास गर्छन्। विगतमा मधेसमा बसोबास गर्ने नागरिकहरूलाई नेपालको काठमाडौँ केन्द्रित सत्ताले नै मधेसी भन्ने पहिचान दिएको हो। कतिसम्म भने राणाशासनकालमा पहाडका लागि छुट्टै र मधेसका लागि छुट्टै कानुनसम्मेत बनाइन्थ्यो तसर्थ अहिलेको मधेसको समस्यालाई तराईको समस्या भनिनु मधेसीहरूमाथि थप अन्याय हुन्छ। अहिले संविधानसभाको सन्दर्भमा उठेको प्रश्न भनेकै मधेसीहरूको वास्तविक हक र अधिकार हो। मधेसी भन्नाले युगौँयुगदेखि मधेसमै विकसित भएको भाषा, संस्कृति र सामाजिक मान्यताहरूबाट निर्देशित हुने एउटा खास वर्ग वा समुदायलाई बुझ्नुपर्छ। संविधानसभाका लागि मधेसको मुख्य एजेन्डा भनेको संविधानसभामा मधेसको न्यायोचित प्रतिनिधित्व कसरी गराउन सकिन्छ भन्ने नै हो। विगतमा जनसंख्या धेरै भए पनि जनसंख्याको अनुपातमा मधेसको प्रतिनिधित्व कम गरिँदै आएको थियो। अहिले मधेसले संविधानसभामा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व कसरी गराउन सकिन्छ भन्ने कुरामा आफ्नो आन्दोलनलाई केन्द्रित गरेको छ। अहिले मधेसले संविधानसभामार्फत् संघीय राज्यको स्थापना गरी आत्मनिर्णयको अधिकारसहितको स्वशासन खोजेको छ। यसका साथै राज्यका हरेक अंगहरूमा जनसंख्याको आधारमा सहभागी हुन पाउने अधिकारको ग्यारेन्टी खोजेको छ। मधेसले संघीय शासनअन्तर्गत समग्र मधेस एक मधेसका रूपमा नेपाल राष्ट्रभित्र एउटा छुट्टै प्रान्त स्थापना गर्न खोजेको छ।

**० तपाईंले भनेजस्तो मधेसको समस्यालाई सम्बोधन गर्न संविधानसभा समर्थ हुन्छ कि हुँदैन ?**

- यो कुरा संविधानसभाले कस्तो संविधान बनाउँछ त्यसमा निर्भर गर्ने कुरा हो। मधेसको माग र समस्याहरूलाई अंगीकार गरेर तदनुरूप गणतान्त्रिक संविधान बन्यो भने त्यसले मधेसको समस्यालाई समाधान गर्छ तर संविधानसभामा बेइमानी भयो, मधेसका यावत् समस्याहरू समाधान गरिएन भने यो संविधानसभाले पनि मधेसलाई सम्बोधन गर्न सक्नेछैन। अहिलेको सन्दर्भमा संविधानसभाको निर्वाचन हुनु, गठन हुनु, संविधान बन्नु मात्र मधेसको समस्याको समाधान होइन। संविधानसभा समस्याको चुरोसम्म पुग्ने माध्यम मात्र हो।

## मेरो विचार

### आ-आफ्नो दायित्व पूरा गरौं

'संविधान सभा' दुई शब्द मिलेर बनेको छ। एउटा संविधान र अर्को सभा। संविधानको अर्थ देशको मूल कानुन र सभाको अर्थ छलफल भन्ने बुझिन्छ। संविधान सभा भनेको एउटा ठूलो कोठामा बसेर कस्तो संविधान बनाउने भनेर गरिने छलफल हो।

यसले राज्य चलाउने नीति-नियम तथा कानुनका बारेमा जानकारी गराउँछ। कार्यान्वयन कस्तो प्रकारले गर्ने, कसरी गर्दा हुन्छ भन्ने कुरामा सहयोग गर्छ। अहिले लोकतन्त्र आयो भन्छन् तर अझै पनि लोकतन्त्र के हो ? जनताले राम्रोसँग बुझ्न पाएका छैनन्। संविधानसभाका विषयमा पनि जनाताले बुझेका छैनन्। त्यसकारण सबैलाई बुझाउने गरी सरकारले विशेष कार्यक्रम ल्याउनुपर्छ। जस्तो कि सञ्चार माध्यमहरूमा संविधान सभाबारे चेतना जगाउने, जनसहभागिता बढाउने कार्यक्रम ल्याउने, ठाउँ-ठाउँमा संविधानसभाका बारेमा छलफल र गोष्ठीहरू गर्ने।

आगामी जेठमा संविधानसभा हुने हल्ला चलिरहेको छ। यो संविधानसभा मिश्रित निर्वाचन प्रणालीबाट गरिने भनिएकोमा विभिन्न जाति तथा वर्ग त्यसको विरोधमा छन्। त्यसकारण अब हुने संविधान सभाको निर्वाचन जनताको चित्त बुझ्ने, सबै वर्गको प्रतिनिधित्व हुने अर्थात् समानुपातिक निर्वाचन प्रणालीअनुसार हुनुपर्छ।

संविधानसभाका सदस्य छनौटमा जनताले निष्क्रियता देखाए भने असक्षम व्यक्ति पनि चुनिन सक्छन्, त्यसकारण जनता सचेत हुनुपर्छ। यसका लागि सरकार तथा बुद्धिजिवीहरूले गाउँगाउँमा जनतालाई जागरूक गराउन थाल्नुपर्छ। सबैले आ-आफ्नो दायित्व पूरा गरे मात्र संविधान सभाको निर्वाचन सफल हुन्छ।

**–निका मोक्तान, धरान**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**जिज्ञासा : संविधानसभाको निर्वाचनका लागि अहिले उठेका समानुपातिक वा प्रत्यक्ष निर्वाचन प्रणाली भनेका कस्ता निर्वाचन प्रणाली हुन् ? कुन निर्वाचन प्रणालीले वास्तविक रूपमा सम्पूर्ण जनताको मतलाई संविधानसभासम्म पुऱ्याउन सक्छ ?**

**– अनिल भट्ट, दोलखा**

**समाधान** : संविधानसभाको निर्वाचनका लागि हामीकहाँ मिश्रित प्रणालीबाट जाने निर्णय भएको छ। उक्त मिश्रित प्रणालीअन्तर्गत २ सय ५ जनाको प्रत्यक्ष निर्वाचन प्रणालीबाट तथा २ सय ४ जनाको समानुपातिक निर्वाचन प्रणालीबाट छनौट हुने भनिएको छ। प्रत्यक्ष निर्वाचनमा हरेक निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ। समानुपातिक निर्वाचनमा हरेक दलले राष्ट्रव्यापी मतदानमा जति प्रतिशत मत प्राप्त गरेको छ त्यति प्रतिशतमा २ सय ४ मध्ये आफ्ना सदस्यहरू पठाउँछन्। नेपालको सन्दर्भमा यो मिश्रित प्रणाली उपयुक्त मानिएको छ र यो प्रणाली जर्मनीको निर्वाचन प्रणालीसँग मेल खान्छ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

## संविधानसभा व्यक्ति र अभिव्यक्ति

पहिले संविधानसभाको कुरा गर्दा हामीलाई आतङ्ककारीको बिल्ला भिराउनेहरूबीच अहिले संविधानसभा सबैभन्दा लोकप्रिय नारा बनेको छ। राजाको पछिल्लो वक्तव्यलाई सूक्ष्म रूपले हेर्दा अब संविधानसभा राजा र उसका मतियारको खेल्ने ठाउँ हुनसक्ने अनुमान गर्न कठिन छैन। त्यसैले अब माओवादीका लागि संविधानसभा पुरानो विषय हुनथाल्यो। अब संविधानसभाअघि नै गणतन्त्र घोषणा गर्न माओवादीले पहल गर्नैपर्छ।

**प्रचण्ड, अध्यक्ष, नेकपा माओवादी (वीरगन्जको आमसभालाई सम्बोधन गर्दै )**

जुन किसिमका आन्दोलनहरू अगाडि बढिरहेका छन्, त्यसले संविधानसभा बेलैमा नहुने हो कि भन्ने चिन्ता बढ्न थालेको छ। यदि बेलैमा निर्वाचन हुन सकेन भने त्यो नेपालका लागि ठूलो दुर्भाग्यपूर्ण घटना हुनेछ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री (साप्ताहिक विमर्शसँग कुराकानी गर्दै)**

आठ राजनैतिक दलको मनमा बेइमानी छ। उनीहरूले संविधानसभाको निर्वाचनमा साना दलको अस्तित्व नामेट पार्न १० हजार व्यक्तिको हस्ताक्षरपछि मात्र दल खोल्न पाउने व्यवस्था गरेका छन्। यसो गर्दा संविधानसभामार्फत समावेशी राज्यको निर्माण कल्पना मात्र हुन जान्छ।

**डा. वीरेन्द्रप्रसाद मिश्र, पूर्वनिर्वाचन आयुक्त (देशान्तर साप्ताहिकसँग)**

अब संविधानसभा निर्वाचन ओझेलमा पर्न थालेको छ। संविधानसभा निर्वाचन मधेसको आन्दोलनका कारण सर्ने सम्भावना देखिएको हो। त्यसो हो भने हामी पहिले व्यवस्थापिका संसद्बाट गणतन्त्र घोषणाको प्रस्ताव गर्छौं। व्यवस्थापिका संसद्बाट गणतन्त्र घोषणा हुन सकेन भने वैशाखमा सडकबाट गणतन्त्र घोषणा गर्छौं। त्यसपछि मधेसको समस्या पनि समाधान हुन्छ, संविधानसभा निर्वाचन पनि सजिलै हुन्छ।

**सीपी गजुरेल, माओवादी नेता (रिपोर्टर्स क्लबको साक्षात्कार कार्यक्रममा)**

जेठमै संविधानसभाको निर्वाचन गराउने हो भने अविलम्ब पूर्वाधारहरू निर्माण गर्नुपर्छ। अहिले आन्दोलनरत पक्षले उठाएका मुद्दाहरूलाई संविधानसभा निर्वाचनअगाडि नै टुङ्गो नलगाउने हो भने यस्तो आन्दोलनले अराजकता, अशान्ति मचाउने प्रस्ट छ। यो निर्वाचनद्वारा क्रान्ति गर्ने हो कि क्रान्तिलाई संस्थागत गर्ने हो, त्यसमा सबै राजनैतिक दल स्पष्ट हुनुपर्छ। यो स्पष्ट नहुन्जेलसम्म संविधानसभाको निर्वाचन हुन सक्दैन। यदि भैहाल्यो भने पनि त्यसले ठोस कार्य गर्न सक्दैन।

**नीलाम्बर आचार्य, वरिष्ठ राजनीतिज्ञ,**

ल एन्ड अर्डर भनेको सबैभन्दा ठूलो कुरा हो। त्यसो भएन भने जनतामा डर-त्रासको वातावरण रहिरहन्छ। डर एवं त्रासका बीचमा कसरी हुन्छ संविधानसभाको निर्वाचन ? संविधानसभाको निर्वाचन गर्छु भन्ने सरकारले ल एन्ड अर्डर ठाउँमा छ कि छैन भनेर विचार गर्नुपर्छ।

**चक्रप्रसाद बाँस्तोला, नेता, नेपाली काङ्ग्रेस (जनआस्था साप्ताहिकसँग)**

# परिवर्तित पाठ्यक्रममा अनिवार्य विज्ञान


अचला थापा

सरकारले २०६३ सालको एसएलसी परीक्षादेखि कक्षा १० को पाठयक्रममा आधारित प्रश्न सोध्ने निर्णय कात्तिक १४ गते सार्वजनिक गरेको थियो। त्यसै अनुरूप विज्ञान विषयको प्रश्न योजनामा पनि परिमार्जन गरिएको छ। सरकारद्वारा एसएलसी सहयोग सामग्रीअन्तर्गत रेडियो नाटक, टेलिभिजनमार्फत सहयोग कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ।

विगतका वर्षहरूको अनुभवलाई हेर्दा अनिवार्य विज्ञानलाई विद्यार्थीले गाह्रा तीन विषय (गणित, अंग्रेजी र विज्ञान) मध्ये एक मान्छन्। त्यसैले अधिकांश विद्यार्थी बर्सेनि यो विषयमा असफल हुनुका साथै न्यूनतम अंक मात्र ल्याउन सक्छन्। कक्षामा नियमित अध्ययन गर्ने हो भने अनिवार्य विज्ञान उत्तीर्ण हुन गाह्रो छैन। समयमा कोर्स नसकेको तथा पठनपाठन पनि राम्रो नभएको अवस्थामा विद्यार्थीले परीक्षाको समयमा हतारमा पढेको पाठ राम्रोसँग बुझ्न सक्दैनन्।

यसबाहेक विज्ञान प्रयोगात्मक विषय भए पनि कार्यान्वयनमा लागू नगरिनु, ग्रेडको अनुसरण गर्दै अध्ययन-अध्यापन नगर्नु-नगराइनु नै असफलताको मुख्य कारण हुन सक्छन्। यस वर्षको सन्दर्भमा समयमा ग्रेड उपलब्ध नभई कडाइका साथ कक्षा दसको पाठक्रममा ध्यान केन्द्रित गर्न नसक्नु असफलताको कारण हुन सक्छ। विद्यार्थीले विज्ञानमा राम्रो अंक हासिल गर्न पाठयक्रममा आधारित प्रश्नपत्र अभ्यास गर्नुपर्छ।

अनिवार्य विज्ञानमा ७५ पूर्णांकको सैद्धान्तिक तथा २५ पूर्णांक प्रयोगात्मक परीक्षा हुन्छ। एसएलसीको नियमित परीक्षा तालिकाअनुसार सैद्धान्तिक परीक्षा हुन्छ। यो परीक्षामा प्रश्नपत्र समाधानका लागि विद्यार्थीले २ घन्टा १५ मिनेट समय पाएका हुन्छन्। सैद्धान्तिक परीक्षामा जम्मा १० वटा प्रश्न आउनेछन्। विद्यार्थीले सबै प्रश्नको उत्तर लेख्नुपर्ने हुन्छ। प्रत्येक प्रश्न ७ दशमलव ५ अंकको हुन्छ। प्रत्येक प्रश्नमा २ वटा उपप्रश्न हुन्छन्। उपप्रश्नहरू ३ देखि ४ दशमलव ५ अंकसम्मका हुन्छन्। ती प्रश्न ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण तथा मूल्यांकन आदि विभिन्न तहका हुन सक्छन्। प्रयोगात्मक परीक्षा भने विद्यालयअन्तर्गत सम्बन्धित शिक्षकको निगरानीमा हुन्छ। जसमा प्रायः विद्यार्थी सफल हुने गरेका छन्। विज्ञानको सैद्धान्तिक परीक्षामा ज्ञानलाई २० प्रतिशत, बोधलाई ३० प्रतिशत तथा उच्च दक्षतालाई ५० प्रतिशतमा विभाजन गरी प्रश्नपत्र तयार गरिएको छ। प्रश्न संख्या १० भए पनि विभिन्न इकाइ समेट्ने गरी २ वटा उपप्रश्न आउने प्रश्नभित्र पर्छन्। उपप्रश्नभित्र पनि विभिन्न इकाइ समेट्ने गरी थप प्रश्न आउने समेत गरेर विद्यार्थीले लगभग २५ देखि ३५ वटा प्रश्नसम्मको उत्तर लेख्नुपर्ने हुन्छ।

भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, र अन्तरिक्ष तथा भू-विज्ञान गरी अनिवार्य विज्ञानको प्रश्नपत्र चार खण्डमा आउँछ। विद्यार्थीले प्रश्नपत्र अनुसार समाधान गर्दा क्रमशः थप प्रश्नहरूको उत्तर लेख्दै गए प्रश्न छुट्ने सम्भावना रहँदैन। किनकि यो वर्षको प्रश्नपत्रमा उपप्रश्नलाई सांकेतिक रूपमा थप विभाजन नगरी त्यसै थप प्रश्न गरिएको हुन्छ। आफूलाई नआएको प्रश्नको स्थानमा खाली ठाउँ छाडेर अर्को प्रश्नको उत्तर लेख्न सकिन्छ, साथै प्रत्येक उपप्रश्नको उत्तर लेख्दा एक लाइन छोडेर लेखे उत्तरपुस्तिका निरीक्षकलाई सजिलो हुनुका साथै लेखाइ पनि आकर्षक देखिन्छ। सबैभन्दा बढी प्रश्न भौतिक विज्ञानबाट आउने भएकाले राम्रो अंक हासिल गर्न यसको अध्ययन राम्रोसँग गर्नु आवश्यक छ। उत्तर सम्भव भएसम्म वैज्ञानिक सूत्र प्रयोग गरेर लेख्नुपर्छ।

- सबै प्रश्न अनिवार्य भएकाले विद्यार्थीले सम्पूर्ण इकाइको तयारी गर्नुपर्छ।
- कुनै पनि इकाइको तयारी गर्दा विद्यार्थीले निम्न कुरामा ध्यान दिनु आवश्यक हुन्छ।

क) परिभाषा दिने शब्दलाई छुट्टै नोट गरेर याद गर्नुपर्छ।
ख) भौतिक विज्ञानका सूत्रहरूलाई नोट गरेर स्मरण गर्ने तथा सूत्र प्रमाणित गर्ने सबै सम्बन्धित समस्या हल गर्नुपर्छ।
ग) भौतिक विज्ञानमा समष्टि मुख्य चार प्रश्नमा चारवटैबाट गणितीय समस्या आउन सक्छ।
घ) गणितीय समस्या हल गर्दा कुन इकाइबाट दिइएको छ त्यसलाई एसआई युनिटमा लग्नुपर्छ। त्यस्तै धारा विद्युत्मा मिटरमा चढेको युनिटमा निकाल्दा सामर्थ्य (पावर) लाई पध मा तथा समयलाई घन्टामा परिवर्तन गर्न बिर्सनुहुँदैन।
ङ) कारण देखाउने तथा भिन्नता छुट्याउने प्रश्न बनाउने र उत्तर लेख्ने अभ्यास गर्नुपर्छ।

- रसायन विज्ञानमा धेरै समस्या आउँछ। विद्यार्थीहरूले सबैभन्दा बढी समय यो खण्डलाई दिए पनि गाह्रो अनुभव गरिरहेका हुन्छन्। यसलाई सजिलो गरी बुझ्न निम्न उपाय अवलम्बन गर्नुपर्छ :

क) रसायन विज्ञानको घोल्यमात्राको हिसाब गर्दा घुलित पदार्थको मात्रा तथा घोलकको मात्रा ग्राममा बदल्नुपर्छ।
ख) पेरियोडिक तालिकाको हाइड्रोजनदेखि क्याल्सियमसम्मका तत्त्वको संकेत, संयुक्तता, पारमाणिक संख्या, पारमाणिक भार आदि स्मरण गर्नुपर्छ।
ग) थप तत्त्वहरू जस्तै– तामा, ब्रोमिन, फलाम, लिड, पारो, चाँदीको संयुक्तता स्मरण गर्नुपर्छ।
घ) अणुसूत्रहरू लेखेर अभ्यास गर्नुपर्छ।
ङ) धातु पाठको तयारी गर्दा एल्मुनियम, फलाम, सुन आदिको पारमाणिक अंक, पारमाणिक भार, संयुक्तता electronic configuration भौतिक गुण, रासायनिक गुण तथा तिनको उपयोगिता शीर्षक राखी एउटै पानामा लेखेर तुलनात्मक अध्ययन गरी तयारी गर्नुपर्छ।
च) दैनिक जीवनमा प्रयोग हुने औद्योगिक रसायनिक वस्तुहरू जस्तै– एमोनिया, नाइट्रेट, डिडिटी सोडियम, सिलिकेट, पोलिथिन आदि अध्ययन गर्नुपर्दा ठूलो कापीको पानामा नाम, बनावट, गुण तथा प्रयोग जस्ता शीर्षक राखी एउटै ढाँचामा लेखेर अध्ययन गर्नुपर्छ।
छ) हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फलोरिन, क्लोरिन, ब्रोमिन तथा आयोडिनहरूलाई रसायनिक प्रतिक्रिया लेख्दा डायएटोमिक मोलिक्युल $H_2$, $N_2$, “2, C12, $Br_2$, $I_2$,$O_2$ का रूपमा लेख्न बिर्सनुहुँदैन।
ज) विद्यार्थीले अन्तरिक्ष तथा भू-विज्ञानको तयारीमा ध्यान दिनुपर्छ। किनकि यसका पाठहरूले उत्तीर्णांक ल्याउन पनि महत्त्वपूर्ण भूमिका खेल्छन्।

- जीव विज्ञानमा कोर्स विभाजन राम्रोसँग अध्ययन गर्नुका साथै चित्रहरू अभ्यास गर्नु र विभिन्न चरणहरू चिनी ती अवस्थाका परिवर्तनहरू राम्रोसँग थाहा पाउनु आवश्यक हुन्छ।

**परीक्षामा ध्यान दिनुपर्ने कुराहरू :**

- प्रश्न नेपाली र अंग्रेजी दुवैमा आउँछन्। समयले भ्याएसम्म दुवैलाई हेर्दा प्रश्न प्रस्ट हुन्छ।
- एउटा मूल प्रश्नको दुवै उपप्रश्न सकेपछि पेन्सिलले मसिनो दुई लाइन कोर्ने, जसले टोटलिङमा सजिलो पार्छ।
- उपप्रश्नभित्र थप प्रश्न छन् भने एक लाइन छाडेर मात्र अर्को उत्तर लेख्ने। प्रश्न प्रयोग गरिएका action verb जस्तै– फरक छुट्याऊ, नाम देऊ, बयान गर आदिमा ध्यान दिनुपर्छ। यसले अझ स्पष्ट पार्छ।
- थोरै परमाणुको गोलाइको संरचना गर्नुपर्ने प्रश्न आउँदा, कम्पासले बनाउँदा धेरै समय लाग्ने भएकाले ३ सय ६० डिग्री चाँद वा अन्य कुनै गोलाकार वस्तुको प्रयोग गरी बनाउँदा छिटो हुन्छ।
- action verb र अङ्कभारलाई मनन गरेर उत्तरको लम्बाइ तय गर्नुपर्छ।
- कारण देखाउने बाहेक अन्य प्रश्नलाई बुँदागत रूपमा लेख्दा छिटो हुन्छ।

**शिक्षकले ध्यान दिनुपर्ने कुराहरू**

- पाठक्रमसँग सम्बन्धित रही कक्षाको पाठसँग परिचित हुनुपर्छ।
- विद्यार्थीको करिकुलमले कति मागेको हो। विशिष्ट उद्देश्यको विस्तृतीकरण हेरेर विभिन्न किसिमका शिक्षण सिकाइ क्रियाकलाप हेरी पाठचवस्तु अध्ययन गराउनुपर्छ।
- सानोतिनो तथा देखाउन सकिने शैक्षिक सामग्रीहरू तुरुन्तै देखाउने र घरमा प्रयोगात्मक परीक्षण गर्न अभिप्रेरित गर्ने।

*(थापा ज्ञानोदय उच्च मावि, सानेपामा शिक्षिका हुनुहुन्छ।)*



| क्र.सं. | पाठ | प्रश्न संख्या | पूर्णांक |
|---|---|---|---|
| १. | बल | २ उपप्रश्न | ७ दशमलव ५ |
| २. | चाप | २ उपप्रश्न | ७ दशमलव ५ |
| ३. | ताप+ऊर्जा | २ उपप्रश्न | ७ दशमलव ५ |
| ४. | धारा विद्युत् र चुम्बकत्व | २ उपप्रश्न | ७ दशमलव ५ |
| ५. | तत्त्वहरूको वर्गीकरण+रासायनिक प्रतिक्रिया+धातु | २ उपप्रश्न | ७ दशमलव ५ |
| ६. | घोल्यमात्रा+दैनिक जीवनमा प्रयोग हुने वस्तुहरू | २ उपप्रश्न | ७ दशमलव ५ |
| ७. | बिरुवा र जनावरको वर्गीकरण + भाइरस | २ उपप्रश्न | ७ दशमलव ५ |
| ८. | कोष विभाजन+अमैथुनिक र मैथुनिक प्रजनन | २ उपप्रश्न | ७ दशमलव ५ |
| ९. | अनुकुलता+वंशज र विकास | २ उपप्रश्न | ७ दशमलव ५ |
| १० | पृथ्वीको इतिहास+वायुमण्डल+ब्रह्माण्ड | २ उपप्रश्न | ७ दशमलव ५ |

**नोट : एउटै प्रश्नमा दुई वा तीन इकाइहरू भएका प्रश्नमा दुई उपप्रश्नमध्ये एउटाको ३ भएमा अर्काको ४ दशमलव ५ हुनेछ भने यस्तै प्रकारले ३ दशमलव ५+४ वा ४+३ दशमलव ५ हुनेछ। एउटा प्रश्नमा तीनवटा एकाइ परे जुनसुकै दुई इकाइ पनि थप उपप्रश्नमा गाँसिन सक्छन्।**

# अन्तर्वार्ता : आवश्यक सुझाव

अन्तर्वार्ताले जीवन बनाउने-बिगार्ने भूमिका खेल्छ। लामो प्रतीक्षापछि आउने यो घडीलाई उपयोग गर्न सकिएन भने पश्चाताप गरेर केही फाइदा हुँदैन। अन्तर्वार्ता प्रारम्भ भएपछिको एक मिनेटभित्र आफ्नो प्रभाव छोडिसक्ने कला विकसित गर्नुपर्छ, त्यसपछिको समय विस्तारीकरण मात्र हो, जानकारीमूलक होइन। सूचनाको अर्थमा महत्त्वपूर्ण भए पनि व्यक्तित्वको अर्थमा त्यो त्यति महत्त्वपूर्ण हुँदैन।

- अन्तर्वार्ता सुरु हुनु १५ मिनेटअघि सम्बन्धित ठाउँमा पुगेर नशाहरूलाई आराम दिनुपर्छ। यो समयमा त्यहाँ उपस्थित पुराना कर्मचारीहरूसँग गफगाफ गर्न सकिन्छ। यसले गर्दा आत्मविश्वास र समायोजन हुन्छ।
- अन्तर्वार्ताकारहरूको कोठामा प्रवेश गर्नु डरको अवस्था हो र महत्त्वपूर्ण पनि। नमस्ते गरेपछि उनीहरूको आँखामा हेर्नुहोस् र मुस्कुराउनुहोस्। धेरैले भनेका छन्- अन्तर्वार्ता लिनेको चालचलन अनुकरण गर्नुपर्छ, तर शरीरको भाषालाई राम्ररी प्रयोग गर्नु ठीक हुन्छ। यदि ऊ कुर्सी पछाडि झुकेको छ भने तपाईं टाउको अलि अलि बंग्याइदिनुहोस्। यदि उनीहरू चिउँडोमा हात राख्छन् भने तपाईं आफ्नो औंलासम्म राख्न सक्नुहुन्छ।
- अन्तर्वार्ता भनेको आफ्नो व्यक्तित्वको नमुना प्रदर्शन गर्ने अवसर हो अर्थात् यो उत्तम अभिनयको स्थिति हो। के बोल्ने हो तयारी हुनुपर्छ। शब्द-शब्दमा होस गर्नुपर्छ। यसोभन्दा राम्रो हुन्छ कि त्यसोभन्दा राम्रो हुन्छ भनेर रिहर्सल गरिएको हुनुपर्छ। यसका लागि उत्तर प्रस्ट र छोटो हुनु अनिवार्य छ। आफ्ना बुँदाहरू मजबुत बनाउन विशेष क्रियापदहरूको छनौट गर्नुपर्छ। अंग्रेजीमा अन्तर्वार्ता हुँदैछ भने told, reassured र trained जस्ता शब्दहरू प्रयोग गर्दा प्रभावकारी हुन्छ भन्ने कथन डेभिजको छ।
- अन्तर्वार्ता दिन कोठामा पस्ने बेला श्वास-प्रश्वासलाई सामान्य अवस्थामा ल्याउनुहोस्। आरामदायक शान्ति प्रदर्शन गर्न कफीको प्रयोगमा नियन्त्रण आवश्यक छ।
- तटस्थ भएर कुरा गर्नुहोस्। व्यक्तिगत कुरा नगर्नुहोस्। उनीहरू नहाँसेसम्म आफू पनि नहाँस्नुहोस् र रमाइला कुराहरू पनि नगर्नुहोस्। नभुल्नुहोस् अन्तर्वार्तामा तपाईंले बोलेका हरेक शब्द र व्यवहारको मूल्यांकन भैरहेको हुन्छ। आफ्ना सम्बन्धमा कुरा गर्नुपरे एउटा नभनी 'म' नै भन्नुहोस् र समूह चाहिए 'हामी' भन्नुहोस्।

# परीक्षा हलको वातावरण कस्तो हुनुपर्छ ?


विश्वमणि अधिकारी

यस वर्षको एसएलसी परीक्षा सुरु हुने समय-तालिका सार्वजनिक भएकाले सबैको ध्यान एसएलसी परीक्षामा केन्द्रित छ। शिक्षक-विद्यार्थीहरू दस कक्षाबाट मात्र प्रश्न सोधिने नयाँ अवसरको उपयोग गर्दै दिनरात नभनी परीक्षाको तयारीमा जुटिरहेका छन्। उत्कृष्ट परिणाम ल्याउन भएका यी सबै प्रयास स्तुत्य छन्, तर दृष्टि पर्न नसकेको अर्को एउटा महत्त्वपूर्ण पक्ष भनेको परीक्षा हलको वातावरण हो, किनकि शिक्षकले पढाएका छन्, विद्यार्थीले पनि तयारी गरेका छन्, तर परीक्षा हलको वातावरण अनुकूल छैन भने परिणाम सोचेजस्तो आउन सक्दैन।

भर्खरै टेस्ट परीक्षा सकेकी एक छात्रा भन्दै थिइन्– परीक्षा गार्डहरूले हलभित्र अनावश्यक गफ गरिदिँदा प्रश्नमा एकत्रित हुन नसकेकाले जानेका कुरा पूर्ण रूपमा लेख्न सकिएन। अर्का छात्रको गुनासो थियो– परीक्षा हलभित्र मोबाइल बजाएर आतंकै मच्चाए गार्डहरूले। भनेको बेलामा थप कापी नदिने, भोलि फेल हुने होला, अहिलेचाहिं ढर्रा देखाउन कापी थप्छ जस्ता छुद्र वचनसमेत केही शिक्षकबाट यदाकदा नसुनिएका होइनन्। यसैगरी केही परीक्षा गार्डले परीक्षार्थीहरूलाई दोस्रो दर्जाको नागरिकको जस्तो व्यवहार पनि गर्छन् भन्ने सुनिन्छ। सबै परीक्षार्थीलाई उनीहरूले हासिल गरेको ज्ञान, सीप, बोध तथा प्रयोग आदि देखाउने समान अवसर प्रदान गर्नु परीक्षा सञ्चालनको मुख्य उद्देश्य भएको कुरामा सायदै विमति होला। त्यसो हो भने छात्र-छात्राहरूलाई गुनासो गर्नुपर्ने बाध्यताबाट किन मुक्ति नदिने ? सोच्नुपर्ने बेला भएको छ। जाँच लिने कक्षाको वातावरण, परीक्षा सञ्चालन गर्दा शिक्षकले पालन गर्नुपर्ने नियम अनि परीक्षा सञ्चालन गर्दा आइपर्ने समस्याको समाधानजस्ता कुरा परीक्षा सञ्चालनसँग सम्बन्धित अति महत्त्वपूर्ण कुरा हुन् र यसका बारेमा जिम्मेवार निकायबाट स्पष्ट दृष्टिकोण आउनुपर्छ।

वातावरणले व्यवहारमा ठूलो प्रभाव पार्छ। जाँच लिने कक्षाको वातावरण शारीरिक एवं मनोवैज्ञानिक दृष्टिकोणबाट स्वस्थ तथा प्रेरणास्पद हुन सक्छ, तसर्थ उपयुक्त वातावरण सृजना गर्न शिक्षकले केही महत्त्वपूर्ण कुरामा ध्यान दिनैपर्छ। जस्तो कि जाँच लिने कक्षामा र वरिपरि हल्ला हुनु हुँदैन। हरेक विद्यार्थीलाई लेख्न अथवा काम गरेर देखाउन पर्याप्त ठाउँ हुनुपर्छ। सकभर विद्यार्थीको सिट कुनै विद्यार्थीले लेखिरहेको अर्को विद्यार्थीको उत्तरपुस्तिका हेरेर अथवा प्रश्न सोधेर दखल दिन नपाउने व्यवस्था हुनुपर्छ। जाँच लिने कक्षामा स्वस्थ एवं सुविधाजनक वातावरण हुनुपर्छ। जाँच लिने कक्षाको फर्निचर, प्रकाश तथा हावाको व्यवस्था पर्याप्त हुनुपर्छ। छिटो-छिटो लेख, जाँचमा फेल भए नराम्रो होला, जाँच गाह्रो छ, राम्रो गर नत्र असफल हुन्छौ जस्ता हतोत्साहित गर्ने खालका वाक्य प्रयोग गर्नुहुँदैन। यसले विद्यार्थीहरूको मनस्थिति मात्र बिग्रन्छ। उसै त परीक्षाको डरले शारीरिक तथा मानसिक समस्या भोगिरहेका विद्यार्थीहरू यस्ता व्यवहारबाट झन् आत्तिन पुग्छन्। अभिभावक तथा शिक्षकहरूबाट विद्यार्थीले जीवनका बाँकी थुप्रै परीक्षा सामना गर्नुपर्छ भन्ने आत्मविश्वास जगाउन सके उनीहरूमा परीक्षाको तनाव रहँदैन।

सबै विद्यार्थीलाई प्रोत्साहित गर्न एवं परीक्षा हलको वातावरण अनुकूल बनाउन जाँचको समयभरि परीक्षा कोठामा शिक्षक उपस्थित हुनुपर्छ। शिक्षकको उपस्थितिका कारण विद्यार्थीहरूले आपसमा कुरा गर्ने, अबैध रूपमा किताब वा कापीबाट सार्नेजस्ता नराम्रा काम निकै कम हुन्छ। अबैध रूपमा कापी, किताब वा अर्काको उत्तर पुस्तिकाबाट सार्ने प्रवृत्तिलाई रोक्न सिट प्लान टाढा-टाढा रहने गरी बनाउने, एउटा बेन्चमा एक जना विद्यार्थी मात्र राख्ने तथा एउटै कठिनाइ स्तरका दुई वा दुईभन्दा बढी प्रश्नपत्रका सेट प्रयोग गर्न सकिन्छ। यसो हुन सके परीक्षा सञ्चालनको मुख्य उद्देश्य त पूरा हुन्छ नै, साथसाथै विद्यार्थीहरूले पनि बिना कुनै रोकावट आफ्नो क्षमता प्रदर्शन गरेर सुन्दर भविष्यको जग बसाउन सक्छन्।

*(अधिकारी, ड्योफेडिल पब्लिक स्कुल, बत्तीसपुतली, काठमाडौंका शिक्षक हुन्।)*

-काठमाडौंस्थित एक हेल्थ केयर प्राइभेट लिमिटेडलाई दुई जना बिजनेस डेभलपमेन्ट अफिसरको आवश्यकता छ। बायो साइन्स लिएर स्नातक तह उत्तीर्ण व्यक्तिले फोन नं. ४२४३०६४ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक कम्पनीका लागि ९ जना पुरुष, १७ जना महिला तथा ५/५ जना एसएलसी उत्तीर्ण कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नं. ४४७०६७६ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक रेष्टुराँका लागि वेटर तथा वेट्रेसको आवश्यकता छ। इच्छुक व्यक्तिले मोबाइल नम्बर ९८४१२४०५१२ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक कम्पनीका लागि प्लस टु उत्तीर्ण एक जना एकाउन्टेन्ट, प्लस टु रनिङ एक जना अफिस असिस्टेन्स, प्लस टु रनिङ दुई जना रिसेप्सनिष्ट, प्लस टु रनिङ दुई जना लेडिज टिकेटिङ, टेस्ट पास तीन जना सेल्स गर्ल्स तथा एसएलसी पास एक जना स्टोरकिपरको आवश्यकता छ। योग्य व्यक्तिले फोन नम्बर २०५२५१६ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक कम्पनीका लागि ५ जना आल्मुनियम फ्रेब्रिकेटर्स, ३ जना स्टिल आर्गोन वेल्डर्स तथा ५ जना हेल्पर्सको आवश्यकता छ। योग्य व्यक्तिले फोन नम्बर ४४६०२९२ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित ए ग्रेडको कन्ट्रयाक्टर कम्पनीका लागि न्यूनतम पाँच वर्षको अनुभवप्राप्त इन्जिनियर, ओभरसियर तथा सुपरभाइजरको आवश्यकता छ। योग्य व्यक्तिले व्यक्तिगत विवरण सहित जिपिओ बक्स नम्बर ५७१० मा आवेदन दिनुहोला।

-काठमाडौंस्थित एक प्रकाशन गृहका लागि विज्ञापन संकलक तथा पत्रिका वितरकको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर ५५३४८१८ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक कम्पनीका लागि एक जना प्लम्बर प्रशिक्षक, एक जना होस्टेल कुक तथा एक जना हलुका सवारी चालकको आवश्यकता छ। न्यूनतम पाँच वर्षको अनुभवप्राप्त व्यक्तिले फोन नम्बर ४३७३६७५ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक कम्पनीका लागि नेपाली सेनाबाट अवकाशप्राप्त भूतपूर्व सैनिकहरूको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर ०१६२२४३१३ मा सम्पर्क राख्नुहोला।

# इज्जत धान्ने सुट



पृष्ठ १ बाट जारी

तर टेलरिङ व्यवसाय गरिरहेका व्यक्तिहरूका लागि चीनबाट आयात गरिएका तयारी सुट टाउको दुखाइ हुन थालेको छ। नेपाल कपडा तथा सिलाई व्यवसायी संघले उनीहरूको व्यवसायमा आएका यस्ता चुनौतीलाई समाधान गर्न नयाँ-नयाँ योजना बनाउन थालेको छ। यद्यपि टेलरिङमा लागेकाहरू चिनियाँ सुटले आफ्नो बजारलाई अप्ठ्यारो पारेको कुरा स्वीकार गर्दैनन्, 'सस्तो हुनेबित्तिकै हाम्रो व्यवसाय खस्कँदैन।' नेपाल कपडा तथा सिलाई व्यवसायी संघका पदाधिकारीहरू भन्छन्, 'सुटिङ-सटिङको सबैभन्दा राम्रो पक्ष के हो भने हामी व्यक्तिको रुचिअनुसारको सुट तयार गर्छौं, जुन रेडिमेडमा सम्भव छैन। आफ्नो शरीरको नापअनुसारको कपडा लगाउने कि हजारौंको संख्यामा बनेको एकै किसिमको कपडा लगाउने ? उपभोक्ताहरू आफ्नै शरीर सुहाउँदो कपडा लगाउन चाहन्छन्।' तर पिटर इङ्ल्यान्ड, जोन प्लेयर, रेमन्डजस्ता कम्पनीले पनि रेडिमेड सुट नै बेच्न थालेपछि भने सुटिङ-सटिङको सिलाइ ज्याला सस्तो पार्ने दबाब बढेको छ। गुणस्तरीय सुट पनि सस्तोमै पाइन थालेपछि अहिले मानिसहरू रेडिमेड सुट नै खोज्न थालेका छन्। विशेष गरी हतारमा रहेका उपभोक्ताहरू दुई-चार दिन पर्खेर सिलाउनुभन्दा रेडिमेड सुट नै किन्न थालेका हुन्। पिटर इङ्ल्यान्डका नेपालस्थित प्रतिनिधि विजय सर्राफ भन्छन्, 'रेडिमेड सुट किन्ने चलन बढेर गएको छ। किनकि काठमाडौंमा अहिले खोजेजस्तो ब्रान्डको सुट इच्छाएको दाममै पाइन थालेको छ।' तीन वर्षअघि जोनप्लेयरले नेपालमै कारखाना खोलेर रेडिमेड सुट तयार गर्न थालेपछि रेडिमेड सुट किन्ने चलन बढेको व्यवसायीहरूको अनुभव छ।

**दस जोर सुट**

केही वर्षअघिसम्म एक व्यक्तिसँग एक वा दुई जोरमात्र सुट हुन्थे। व्यापारीहरूका अनुसार रहनसहनमा आएको परिवर्तनका कारण अहिले उच्च मध्यमवर्गीय युवासँग कम्तीमा १० जोर सुट हुन्छ। अफिसियल, पार्टी, क्याजुअल, समर एवं विन्टरजस्ता विविध समयमा विविध किसिमका सुट लगाउने बाध्यता भएकाले एक व्यक्तिले अनेक सुट किन्न थालेका हुन्। अहिले केही निजी कम्पनीले आफ्ना कार्यालयका कर्मचारीहरूलाई सुट लगाउन उत्साहित गर्न थालेकाले पनि सुट किन्नेहरूको संख्यामा वृद्धि भएको छ। अफिस जाँदा सधैं एकै थरीको सुट लगाउन अप्ठ्यारो हुने भएकाले पनि थरी-थरीका सुट किन्ने गरिएको छ। बैंक, वित्तीय कम्पनी, फ्रन्ट अफिस वा मार्केटिङमा काम गर्ने युवाहरूका लागि सुट अनिवार्य गरिएका कारण पनि एक युवासँग कैयौं जोर सुट जम्मा हुन थालेको हो। सुटको बढ्दो चलनसँगै विवाहमा जन्तीका लागि पनि सुट अनिवार्य मान्न थालिएको छ। व्यक्तित्वलाई चम्काउने भएका कारण पनि विशेष अवसरमा नेपालीहरूले सुटलाई प्राथमिकता दिन थालेका हुन्। जन्तीले सुट लगाउन थालेकै कारण बेहुलाले दौरा-सुरुवाल वा सेरवानी लगाउने चलन बढेर गएको छ। काठमाडौं उपत्यकामा विवाह गर्ने युवाहरू सुटभन्दा दौरा-सुरुवाल वा सेरवानी लगाउन रुचाउनुको प्रमुख कारण सबैले सुट लगाउन थाल्नु र बेहुला अरूभन्दा भिन्न देखिनुपर्ने बाध्यता नै हो।

**चल्तीका सुट**

बजारमा सुटको मूल्य जतिसुकै कम वा बढी भए पनि नेपाली युवाहरूले ६ हजारदेखि ९ हजारसम्म पर्ने सुट किन्ने गरेको पाइन्छ। सबैभन्दा बढी सुट प्रयोग गर्ने कामकाजी युवाहरूले एक वा दुई जोर सुट रहरले सिलाउने गरेका छन्। धर्के तीन बटनयुक्त यस्ता सुट नै टेलरिङहरूको कमाइको आकर्षक माध्यम बनेका छन्। गर्मीमा पिटर इंग्ल्यान्डको लिनेन सुट, रेमन्डको समर सुट, जोन प्लेयरको रेडिमेड सुट बढी चल्तीमा छन्। यस्ता मौसमी सुट टेलरिङ गर्नुभन्दा रेडिमेड किन्न सस्तो भएकाले युवाहरूको आकर्षणमा देखिन्छ, तर जाडो वा महत्त्वपूर्ण अवसरमा प्रयोग हुने सुट भने सिलाउने चलन छ। नेपाल कपडा तथा सिलाई व्यवसायी संघका अनुसार नेपालमा सुटको वार्षिक कारोबार करिब २० करोडको हाराहारीमा छ। यसले नेपालमा सुटको बजार बढ्दो क्रममा भएको देखाउँछ।

## पालो ई-क्लोथिङको

**अरुणा भट्टराई**

कति राम्रो हुने थियो होला यदि हाम्रो पहिरनमै मोबाइल फोन भए अथवा शरीर दुःखे पहिरनले नै मिचिदिए कति आनन्द आउँथ्यो होला ? आजको दिनमा यो कुरा एउटा कल्पनामात्र लागे पनि आगामी दिनमा त्यस्ता पहिरन बन्नेछन् जुन शरीरमा लगाएर घर बाहिर निस्कनासाथ आफ्ना श्रीमान्-श्रीमती वा प्रेमी-प्रेमिका, आफन्तजन कहाँ छन् भन्ने कुरा तुरुन्तै थाहा पाइनेछ। भविष्यमा हामीले यस्तै अनौठो ई-क्लोथिङ अर्थात् इलेक्ट्रोनिक पहिरन लगाउन सक्नेछौं।

ई-क्लोथ संवेदनशील हुन्छ। अहिले हामीहरू जुन पहिरन लगाइरहेका छौं, त्यसले हाम्रो शरीरलाई घाम, पानी, जाडो तथा गर्मीबाट बचाउँछ, राम्रो र सुन्दर देखाउँछ तर कपडामा इलेक्ट्रोनिक्सको प्रयोगले परिधानको परिभाषा र यसको उपयोगिता अझ विस्तृत हुनेछ। केही कम्पनीहरूले अमेरिकी सेनाका लागि इलेक्ट्रिक टिसर्ट तयार गरिरहेका छन्। सैनिकलाई चोट लाग्नेबित्तिकै त्यो टिसर्ट तुरुन्तै सक्रिय हुन्छ। गर्मी महिनामा पुलोवर (हाइनेक) लगाउन नसके पनि ई-क्लोथ भएपछि कुनै समस्या हुँदैन।

यसले मौसमअनुरूप आफूलाई परिवर्तन गर्छ। जसरी सानो र ताररहित उपकरणहरूको चलन बढ्दै गएको छ, त्यसरी नै ई-क्लोथको चलन लोकप्रिय हुने दिन पनि धेरै टाढा छैन।

यो कपडामा अरू के-के सुविधा छन् ? भन्ने प्रश्नको उत्तरमा के भन्न सकिन्छ भने यो पहिरन लगाउने व्यक्तिले ब्रिफकेस, चस्मा, घडीजस्ता चीजहरू लिएर हिँड्ने आवश्यकता पर्दैन। किनभने धेरैजसो व्यक्तिगत उपयोगका सामान कपडामै जडान गरिएको हुन्छ। ई-क्लोथको सबैभन्दा ठूलो विशेषता यसको व्यापक प्रयोग नै हो। आज कसैलाई पनि तत्काल फेला पार्नमा मोबाइल फोनको ठूलो भूमिका छ, तर ई-क्लोथमा यस्तो फोन पनि उपलब्ध हुन्छ। यो पहिरन लगाएपछि फोन रिसिभ गर्ने हो कि संगीत सुन्ने, त्यो तपाईंको खुसी। यो पहिरन लगाउने व्यक्तिको सुरक्षामा पनि वैज्ञानिकहरूले विशेष ध्यान दिएका छन्। इलेक्ट्रोनिक्स कम्पनी फिलिप्स तथा गार्मेन्ट कम्पनी लिवाइजले मोबाइल फोन, एमपीथ्री प्लेयर तथा रिमोट जडान भएको एउटा ज्याकेट युरोपीय बजारहरूमा ल्याइसकेका छन्। यसको काँध नजिक इयरपिस लगाइएको छ। सिलाइसँगै वायरिङ गरिएको छ। चारवटा स्टाइलमा बनाइएको यो ज्याकेट निकै महँगो छ। स्टिफेन फिच नामक एक वैज्ञानिक लेदर ज्याकेटमा कम्प्युटर स्क्रिन बनाउन सफल भएका छन्।

अहिले यस्ता पहिरनको आविष्कारमा पावर सप्लाइको समस्या मात्र छ। बेलायतका एक वैज्ञानिक त्यस्तो जुत्ता बनाउन जुटेका छन् जसले शक्ति उत्सर्जन गर्छ। जसबाट कपडामा बिजुली प्रवाह हुन सकोस्। ती वैज्ञानिक ट्रेवर वायलिस नै हुन्, जसले आफ्नो आविष्कार वाइड अप रेडियोका लागि ख्याति आर्जित गरिसकेका छन्। अहिले उनी इलेक्ट्रोनिक जुत्ताहरू बनाइरहेका छन्। वायलिसले आफ्ना यी जुत्तामा पाइजो इलेक्ट्रिक मेटेरियल प्रयोग गरेका छन् जसको क्रिष्टलमा दबाब परेपछि विद्युत् उत्पन्न हुन्छ। जुत्ताको हिलमा डाइनामो स्पिन लगाएर बिजुली उत्पन्न गर्ने उनको योजना छ। यदि वायलिसको अनुसन्धान सफल भएर व्यावसायिक उत्पादनको भऱ्याङ चढे ई-क्लोथलाई चार्ज गर्नुपर्ने झन्झट पनि समाप्त हुन्छ। त्यसो त ई-क्लोथ अहिले नै सजिलैसँग प्राप्त गर्न सकिँदैन तर केही वर्षपछि नै यो यति लोकप्रिय हुनेछ जति मोबाइल फोन आजको दिनमा लोकप्रिय छ।

फोटोग्राफी गर्नेलाई
डिजिटल फोटोग्राफी सित्तैमा
विद्यार्थीको लागि ३३% छुटमा फोटो खिचिन्छ।
PHOTO पत्रकारिता
70% छुटमा
DIGITAL VIDEO EDITING
भिडियोग्राफी गर्नेलाई
डिजिटल भिडियो एडिटिङ सित्तैमा
NGO को सहयोगमा २० जनाको लागि निःशुल्क फोटोसेसनको फर्म खुलेको छ।
VIDEO पत्रकारिता
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

इजरायल !
के तपाईं इजरायल जाँदै हुनुहुन्छ ? यदि जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।
हाम्रा सेवाहरू:
१. हिब्रु (Hebrew) भाषा तथा अंग्रेजी (English) भाषा।
२. केयर गिभर, Housekeeping तथा Orientation तालिम।
३. Hebrew पुस्तक शलोम उपलब्ध छ।
४. डकुमेन्ट समेत Forward गरिन्छ।
पाइथागोरस एकेडेमी फोन नं.: ४२६०६३२

पहिले सफल उपचार पछि भुक्तानी
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
10am-5pm
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
विगत १२५ वर्षभन्दा बढी आयुर्विज्ञानमा समर्पित
काम नगरे भुक्तानी पर्दैन
No Side effect, 100% Guarantee
4672065, 2084130

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेकालागि Waiter, Housekeeping वा English Language FREEमा
Modem Management Modem Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

साप्ताहिक
शुक्रबार, फागुन १८, २०६३

## झरना हराउने कारण



झरना बज्राचार्य धेरै दर्शकको रोजाइकी नायिकाका रूपमा चिनिन्थिन्। उनले चलचित्र, म्युजिक भिडियो तथा टेलिचलचित्रमा समेत राम्रै प्रभाव पारेकी थिइन्, तर पनि नेपाली चलचित्रमा उनको वर्चस्व भने कायम हुन सकेन। आमनायिकाको तुलनामा प्रतिभाशाली व्यक्तित्वका रूपमा चिनिने झरना नृत्यमा पनि उत्तिकै पोख्त थिइन। ग्ल्यामरमा त एक समय उनको प्रतिद्वन्द्वी नै थिएनन् भन्दा पनि फरक पर्दैन। यति हुँदाहुँदै पनि उनको 'चार्म' एकाएक घट्दै जानुको कारण भने कसैले खोजेको छैन। आखिर कुशल नायिकामा हुनुपर्ने गुण हुँदाहुँदै पनि नेपाली चलचित्र क्षेत्र अहिले उनका लागि विरानो प्रदेश बन्न पुगेको छ। उनलाई अभिनय गराएका कुनै पनि निर्देशक अहिले उनलाई दोहोर्‍याउने पक्षमा छैनन्।

नेपाली चलचित्र उद्योगमा त एकछत्र शासन गरेकी थिइन् नै, 'लभ इन नेपाल' नामक हिन्दी चलचित्रमा समेत अभिनय गरेकी झरनाले ओभर एक्सपोज गरेकै फल भोग्नुपरेको राय एकथरीको छ यद्यपि उनी चलचित्र क्षेत्रबाट टाढिनुको वास्तविक कारण भने खोजी गरिएको छैन। पछिल्लो समयमा झरना अभिनीत 'फेरि अर्को साइनो', 'परें नि मायाजालैमा', 'शुभकामना' आदि चलचित्र असफल भएकाले पनि उनको चार्म घटेको अनुमान गरिन्छ।

## संगतले निर्देशक



नारायण पुरीका मित्र तथा सुनील थापाका घरबेटी भएर उनीहरूको संगतमा विगत एक दशकदेखि चलचित्रकर्म बुझ्दै आएका सन्तोष लोहनीले यो वर्ष आफ्नै लगानीमा चलचित्र निर्देशन गर्ने निधो गरे। व्यावसायिक चलचित्र निर्माण गर्नेहरूको संगत उनले निकै गरे। त्यसैले पनि होला, उनी व्यावसायिक चलचित्र निर्देशन गर्न चाहँदैनन्। हाले उनले एउटा चलचित्रको निर्माण थालेका छन्। मात्र डेढ घण्टाको उक्त चलचित्रमा लोहनीले नेपाली समाजलाई आफ्नै ढंगबाट चित्रण गर्दैछन्। उनको बुझाइमा पुरुषप्रधान नेपाली समाजमा नारीका शत्रु पुरुषभन्दा नारी नै हुन्। उनले आफ्नो पहिलो चलचित्रको शीर्षक जुराएका हुन्– 'नारी-द वुमेन'। आफ्नो कथामा अरूले न्याय गर्न नसक्लान् भन्ने लागेर लोहनी आफैं उक्त चलचित्रको निर्देशन गर्दैछन्। फरकधारको चलचित्र भनिए पनि उनको चलचित्रमा व्यावसायिक कलाकारहरू नै मुख्य भूमिकामा छन्। यो चलचित्रमा लोहनीले रेखा थापालाई 'ग्ल्यामरस इमेज' बाट हटाएर साधारण नारी बनाउँदै छन्। सुनील थापा, शान्ति मास्के, सुभद्रा अधिकारी, मिथिला शर्मा तथा नयाँ नायक सुनील पोखरेललाई उनले मुख्य भूमिका दिएका छन्। सन्तोष भन्छन्- 'चलचित्रकर्मीहरूकै संगतका कारण पनि म यो क्षेत्रमा आएँ।'

## सुशीललाई सञ्जीवनी



रियल लाइफमा डरछरुवा तर रिल लाइफमा एक्सन नायक सुशील क्षेत्री चलचित्रबाट हराउने क्रममा थिए। छ वर्षअघि सुशीलद्वारा अभिनीत क्रान्तिकारी चलचित्र आगोको हाले भएको पुनः प्रदर्शन र सफलताले भने उनलाई फेरि व्यस्त बनाउने भएको छ। प्रदर्शनको ५१ औं दिन पूरा गरेको आगो दोस्रो पटक पनि राम्रोसँग चलेपछि यो सुशीललाई सञ्जीवनीझैं भएको छ। आगोमा क्रान्तिकारी नायक भएका सुशीललाई निर्माण भैरहेका क्रान्तिकारी चलचित्रमा नायक बनाउने लहर चलेको छ। अर्थात् क्रान्तिकारी चलचित्रको पहिलो रोजाइ सुशील हुन थालेका छन्। त्यसो त सुशीलद्वारा अभिनीत चलचित्र भाग्यविधाता यतिबेला मोफसलमा प्रदर्शनका क्रममा छ।

यद्यपि भाग्यविधाताले उनलाई कुनै फाइदा नपुर्‍याउने निश्चित देखिन्छ। सुशील कथित व्यावसायिक भनेर बन्ने ठिमाहा चलचित्रमा भन्दा क्रान्तिकारी एक्सन चलचित्रमै फिट देखिएका छन्। एकताका राजेश हमालबाट लामो रेशको घोडा भन्ने उपाधि पाएका सुशील छुट्टै प्रकारको एक्सन नायकका रूपमा उद्योगमा कायम रहने संकेत देखिएको छ।

## सुनिललाई नेपाली गाह्रो

चलचित्रमा खलनायकका रूपमा देखा पर्ने सुनिल थापाले नेपाली बोल्न कहिल्यै नजानेको गुनासो चलचित्रकर्मीहरूको छ। बलिउडमा खरो उत्रन नसकेर नेपाल पसेका सुनिल कलिउडमा भने राम्रैसँग छाएका छन्। एक निर्देशक भन्छन्- सुनिल थापा हाम्रो बाध्यता हो।

हेर्दै डरलाग्दो खलनायक चाहिन्छ भनेर नेपाली चलचित्रकर्मीलाई बलिउडको विगतले सिकाएको हो। बलिउड अहिले फड्को मारेर टाढा पुगे पनि नेपाली चलचित्रचाहिँ बलिउड हिंडेको '८० को त्यही दशकमा बामे सर्दैछ। त्यसैले नै सुनिल थापाहरूको माग घटेको छैन। बलिउडको पुरानो फर्मुला रिमेक गर्दा सुनिल फिट हुन्छन्। तर उनलाई नेपाली भाषा गाह्रो भएको छ। त्यसैले अक्सर हिन्दीमा गफ गर्न रुचाउने सुनिललाई खेलाउँदा कि बलिउडको रिमेक छोडनुपर्छ कि नेपाली भाषा, होइन भने उनले कसरी गब्बर सिंहको भूमिकामा शुद्ध नेपाली उच्चारण गर्नु?



## जम्का भेट
## केटीएम कार्ड फ्यानक्लब हो

**दीपक बज्राचार्य**

गायक दीपक बज्राचार्य आफ्नो १६ वर्षे गायन क्यारियरमा अहिले आएर केही नौलो काम देखाउने क्रममा छन्। रोयलटोन रेकर्ड्स प्रा.लि. मार्फत दीपकले 'केटीएम कार्ड'का सदस्यहरूको संख्या दिन-प्रतिदिन वृद्धि गरिरहेका छन्। हाल आफ्नो नयाँ अर्थात् आठौं एल्बमको तयारीमा भन्दा पनि उनी 'केटिएम कार्ड' तथा त्यसको वेबसाइट 'कार्डकेटीएम डटकम'का बारेमा बताउँदै हिंडेका भेटिन्छन्।

**के हो यो 'केटिएम कार्ड'?**

-स्वरूप भन्नुहुन्छ भने यो कुनै क्रेडिट कार्डजस्तै छ, तर यसको काम धेरै नै फरक छ। चलचित्र, संगीत, मोडलिङ, खेलकुद क्षेत्रका सेलिब्रेटीहरूलाई संलग्न गराएको यो एक 'फ्यान क्लब' हो। प्रशंसकहरूले एक हजार रुपैयाँ तिरेर उक्त कार्ड लिएपछि उनीहरूले यो क्लबमा प्रवेश पाउँछन्, सँगसँगै कार्डवाहकले राजधानीका विभिन्न रेस्टुराँ, अस्पताल, आइटी, शिक्षा, खेलकुद, फेसन आदि क्षेत्रमा निःशुल्क एवं सहुलियतपूर्ण सेवा पाउँछन्। आफूलाई मन परेका सेलिब्रेटीहरूको चलचित्र, कन्सर्ट, खेलकुद आदिको अवलोकन निःशुल्क गर्न पाउँछन् भने गायक/गायिकाहरूको नयाँ एल्बम सकेसम्म सार्वजनिक हुनुअगावै सहुलियत दरमा उपलब्ध गराइन्छ। आधा दर्जनभन्दा बढी सेलिब्रेटीलाई सहभागी गराएर महिनामा एकपटक 'अटोग्राफ पार्टी' पनि हुनेछ, जसमा कार्डवाहकले निःशुल्क प्रवेश पाउँछन्।

**तपाईं आफ्नो नयाँ एल्बमको तयारीमा खट्नुपर्ने बेलामा कहाँबाट यो कार्यमा लाग्नुभएको?**

-एल्बमको तयारी त आफ्नै प्रकारले भैरहेकै छ। मैले कार्यक्रमका सिलसिलामा विश्वका अनेकौं राष्ट्रको भ्रमण गरिरहन्छु। केही वर्षअघि अमेरिका तथा युरोपका केही मुलुकमा यस्तै किसिमको कार्ड देखें। आफूलाई मनपर्ने सेलिब्रेटीहरूसँग कसलाई नजिक हुन मन लाग्दैन? तर यस्तो कार्डवाहक भैसकेपछि उसले समाजमा विभिन्न सुविधा त पाउँछ नै, साथै आफूलाई मन परेका सेलिब्रेटीसँग नजिक पनि हुन सकिन्छ।

**यसमा संलग्न भएर सेलिब्रेटीहरूलाई चाहिँ के फाइदा छ?**

-चलचित्र, खेलकुद, संगीत, फेसन, सञ्चारजस्ता क्षेत्रका नाम चलेका व्यक्तित्व जसलाई हामी सेलिब्रेटी भन्छौं, उहाँहरूका लागि यो कार्ड एक 'सामूहिक फयान क्लब' हो। एकल रूपमा आफ्नो मात्रै 'फयान क्लब' सञ्चालन गर्न त असम्भव नै छ। यदि कसैले एकल 'फयान क्लब' सञ्चालन गरिहाले पनि प्रशंसकहरूलाई प्रत्यक्ष भेट्नुका अतिरिक्त उहाँहरूले अरू सुविधा दिन गाह्रै छ। म आफू पनि १६ वर्षदेखि संगीत क्षेत्रमा संलग्न छु। यो अवधिमा मैले आफ्ना प्रसंसकहरूसँग भेट्ने, उनीहरूलाई अटोग्राफ दिनेबाहेक अरू केही गर्न सकेको छैन। प्रशंसकहरूकै कारण समाजमा हामीले प्रतिष्ठा पाएका छौं। ती प्रशंसकहरूलाई पनि हामीले केही दिनुपर्‍यो भन्ने लागेर यो कन्सेप्ट आएको हो।

**कार्डवाहक बन्नका लागि त एक हजार तिर्नुपर्ने रहेछ?**

एक हजार तिरेर कार्डवाहक भैसकेपछि पाउने सुविधा र सहुलियतको हिसाब गर्ने हो भने लाखौंको हुन सक्छ। कार्डवाहकले अहिले मात्रै दुई सयभन्दा बढी स्थानमा निःशुल्क, छुट र सुविधा पाउँछन् भने यो संख्या बढ्न पनि सक्छ।

**कति जना सदस्य बनाउनुभयो त?**

अहिलेसम्म सदस्य संख्या १ हजार ४ सय नाघिसक्यो। सेलिब्रेटी पनि ५० जनाभन्दा बढी भैसकेका छन्।



## म मरेको छैन



हास्यकलाकार विष्णु सापकोटाले साप्ताहिकमा फोन गरेर भने- 'म मरेको छैन।' नेपाल टेलिभिजनबाट प्रसारित '५२ घुस्सा ५३ ठक्कर' का गोथे अर्थात् विष्णु सापकोटाको दुर्घटनामा परेर मृत्यु भएको समाचार बजारमा व्याप्त भएपछि विष्णुले यस्तो स्पष्टीकरण दिएका हुन्। विष्णुले भने- म मरेको होइन, खालि मैले ५२ घुस्सा... छाडेको मात्रै हुँ। विष्णु भन्छन्- म चाँडै सागर लामिछानेको निर्देशन तथा मिडिया हवको निर्माणमा बन्ने टेलिचलचित्र 'भैगो नि त' मार्फत दर्शकमाझ आउँदैछु। बजारमा कसरी हल्ला फिंजियो त? विष्णु भन्छन्- 'कसरी फिंजियो मलाई थाहा छैन तर जसरी फिंजिए पनि मेरो आयु बढ्यो। बूढाबूढीहरूका अनुसार नमरेको मान्छे मर्‍यो भन्ने हल्ला चल्यो भने उसको आयु बढ्छ, त्यसैले म ढुक्क छु।'

## सीमालाई नक्कल फापेन



टेलिचलचित्रकी नायिका सीमा ढकाल अभिनय यात्राबाट सन्यास लिने कुरा बताउँदै हिंड्न थालेकी छन्। सीमा ढकाललाई नचिन्ने दर्शकले अर्की नायिका सरिता लामिछानेलाई सम्झिए हुन्छ। किनभने मुखभरिका कोठी मेटेर उनी काँचको पर्दामा सरिता लामिछानेझैं अभिनय र गेटअपमा उपस्थित हुन्छिन्। आखिर संन्यास किन? सीमा भन्छिन्- बाँच्न पुग्नेगरी काम पाइएन।

सीमाका श्रीमान् बाबुराम ढकाल सानोपर्दाका निर्देशक हुन्। मुम्बईमा काम गरेर आएको बताउने बाबुरामले आफैं निर्देशन गरेको टेलिचलचित्र खुसी पलभरकोमा सीमालाई नायिका बनाए तर त्यो अपेक्षाकृत सफल हुन सकेन। सरिता लामिछाने आफैले निर्माण गरेको टेलिचलचित्र परिचयमा समेत केही समय देखापरेकी सीमाले त्यसपछि थप काम पाइनन्। यतिखेर सीमालाई सरिताको नक्कल नै घाँडो भएको छ। अक्कल बिनाको नक्कल काम लाग्दैन भन्ने कुरा पहिल्यै थाहा पाएकी भए सायद सीमा सरिताको पछि लाग्ने थिइनन् तर समय गएको छैन, उनले आफूलाई सरिता जस्तो होइन आफै जस्तो बनाउन मेहनत गर्नुपर्छ।

## गफै त हो



कुनै बेला चल्तीका नायक रमेश उप्रेती आफू घमन्डी भएको कुरा स्वीकार गर्न थालेका छन् । उतिबेला चलेका नायकका रूपमा घमन्डीको आरोप लाग्दा उनी पटक्कै स्वीकार गर्दैनथे । चलचित्रबाट फुर्सद पाएका नायक रमेशले ढिलै भए पनि घमन्डीको आरोप स्वीकार गर्दा उनी सही धरातलमा आइपुगेको विश्लेषण गर्न थालिएको छ ।

केही समयअघिसम्म नेपाली चलचित्रको नकारात्मक विश्लेषण गर्दै आएका रमेश भन्न थालेका छन्- म पुनः चलचित्र क्षेत्रमा फर्कन्छु र पहिलेको जस्तै व्यस्त हुन्छु । नेपाली चलचित्रमा उफ्रीपाफ्री धेरै भएको कुरालाई उनी सर्कसको संज्ञा दिन्थें भने अहिलेचाहिं उनी दर्शकले मन पराएका दृश्यहरूले नै प्राथमिकता पाउनुपर्ने बताउँछन् ।

रमेश उप्रेती र धीरेन शाक्य घमन्डकै कारण पाखा लागेका नायक मानिन्छन् । यी दुवै नायक हेन्डसमका साथै प्रशस्तै प्रशंसक कमाइसकेका भए पनि पाखा लागेका थिए । अब रमेश नयाँ अवतारमा फर्कन्छु भन्दैछन् । यसको अर्थ के हो भने रमेश अब साँच्चै फर्कंदैछन् । रमेश भन्छन्- नायक नभए निर्माताका रूपमा त पक्कै आउँछु ।

# रमेशले स्वीकार गरे घमन्डी भएको आरोप

## केवल एक प्रश्न

### आकर्षक रूप र अथाह सम्पत्तिमध्ये एउटा रोज्ने वरदान पाउने हुनुभयो भने कुन रोज्नुहुन्छ र किन ?

दुईवटै चाहियो नि ! (एउटा मात्र रोज्नुहोस् भनेपछि) आकर्षक रूप भए अथाह सम्पत्ति भएकी केटी पाइन्थ्यो कि ! हा..हा..हा..तर अथाह सम्पत्ति भए आकर्षक केटी पनि त खोज्न सकिन्छ होला । सम्पत्ति भएपछि सायद उनलाई संसारका सबै प्रकारका सुख दिन सक्छु । लौन कुन रोज्ने होला ?

**–क्रान्ति आले (गायक)**

रूप मात्रै कि ट्यालेन्ट पनि...(रूप मात्रै भनेपछि) ओहो ! उसो भए गाह्रो पो पर्ने भयो त । खै के रोज्ने ? हुन त मेरो पेसामा रूपकै कदर हुन्छ । रूप भएन भने कामै पाइन्न । यो क्षेत्रको नसा लागिसकेकाले म त रूप नै रोज्छु । बरु यही क्षेत्रमा निकै मेहनत गरेर अथाह त होइन, आफूलाई पुग्नेजति सम्पत्ति कमाउँछु होला ।

**–श्याम घिमिरे (चलचित्र नायक)**

यो त हाईस्कुलमा वादविवाद गर्ने विषयजस्तो पो लाग्यो । म त अथाह सम्पत्ति नै रोज्छु । रूप क्षणिक हुन्छ । उमेर ढल्कँदै गएपछि जतिसुकै राम्रो रूप भए पनि बुढ्यौलीको चाउरीपनमा त्यो सब हराउँछ । सम्पत्ति भनेको मेरो लागि छैटौं इन्द्रिय हो । यो छैटौं इन्द्रिय भएन भने बाँकी पाँचवटा इन्द्रियले पनि काम पाउँदैनन् ।

**–दिनेश डिसी (सञ्चारकर्मी/चलचित्र निर्देशक)**

रूप त मलाई चाहिन्छ, तर सम्पत्तिचाहिँ बढी नै चाहिन्छ । अथाह सम्पत्ति भयो भने अहिलेको वैज्ञानिक युगमा प्लास्टिक सर्जरी, कस्मेटिक सर्जरी, ग्रुमिङ आदि गरेर भए पनि रूप पाउन सकिन्छ होला नि ! कि कसो ?

**–दिवस उप्रेती (नायक/मोडल)**

पक्कै पनि आकर्षक रूप रोज्छु, किनकि म आफ्नो आकर्षक रूपबाट सम्पत्ति आर्जन गर्न सक्छु, तर सम्पत्तिले आकर्षक रूप पाउन सक्दिनँ । पैसा खर्च गरेर भौतिक रूपमा आकर्षक हुने प्रयत्न त गर्न सकिन्छ तर प्राकृतिक सुन्दरता नै असल हुन्छ ।

**–अरुणिमा लम्साल (चलचित्र नायिका)**



तस्विर : इ-नशा डटकम

## साइबर गर्ल



# चर्चित बन्नका लागि

चर्चित मोडल बन्ने चाहना राखेकी अप्सरा कटुवाललाई सानैदेखि यो क्षेत्रमा संलग्न हुने सौख थियो । घरमा उप्स भनेर बोलाइने अप्सरालाई थाहा छ– चर्चित बन्न कडा परिश्रम पनि आवश्यक छ । त्यसैले उनी आफ्नो इच्छा पूरा गर्न पर्याप्त मेहनत गरिरहेकी छिन् । मिस ब्युटी-२०६२, मिस प्लसटु-२०६२ को उपाधि जितेकी अप्सराले मिस इन्टरनेसनल ब्युटी प्याजेन्टमा मिस ट्यालेन्टको उपाधि जितेकी थिइन् । यसबाहेक उनी विभिन्न र्‍याम्प सोमा पनि सहभागी भैसकेकी छिन् । माल्भिका सुब्बा तथा ऐश्वर्या रायलाई प्रेरणाको स्रोत मान्ने अप्सरा मोडलिङलाई पेसाको दृष्टिकोणले हेर्दिनन् । 'पेसाभन्दा सौख महत्त्वपूर्ण कुरा हो,' ५ फिट ४ इन्च अग्ली सुन्दरी अप्सराले फुर्तीका साथ भनिन्- 'यदि तपाईंहरूले साथ दिनुभएको खण्डमा आत्मविश्वासले भरिएकी यो केटी आत्मनिर्भर बन्न सक्छे ।' अप्सराका अनुसार ग्लामर मानवीय जीवनको अभिन्न अंग बनिसकेको छ । त्यसैले पनि उनी आफूभित्रको क्षमतालाई प्रस्फुटन गराउन यो क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको जिकिर गर्छिन् । डाँफे डटकमका लागि फोटोसेसन गराएकी अप्सराले भनिन्– फोटोसेसन मोडलिङमा आउन चाहनेहरूका लागि पहिलो खुड्किला हो । हाल मैतिदेवीमा बस्दै आएकी उप्स बीबीएस प्रथम वर्षमा अध्ययनरत छिन् । अविवाहित अप्सरा यो क्षेत्रमा आउन उनलाई सहयोग गर्ने अभिभावक तथा दिदीहरूप्रति आफू कृतज्ञ रहेको बताउँछिन् ।

## महोत्सवमा हाँसोको फोहरा



**गोपाल गुराँगाई**

लोकतन्त्र बहालीपछि झापालीहरू पहिलो पटक फागुनको पहिलो सातादेखि लगातार १० दिन हाँसोको फोहरामा रमाएका छन् । नेपाल टेलिभिजनबाट प्रसारण हुने चर्चित हास्यटेलिश्रृङ्खला तीतो सत्य, जीरे खुर्सानी र मेरी बास्सैका कलाकारहरूले प्रस्तुत गरेको प्रहसनले यहाँका स्थानीय बासिन्दाहरूको मन जित्यो । दमक नगरमहोत्सव-२०६३ को मेसो पारेर आएका यी कलाकारका कार्यक्रम हेर्न आउने दर्शकको उपस्थिति पनि उल्लेख्य थियो । महोत्सवको दोस्रो दिनदेखि नै मेरी बास्सैका धुर्मुस, माग्नेबूढो र सुन्तलीको ठट्टामा रम्दा महोत्सवमा भेला भएका दर्शक लट्ठिएका मात्र थिएनन्, सिमसिमे झरीमा मन खोलेर उनीहरूलाई साथ पनि दिइरहेका हुन्थे ।

मेरी बास्सैका सीताराम कट्टेल, केदार घिमिरे तीतो सत्यका दीपकराज गिरी, दीपाश्री निरौला, रवि डंगोल, निर्मल शर्मा, पूर्ण थापा गोपाल अधिकारी र जीरे खुर्सानीका गोपाल नेपालले उपस्थित दर्शकलाई हँसाउने पर्याप्त प्रयास गरे । ३ गते प्रारम्भ भएको महोत्सवको अन्त्यतिर तीतो सत्यका दीपकराज गिरी र दीपाश्री निरौलाको प्रहसन हेर्न १० हजारभन्दा बढी दर्शक उपस्थित थिए ।

दमक जेसिजले आयोजना गरेको उक्त महोत्सवमा राष्ट्रिय कलाकारबाहेक स्थानीय हास्यकलाकार शिव नेपाल र दीपेन्द्र घिमिरेको जोडी निकै जमेको थियो । करिब १ सय ५० स्टल रहेको महोत्सवमा पूर्वेली तथा पश्चिमेली लोकदोहोरीका स्वर पनि निकै घन्किएका थिए । आयोजकहरूले महोत्सव १ लाखभन्दा बढी दर्शकले हेरेको बताएका छन् ।

त्यसैगरी महोत्सवकै क्रममा मुख्य मञ्चभन्दा अगाडिको एउटा ठूलो स्टलमा प्रायः दिनभरि नै मानिसको घुइँचो देखिन्थ्यो । त्यहाँ कुनै जादु-तमासा थिएन, न त मुखै रसाउने मीठा परिकार नै । वास्तवमा त्यहाँ प्रदर्शनमा राखिएका थिए– कलाकार मञ्जुल मितेरीद्वारा ढुंगामा खोपेर तयार परिएका मूर्तिहरू । कलाकार मितेरीले ती मूर्तिहरू बिक्रीका लागि प्रदर्शनमा राखेका थिएनन् । विश्व बदल्ने चर्चित १ हजार व्यक्तिका मूर्ति (सालिक) निर्माण गरेर राष्ट्रलाई सुम्पने उद्देश्यका साथ तयार पारेका केही नमुना त्यहाँ राखिएका थिए । मोरङ उर्लाबारीका २४ वर्षीय मितेरीले करिब पाँच वर्षअघिदेखि मूर्ति तयार पार्न थालेका हुन् ।

उनले हालसम्म लियोनार्दो द भिन्ची, एरिस्टोटल, अब्राहम लिङ्कन, कार्ल मार्क्स, मदर टेरेसा, जेम्स वाट, चे ग्वारा, महात्मा गान्धी, शेक्सपियर, पारिजात आदि करिब पाँच दर्जन मूर्ति राष्ट्रका लागि समर्पित गरेर बनाइसकेका छन् । मितेरीले त्यहाँ राखेका मूर्तिमध्येमा सिसा फ्रेमभित्र राखिएको घाइते बुद्धको मूर्ति र जुँगा पालेका माओवादी अध्यक्ष प्रचण्डको मूर्ति विशेष आकर्षण बनेका थिए ।

## धरानमा सांगीतिक कार्यक्रम

**गोपाल दाहाल**

धरान– पूर्वका लिम्बूहरूको च्याब्रुङ नाच, तामाङहरूको सेलो अनि पश्चिमका मगर र गुरुङ जातिको हुर्रा नाचको आनन्द एकै ठाउँमा लिन पाउँदा कसको मन रमाउँदैन ? अझ पश्चिमा देशका रिमिक्स र ब्रेक डान्ससमेत एउटै मञ्चमा हेर्न पाउँदा दर्शकहरू दङ्ग नपर्ने कुरै भएन ।

यही जोसमा मोटो ज्यानकी कार्यक्रम सभापति कोमल सुब्बा पनि गेटअप चेन्ज गरेर मञ्चमा उफ्री-उफ्री नाचेको देख्दा अतिथिहरू अझ छक्क परे । कोसी टेम्पो सिन्डीकेटको भवन निर्माण सहयोगार्थ शनिबार सदन सभाहल, धरानमा आयोजित 'विविध सांगीतिक कार्यक्रम' ले दर्शकलाई साँच्चै विविध मनोरञ्जन दियो ।

कार्यक्रममा प्रशंसा देवानको हास्यनृत्यले सबैलाई हाँस्न बाध्य मात्र पारेन दर्शकको प्रशंसा पनि बटुल्यो । आशिष मोक्तानको ट्युबलाइट डान्सले भने दर्शकहरूलाई भावुक बनायो । गरिमा डान्स सेन्टरको संयोजन तथा सिन्डिकेटको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा कलाकारहरू विमला लिम्बू, निका मोक्तान, नन्दा राई, रजनी राई, नुरसाङ शेर्पा, वैशाली लिम्बू, सुरेश तामाङ, जीवन सुनुवार, आशिष मगर, सन्तोष तामाङ, सन्तोष सुब्बा आदिको नृत्यले पनि रौनक थपेको थियो । पैंतीस नाघेका गृहिणीहरूको नृत्यले दर्शकलाई बेग्लै मनोरञ्जन दियो । स्थानीय गायक-गायिकाहरू कुशल थलङ, लीला राई तथा रोसन राईले कार्यक्रममा गीत गाएका थिए ।

## लभगुरु रेखा




**प्रश्न : म ३२ वर्षीया विवाहित महिला हुँ। मेरो विवाह भएको १२-१३ वर्ष बितिसकेको छ। हाम्रा छोराछोरी पनि छन् र हाम्रो दाम्पत्य जीवन सुखमय रहँदै आएको छ। श्रीमान् केही वर्षदेखि काठमाडौंमा काम गर्दै हुनुहुन्थ्यो। म गाउँमै बस्थे। यसबीच नन्दहरूको विवाहको जिम्मेवारी पूरा भएको र एउटा देवरको पनि विवाह भएकाले म श्रीमान्सँगै बस्न काठमाडौं आएँ। काठमाडौं आएको केही महिना त ठीकै थियो, तर मलाई बिस्तारै उहाँको चालचलनमा शंका लाग्न थाल्यो। राति-राति उहाँको मोबाइलमा युवतीहरूको एसएमएस आउँछ। साताका धेरै साँझ उहाँ घरबाहिरै रहनुहुन्छ। यस्ता घटनाले उहाँप्रति मेरो विश्वास धर्मराएको छ। म उहाँलाई पर्याप्त माया गर्छु। उहाँ पनि व्यावहारिक रूपमा मप्रति उत्तिकै माया देखाउनुहुन्छ। युवतीहरूको प्रसंग उठाउँदा उहाँ कसैसँग आफ्नो सम्बन्ध छैन भन्नुहुन्छ। यद्यपि मैले उहाँमाथि विश्वास गर्न सक्केकी छैन। मैले आफ्नो प्रेम प्राप्त गर्न के गर्नुपर्ला ?**

**-यमुना**

उत्तर : तपाईं गाउँमा हुँदा श्रीमान्को चिनापर्ची वा आकर्षण कसैप्रति भएको हुनसक्छ, तर तपाईंले त्यही विषयमा त्यति चिन्ता लिनुपर्दैन। तपाईंले पत्रमा श्रीमान्ले पर्याप्त माया गर्ने कुरा लेख्नुभएको छ। यस्ता कुरामा अनावश्यक शंका र चिन्ताले तपाईंको आफ्नै पारिवारिक जीवनमा डढेलो लगाउँछ। तपाईं आफैं उहाँलाई पर्याप्त माया गर्ने कुरा गर्नुहुन्छ भने तपाईंले उहाँप्रति विश्वास पनि गर्न सक्नुपर्छ। तपाईंप्रतिको मायाकै कारण उहाँले तपाईंलाई काठमाडौंमा ल्याएर राख्नुभएको कुरा पनि नबिर्सनुहोस्। बरु हुनसक्छ, तपाईं गाउँबाट आएकाले आफ्नो आउटफिटमा ध्यान दिन पाउनुभएको छैन, तसर्थ आफूलाई अपडेट गर्नुहोस्, पहिरन शैलीदेखि लिएर आफ्ना हरेक कुरामा सुधार ल्याउँदै आफूमा यति आकर्षण जगाउनुहोस् कि श्रीमान्ले चाहेर पनि अरूतिर आँखा लगाउन नपाऊन्। तपाईं आफ्नै बानी-व्यवहारले उहाँलाई आफूप्रति समर्पित राख्न सक्षम हुनुहुन्छ भन्ने आत्मविश्वास आफूमा जगाउनुहोस्। श्रीमान्को वानी-व्यवहार 'वाच' गरे पनि त्यसकै पछाडि लाग्ने, शंका वा चिन्ता गर्ने कामले तपाईंको घर भताभुङ्ग हुन सक्छ, तसर्थ सकारात्मक हुँदै स्वयं आफैंलाई सच्याउँदै तपाईंले आफ्ना श्रीमान्लाई लिकमा ल्याउन सक्नुहुन्छ। आखिर तपाईंका श्रीमान् तपाईंसँग प्रेम गर्छन् र २-२ वटा छोराछोरीप्रतिको माया एवं कर्तव्यले पनि तपाईंका श्रीमान्लाई भट्किन दिँदैन।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

# पाकिस्तानी पपको क्रेज







धरान– हिजोआज पार्टी होस् वा विवाह, अनि पिकनिक वा डान्स पार्टी नै किन नहोस् ! पाकिस्तानी ब्यान्ड जलको प्रख्यात गीत 'आदत' गुञ्जायमान हुँदै आएको छ। बिस्तारै हिन्दी पपको स्थान पाकिस्तानी पपले लिन थालेको छ। नेपाली युवा पुस्ताको मन अंग्रेजी र नेपालीपछि पाकिस्तानी पप गीतले जितेको छ। नुसरत फतेह अली खाँ बलिउडका चलचित्रमा छाएका पुराना पाकिस्तानी संगीतकर्मी हुन्। एक दशकअघिसम्म उनीबाहेक पाकिस्तानी संगीतकर्मीको नाम नेपाली संगीतप्रेमीको जनजिब्रोमा झुन्डिन सकेको थिएन। हिजोआज संगीतको बजारमा पाकिस्तानी पप गीतको सिडी तथा अडियो क्यासेट खोज्नेहरू छ्याप्छ्याप्ती भेटिन्छन्।

नेपाली, हिन्दी र अङ्ग्रेजी पप गीतका नेपाली श्रोता केही वर्षयता मात्रै पाकिस्तानी पपका क्रेजी भएका हुन्। आखिर किन पाकिस्तानी पप ? बाँझगराका युवक मदन श्रेष्ठ भन्छन्- 'पाकिस्तानी पप गायकको स्वर तान्ने शैली 'राग' नै गजबको हुन्छ।' पाकिस्तानी पप गायकहरू उच्च गतिमा लामो समयसम्म स्वर तान्छन्। 'मोर्डन रक शैलीको पाकिस्तानी पप गीत क्लासिकल भए पनि पाश्चात्य शैलीसँग मिल्दोजुल्दो हुन्छ,' -वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बीडीएस दोस्रो वर्षमा अध्ययनरत विमल मगरले बताए।

तीन वर्षअघि निर्मित बलिउडको चलचित्र 'कलियुग' फ्लप भयो, तर उक्त चलचित्रमा समेटिएको पाकिस्तानी ब्यान्ड जलको गीत 'आदत' भने सुपरहिट भएको थियो। 'त्यसपछि नै पाकिस्तानी संगीतले नेपाली बजार लिएको हो,' -महेन्द्रपथस्थित युएमएसका क्यासेट वितरक सुयोगले बताए। सन् १९९० को दशकको सुरुमै पाकिस्तानी गायक हैदर अलीको 'पुराने जिन्स और गितार'ले नेपाली संगीतप्रेमीको मन जितेको थियो। हिजोआज पाकिस्तानी ब्यान्डहरूको फ्युजन रकले नेपाली मन छोएको पाइन्छ।

नेपाली पप गायक सविन राई तथा दिव्य सुब्बाका गीत सुन्ने जो-कोहीले पनि पाकिस्तानी पप मन पराउने संगीतप्रेमीहरू बताउँछन्। स्लो रकका नयाँ स्टार दिव्य सुब्बा आफैं पनि पाकिस्तानी पपका फ्यान हुन्। दिव्य भन्छन्- 'स्ट्रिङ, जल तथा अली अजमलका गीत खोजी-खोजी सुन्छु। पाकिस्तानी पपमा हिन्दीको जस्तो नक्कल पाइँदैन।' नेपाली ब्यान्ड मन्त्र तथा १९७४ एडीका फ्यानहरू पनि पाकिस्तानी पप सुन्छन्। पाकिस्तानी पपले नेपाली बजार लिनुअघि हिन्दी र अङ्ग्रेजी गीतको प्रभुत्व थियो। 'पाकिस्तानी पपले हिन्दी पपको स्थान लिएको छ,'- क्यासेट वितरक शैलेस दाहालले बताए। यद्यपि बजारमा सबैभन्दा बढी माग अङ्ग्रेजी र नेपाली पपकै छ।

'पाकिस्तानी पपमा म्युजिक र लिरिक्स अंग्रेजी, नेपाली र हिन्दी पपकोभन्दा भिन्न तर मन छुने खालको हुन्छ,' -पाकिस्तानी पपकी फ्यान सरिताले बताइन्। सरिता भन्छिन्, 'अङ्ग्रेजी सफ्ट रक, ब्रायन एडम्स, रुड स्टुवार्टका गीत सुन्ने सबैले पाकिस्तानी पप मन पराउँछन्।' सबै प्रकारका संगीत सुन्ने विमल भन्छन्- 'हिन्दीमा सिक्वेन्स मात्र मिलाइएको हुन्छ। इन्स्ट्रुमेन्ट प्रयोग गरिएको हुँदैन, तर पाकिस्तानी पपमा आवश्यक सबै खालका इन्स्ट्रुमेन्ट प्रयोग गरिन्छ।' पुराना अङ्ग्रेजी रकसँग पाकिस्तानी पपको इन्स्ट्रुमेन्ट बजाउने शैली झन्डै मिल्ने पप क्रेजीहरूको भनाई छ।

पाकिस्तानी पपको लिरिक्स मिठासयुक्त बनाउन केही उर्दू शब्द पनि प्रयोग गरिएको पाइन्छ। प्रस्तुति शैली निकै उत्कृष्ट हुनुका साथै सुमधुर अनि लोभलाग्दो संगीत पाकिस्तानी पपको विशेषता हो। हैदर अलीपछि आठ वर्षअघि नै जुनुनको सैयोंनी तथा धुम ताना नेपाली युवाहरूमाझ लोकप्रिय बनिसकेका थिए।

स्ट्रिङ्सको मोडर्न रक इट, धानी, दिल हारे, देखो कैसी है यहाँका डान्स तथा विवाह पार्टीहरूमा नियमित बजिरहेका छन्। बलिउड चलचित्रका गीतमा पनि स्ट्रिङ्सले राम्रो छाप छाडेको छ। जलको वो लम्हे तथा आदतले हिजोआज प्रत्येक घरको क्यासेट र सीडी प्लेयर थर्काइरहेको हुन्छ। फ्युजनको तेरे बिन, कल द व्यान्डको सव भुलाके, रैथको भुलादो एवं भीगे से आदि गीतका निम्ति नेपालमा बग्रेल्ती खुलेका एफएमहरूमा फर्मायस गर्नेहरू पनि प्रशस्तै देखिन्छन्।

**-राजु घिसिङ**

# कुरा भोजपुरी चलचित्रको

- निर्माता उद्धव पौडेलले एकैपटक दुईवटा भोजपुरी चलचित्र निर्माण गर्ने घोषणा गरेका छन् । पौडेलद्वारा घोषित सात चलचित्र निर्माणको पंक्तिमा यी दुई चलचित्र परेका हुन् । यी दुई चलचित्र निर्देशनको जिम्मा किशोर राना तथा राजकुमार शर्माको पोल्टामा परेको छ । निर्माण पक्षका अनुसार चलचित्रको काम चाँडै सुरु हुनेछ ।

- नेपालमा बनेको पहिलो भोजपुरी चलचित्र 'कब होई मिलनवा हमार' का निर्माता नन्दु श्रीवास्तवले दोस्रो सिनेमास्कोप भोजपुरी चलचित्र 'सजनवा अनाडी सजनी खेलाडी' को निर्माण भर्खरै सकेका छन् । किशोर रानाद्वारा निर्देशित यी दुवै चलचित्रको वितरणका लागि नन्दुले भारतको पटनामा कार्यालयसमेत खोलेका छन् ।

- नायक निखिल उप्रेतीको हातमा हाल तीनवटा भोजपुरी चलचित्र छन् । भारतमै निर्माण हुने ती चलचित्रमा निखिलले नेपाली चलचित्रको तुलनामा केही बढी पारिश्रमिक पाएका छन् । उनले भर्खरै 'सजनवा अनाडी सजनी खेलाडी' सकेका छन् ।




-दुई वर्षअघि ३५ लाखमा निर्मित चलचित्र 'कब होई मिलनवा हमार' ले लगानी उठाउन गाह्रो परेन । निर्माता नन्दु श्रीवास्तव भन्छन्- काठमाडौंबाट हामीले ६ पैसा सोचेका थिएनौं, यसले हाम्रो गोजीमा ६ लाख हालिदियो । नन्दु उत्साहित हुँदै यसपटक सिनेमास्कोपमा उक्लिएका छन् ।

भारतीय भूमिमा निर्मित अधिकांश भोजपुरी चलचित्र सिनेमास्कोपमा बन्ने भएका कारण प्रतिस्पर्धाका लागि उनीहरूकै स्तरमा चलचित्र बनाउन आवश्यक छ । त्यसैले उद्धव पौडेल आफूले निर्माण गर्ने दुवै चलचित्र सिनेमास्कोपमै हुने बताउँछन् । भारतमा बर्सेनि डेढ सय जति भोजपुरी चलचित्र बन्ने तथ्यांक पेस गर्दै लेखक युगेश रायमाझी भन्छन्- 'त्यो बाढी रोक्न पनि हामीले हाम्रै भूमिमा चलचित्र बनाउन आवश्यक छ ।' रायमाझी थप्छन्- 'पूर्वी तथा मध्यतराईका नब्बे प्रतिशतले भोजपुरी भाषा बुझ्छन्, त्यो बजारलाई छोडेर नेपाली चलचित्रको विकास हुन सक्दैन ।'

नायक निखिल उप्रेती भोजपुरी चलचित्रमा नेपाली कलाकारको वर्चस्व स्थापित गर्नुपर्छ भन्छन् । पाएसम्म र भेटेसम्म म भोजपुरी चलचित्र खेल्छु- निखिल बताउँछन् । उनका अनुसार त्यत्रो ठूलो बजार छोड्नु मूर्खता हुन्छ । तराईबाट बर्सेनि लाखौं रुपैयाँ भारतीय भोजपुरी चलचित्रले लाने गरेकोमा निखिल चिन्तित पनि छन् ।

ठिक्क लगानीमा भोजपुरी चलचित्र निर्माण गर्ने हो भने नेपालभित्रैबाट लगानी उठाउन सकिने तर्क निर्देशक किशोर रानामगरको छ । उनी जानकारी दिन्छन्- सम्पूर्ण रूपमा हेर्ने हो भने नेपाली चलचित्रको भन्दा भोजपुरी चलचित्रको बजार ठूलो छ । भोजपुरी दर्शकका बीचमा नेपाली चलचित्रका कलाकार पनि चिनिन थालेकाले अब अझ सजिलो हुने निर्देशक राना बताउँछन् ।

हालसम्म निखिल उप्रेती, निरुता सिंह, सुशील क्षेत्री, अरुणिमा लम्साल, ऋचा घिमिरे, योगेन्द्र श्रेष्ठ (द्वन्द्व निर्देशक) आदिले भोजपुरी चलचित्रमा काम गरिसकेका छन् । प्रथम नेपाली-भोजपुरी चलचित्र 'कब होई मिलनवा हमार' मा भोजपुरी चलचित्रका सुपरस्टार रविकिसनको अभिनय छ । निर्देशक किशोर राना बताउँछन्- दुई-चारवटा भोजपुरी-नेपाली चलचित्र बजार पुगेपछि नेपाली कलाकार नै भोजपुरीका पनि सुपरस्टार भएर निस्कनेछन् ।

नेपाली चलचित्र कुरुक्षेत्रलाई भोजपुरीमा डबिङ गरेर देखाउँदा चलेन । निर्माता संघका पूर्व अध्यक्ष युवराज लामा भन्छन्- होमवर्क बढी गरे सम्पूर्ण नेपाली चलचित्रलाई भोजपुरीमा डबिङ गर्न सकिन्छ । लामाका अनुसार राम्रो होमवर्क भयो भने नचल्ने कुरै छैन ।

**–दिवस गुरागाईं**

## फिल्मी खबर



-चलचित्र 'आमाको काख'को निर्देशनपछि चर्चामा आएका निर्देशक विजय केरुङको निर्देशनमा चलचित्र 'आरोप'को छायाँङ्कन प्रारम्भ भएको छ। सिक्किममा गीतहरूको छायाङ्कन गरी निर्माणकार्य सुरु गरिएको उक्त चलचित्रको बाँकी दृश्य काठमाडौं तथा पोखरामा खिचिने भएको छ । आरोपमा राजेश हमाल, निरुता सिंह, दिलीप रायमाझी, निखिल उप्रेती, अरुणिमा लम्साल, सुमन सिंह तथा नवनायिका प्रशंसाले अभिनय गरिरहेका छन् । चलचित्रमा महेश खड्काले संगीत दिएका छन् ।

-बुहारीको पहिलो सन्तान छोरा होस् भन्ने कामना गरिरहेकी सासूले छोरी जन्माएपछि गर्ने व्यवहार तथा पढेलेखेका परिवारमा पनि छोरा नै चाहिन्छ भन्ने चाहनामा केन्द्रित भएर निर्माण भैरहेको चलचित्र 'नारी-द वुमेन'को छायाङ्कन जम्मा १३ दिनमा सकिएको जानकारी चलचित्रका निर्माता तथा निर्देशक सन्तोष लोहनीले दिएका छन् । हाल चलचित्र सम्पादक शिव पुरीद्वारा सम्पादन भैरहेको उक्त चलचित्रमा रेखा थापा तथा मिथिला शर्माको केन्द्रीय भूमिका छ । लक्ष्मण 'शेष'को संगीतमा एउटा गीत त्यो पनि पृष्ठगीतका रूपमा रहने यो चलचित्रका छायाँकार रत्न ढकाल 'मुन्ना' हुन् भने यसका निर्माण व्यवस्थापक पुस्कर लामिछाने हुन् ।

## rnlrq

### प्यारी बहिनी

चलचित्र 'प्यारी बहिनी' आज शुक्रबारदेखि राजधानीका झन्डै एक दर्जन चलचित्रहलबाट प्रदर्शन हुने भएको छ। अनिल संग्रौला निर्देशक रहेको यो चलचित्रको कथा दाजु-बहिनीबीचको प्रेम-स्नेहमा आधारित छ। 'प्यारी बहिनी' की नायिका बिपना थापा हुन्। त्यसैगरी विपनाका दाजुका रूपमा अभिनेता अर्जुन श्रेष्ठ देखा पर्छन्। चलचित्रका नायक दिलीप रायमाझी तथा उत्तम प्रधान हुन् भने पवन मैनाली, उषा पौडेल, प्रज्ञा जोशी र सुमिना श्रेष्ठले पनि यो चलचित्रमा अभिनय गरेका छन्। झन्डै चार वर्षअघि छायाङ्कन गरिएको चलचित्र 'प्यारी बहिनी' मा प्रल्हादभक्तको संगीत छ भने लेखन र निर्माण स्वयं निर्देशककै।

### नमस्ते लन्डन




बलिउड चलचित्र उद्योगमा आगामी साता चलचित्र नमस्ते लन्डन सार्वजनिक हुने क्रममा छ। बेलायतको लन्डनमा बस्दै आएको भारतीय परिवारको जीवनशैलीमा आधारित यो चलचित्रलाई विपुल सिंहले निर्देशन गरेका हुन्। चलचित्र 'नमस्ते लन्डन' मा बेलायतमा बस्दै आएका ऋषि कपुर तथा उनकी छोरी कैटरिना कैफको जीवनशैली एकदमै फरक देखाइएको छ। भारतीय पृष्ठभूमिमा हुर्किएका ऋषिकपुर छोरी कैफले आत्मसात् गरेको पश्चिमा जीवनशैलीबाट चिन्तित हुन्छन्। भारतीय संस्कृतिसँग नजिक राख्न बाबुले छोरीलाई भारत ल्याएर स्थानीय किसान परिवारका सदस्य अक्षयकुमारसँग विवाह गराइदिन्छन्। विवाह भैसकेपछि पनि कैफले अक्षयकै अगाडि चार्ली ब्राउन नामका युवकसँगको आफ्नो प्रेम-सम्बन्धलाई निरन्तरता दिन्छिन्। बाबु-छोरीको यो खेलमा सरल मिजासका अक्षयकुमार फसेका देखिन्छन्, तर सबैको मन जित्न सक्ने खुबी भएका अक्षय अन्ततः कैफको पनि मन जित्न सफल हुन्छन्। सुरेश नैयरको कथामा निर्माण भएको यो चलचित्रका गीत जावेद अख्तरले लेखेका हुन् भने संगीत हिमेश रेसमियाले भरेका हुन्। चलचित्रमा उपेन पटेल, जावेद सौख, रितेश देखमुख आदि कलाकारको अभिनय पनि हेर्न पाइन्छ।

### जोडिक

हलिउड चलचित्र उद्योगमा आज चलचित्र जोडिक सार्वजनिक हुँदैछ। थ्रिलर, क्राइम/ग्यांगस्टर शैलीमा निर्माण भएको यो चलचित्र पश्चिमा जगत्को आपराधिक क्रियाकलापमा केन्द्रित छ। सनफ्रान्सिस्कोको खाडीक्षेत्रमा हुने क्रमिक हत्याकाण्डका घटनालाई अनुसन्धानकर्ताहरूको एक टोलीले नजिकबाट बुझ्ने प्रयास गर्छ। यो यस्तो स्थान हो, जहाँ गुप्त तरिकाबाट हत्या भैरहेका हुन्छन्। अनुसन्धानका क्रममा टोलीले स्थानीय परिवेश हेरेर आगामी योजना निर्माण गर्छन्। त्यसअनुरूप उनीहरूले सफलता पाउन बेहोरेका सबै घटनाक्रमलाई चलचित्रमा सस्पेन्स शैलीमा प्रस्तुत गरिएको छ। डेभिड फिन्करको निर्देशनमा निर्माण भएको यो चलचित्रमा जेक ग्यालेन्हल, मार्क रफालो, रोबर्ट डोने, जुनियर एन्थोनी एडवार्ड्स, ब्रायन कक्स आदि कलाकारले अभिनय गरेका छन्। संयुक्त राज्य अमेरिकामा निर्माण भएको यो चलचित्रका निर्माता जेमी भेण्डरबिल्ट, माइक मेडाभोय, ब्राडली फिस्कर हुन्। चलचित्र छायांकन सनफ्रान्सिस्को, लसएन्जल्स, क्यालिफोर्निया आदि स्थानमा गरिएको छ।

# वृत्तचित्रमा सुकुम्बासी समस्या

**टोपराज शर्मा**

बुटवल– कतै एउटा शरीर पनि राम्रोसँग नअटाउने नदीकिनारको जोखिमपूर्ण झुपडीमा बस्ने र दिनभरि खोलाको बगरमा ढुंगा फोरेर, गिट्टी कुटेर साँझ-बिहानको छाक टार्नुपर्ने बाध्यता भएका परिवार छन् भने कतै कार र मोटरसाइकलमा सयर गर्दै दुई-तीनतले पक्की महलमा मोजमस्तीको जीवन बिताउनेहरू।

बुटवल नगरपालिकाभित्र पर्ने तिनाउ नदी किनारको दर्जनौं बिघा सार्वजनिक र व्यक्तिगत जग्गा हड्पेर सुकुम्बासीको नाममा हुकुम्बासीले रजाइँ गरेको वास्तविकतालाई उतारिएको 'तिनाउ नदीको किनार' वृत्तचित्रको मर्मस्पर्शी दृश्य हो यो।

सुकुम्बासीको नाममा यसरी मोजमस्ती गर्नेहरूले त्यहाँको सार्वजनिक जग्गा लाखौं रुपैयाँमा बेचबिखन गरिरहेका हुन्छन्। उनीहरूले सुकुम्बासीकै नाममा वास्तविक सुकुम्बासीलाई त्यहाँबाट विस्थापित गराउन अनेक हत्कण्डा प्रयोग गर्छन् र सफल पनि हुन्छन्। उनीहरूको ठाउँठाउँमा घर-घडेरी र जग्गा पनि हुन्छ, बस-ट्रक पनि हुन्छ तर नगरपालिका र प्रशासनले समेत त्यसलाई रोक्न सक्दैन। त्यो गिरोहमा नगरपालिकाकै कर्मचारी, प्रहरी प्रशासनका मानिस र सत्ताधारी राजनैतिक दलका कार्यकर्तासमेत हुन्छन्। यसरी राजधानीको भन्दा महँगो मानिने बुटवलको सार्वजनिक जग्गा दिनहुँ कब्जा हुँदै जान्छ र त्यहाँ ६ हजारभन्दा बढी घर बन्छन् अनि बीस हजारभन्दा बढीको जनसंख्या त्यहाँ खडा हुन्छ सुकुम्बासीको नाममा।

बुटवलका केही सञ्चारकर्मीसहित उत्साही युवाहरूले विकराल बन्दै गएको बुटवलको सुकुम्बासी समस्यालाई उजागर गर्ने उद्देश्यले निर्माण गरेको वृत्तचित्रमा यिनै कथा समेटिएको छ। वृत्तचित्रलाई गत सोमबार बुटवलमा प्रथम प्रदर्शन गरियो।

विष्णु भुसाल निर्माता, सुरज भुसाल निर्देशक, गोपाल खनाल परिकल्पनाकार, मनीष पन्त छायाँकार, दीपक गुरुङ कला संयोजक, शिव अधिकारी सम्पादक रहेको पौने एक घन्टाको वृत्तचित्रमा रामशरण पाठकको संवाद तथा कृष्ण न्यौपानेको उद्घोषण छ। वृत्तचित्रलाई मल्टीमिडिया सपोर्ट सेन्टरले प्रस्तुत गरेको हो।

# पाल्पामा सांस्कृतिक महोत्सव



पाल्पा– पाल्पाको विकट पूर्वी दक्षिण झडेवा गाविसमा तीनदिने सांस्कृतिक महोत्सव सम्पन्न भएको छ। उक्त अवसर पारेर झडेवामा राष्ट्रिय स्तरका कलाकारहरूको जमघट थियो। लोक तथा दोहोरी गीतले त्यस क्षेत्रका बासिन्दालाई पर्याप्त मनोरञ्जन प्रदान गरेका थिए। तीन दिनसम्म राष्ट्रिय तथा स्थानीय स्तरका कलाकारको प्रस्तुति निकै रमाइलो थियो। समारोहमा लोक तथा दोहोरीका ख्यातिप्राप्त गायकहरू नारायण रायमाझी, दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपाने, सेमन्तमणि खराल, पार्वती जिसी, नारायण लेकाली आदिले आ-आफ्ना प्रस्तुति दिए।

तीन दिनसम्म झडेवा गाविसको फाँटमा रौनक देखियो। छिमेकी गाविसबाट समेत हजारौंको सहभागितामा विदेशी नागरिक अन्ना मारी स्टिरले पनि लोक तथा दोहोरी गीत गाएर दर्शकहरूलाई नचाएकी थिइन्। कोलम्बिया युनिभर्सिटीबाट लोक तथा दोहोरी गीतका बारेमा पीएचडी गर्न आएकी विदेशी नागरिकले लोक तथा दोहोरी गीत गाउँदा सबै अचम्भित भएका थिए।

झडेवाको प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताको संरक्षण एवं सवर्द्धन गर्दै यसलाई ऐतिहासिक पर्यटकीय स्थलका रूपमा प्रचार-प्रसार गर्न उक्त महोत्सवको आयोजना गरिएको थियो। 'लोपोन्मुख संस्कृतिको विकास र संरक्षणार्थ, शिक्षा विकास र संस्कृतिको आधार, संवर्द्धित सु-संस्कृति समाजको धरोहर' भन्ने मूल नारासहित महोत्सव सम्पन्न भएको थियो। महोत्सवमा बाहुन जातिको बालन, रामायण, मगरजातिको जिल्लाका विभिन्न स्थानका सोरठी, घाटु, करुवा, झाम्रे, दलितजातिको पन्चैबाजा प्रस्तुत गरिएको थियो।

महोत्सवमा स्थानीय उत्पादन, बाह्य उत्पादन, विभिन्न परिकार, स्थानीय संस्कृति झल्किने झाँकी प्रदर्शन गरिएको थियो। सदरमुकाम तानसेनबाट ३३ किलोमिटर दक्षिण रहेको झडेवामा छिमेकी लुम्बिनी, तानसेन आउने स्वदेशी तथा विदेशी पर्यटकलाई गाउँमा आकर्षित गर्ने उद्देश्य लिइएको मूल समितिका सहसंयोजक नारायण रायमाझीले बताए।

झडेवा गाविस ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण छ। महोत्सवमा ६० वटा स्टल राखिएका थिए। राष्ट्रिय स्तरका उत्पादनका साथै स्थानीय उत्पादनहरू महोत्सवमा प्रस्तुत गरिएको थियो। गाउँको पर्यटन विकास गर्न र घरेलु उत्पादन, कृषिपैदावर, हस्तनिर्मित सामग्री आदिको उत्पादन बिक्री-वितरण गर्नुका साथै बजार व्यवस्थापन गर्न सजिलो होस् भनेर पनि महोत्सवको आयोजना गरिएको प्रचार-प्रसार समितिका संयोजक गजेन्द्र पन्थीले बताए।

**माधव अर्याल**

## ;fgf] kbf{



-छ वर्षभन्दाअघि नेपाल टेलिभिजनबाट प्रसारण हुने सबै प्रकारका नृत्य प्रतियोगिताका सञ्चालक नरेश भट्टराई त्यसपछि टेलिश्रृंखलाहरूमा अभिनय गर्न र एफएम रेडियोहरूमा कार्यक्रम प्रस्तोताका रूपमा व्यस्त भए। अब फेरि उनी टेलिभिजनको पर्दामा आउने भएका छन्। केही साताभित्र सम्भवतः नेपाल टेलिभिजनबाट प्रसारण हुन लागेको प्रतिभा छनौट प्रतिस्पर्धात्मक कार्यक्रम 'चार्म्स नेपाल' को सञ्चालन भट्टराईले गर्ने भएका हुन्। उक्त कार्यक्रमको पहिलो चार श्रृंखलाको निर्माण हालै सकिएको छ। मुभी हाउसले निर्माण गरिरहेको उक्त कार्यक्रममा सहभागी प्रतिस्पर्धीहरूले नृत्य, गीत तथा अन्य प्रतिभा प्रस्तुत गर्न पाउनेछन्। तीमध्ये उत्कृष्टको छनौट निर्णायक मण्डलले गर्नेछ। नरेशका अनुसार हाल विद्यालयका विद्यार्थीहरूका बीच प्रतिस्पर्धा गराइए पनि कार्यक्रममा प्रतिभाका धनी जसले पनि भाग लिन पाउनेछन्।

-नेपाल वान टेलिभिजनमा मनोरञ्जन समाचारलाई पनि स्क्रोल गरेर देखाउन थालिएको छ। चौबीसै घन्टा उक्त च्यानलमा सबैभन्दा मुनि मनोरञ्जन समाचार स्क्रोल गरी देखाइन्छ। स्क्रोल हुने समाचारहरूको संयोजन हाल उक्त च्यानलकी कार्यक्रम निर्माता सुलोचना थिंगले गरिरहेकी छिन्। यसका साथै नेपाल वानमा उनकै निर्माणमा नेपाली चलचित्रसँग सम्बन्धित कार्यक्रम 'चित्रपट' पनि दर्शकहरूबीच लोकप्रिय भैरहेको छ। कलिउडका गतिविधिहरू समेटेर त्यसलाई उक्त च्यानलको प्रसारणस्थल दिल्ली पठाएपछि त्यहाँ रहेकी कार्यक्रम सञ्चालिका वृन्दा सिंहले त्यही अनुरूप कार्यक्रम सञ्चालन गरेर प्रसारण गर्ने गरेकी छिन्। नेपाल वानमा हरेक मंगलबार राती ९:०० बजे प्रसारण हुने उक्त कार्यक्रममा चलचित्र क्षेत्रसँग संलग्न हरेक प्रकारका व्यक्तिहरूसँग अन्तर्वार्ता पनि लिइने कार्यक्रम निर्माता थिंगले बताइन्।

-नेपाली गायक उदित नारायण झा इन्डियन आइडल भाग-३ को निर्णायकका रूपमा छनौट भएका छन्। यसैगरी हिन्दी पप गायिका अलिसा चिनोई पनि अब इन्डियन आइडलको निर्णायकका रूपमा देखा पर्नेछिन्। झा र चिनाईले सोनु निगम तथा फराह खानको स्थान लिनेछन् भने अर्का निर्णायक संगीतकार अनु मल्लिक यथावत् रहनेछन्। गायक झा आफ्नी जेठी श्रीमतीसँगको विवाद प्रकरणपछि पहिलो पटक यति ठूलो सार्वजनिक कार्यक्रममा सहभागी हुँदैछन्।

-निर्देशक ऋषि लामिछानेको निर्देशनमा नेपाल टेलिभिजनबाट हरेक शनिबार राति ८:४० प्रसारण भैरहेको सामाजिक टेलिश्रृंखला 'परिचय' नेपाल टेलिभिजनबाट प्रसारण भएका टेलश्रृंखलाहरूमध्ये सबैभन्दा लामो श्रृंखला साबित भएको छ। ०६१ साल पुस ८ गतेबाट प्रसारण प्रारम्भ भएको उक्त श्रृंखलामा निर्देशक लामिछानेकी श्रीमती तथा अभिनेत्री सरिता लामिछानेको केन्द्रीय भूमिका छ। निर्देशक लामिछानेका अनुसार हालसम्म उक्त श्रृंखलाका १ सय १३ भाग प्रसारण भैसकेको छ भने थप श्रृंखला निर्माण भैरहेको छ। यसका साथै सामाजिक श्रृंखलाहरूको सर्वेक्षणमा पनि 'परिचय' पहिलो स्थानमा रहेको लामिछानेले बताए। लामिछाने यसपछि अर्को एक 'मेघा' टेलिश्रृंखला निर्माण एवं निर्देशन गर्ने तयारीमा छन्।

# आजदेखि चलचित्र महोत्सव



चलचित्रको व्यापार गिर्दो अवस्थामा रहेका बेला प्राविधिक संघले चलचित्र महोत्सव गर्ने भएको छ। आज शुक्रबार प्रारम्भ हुने उक्त महोत्सवमा तीन दर्जन चलचित्रले प्रतिस्पर्धा गर्नेछन्। संघले पहिलो पटक गर्न लागेको यो महोत्सवमा २९ विधामा पुरस्कार प्रदान गरिनेछ। २०६२ मा चलचित्र विकास बोर्डले आयोजना गरेको महोत्सवपछि २०६३ मंसिरसम्म प्रदर्शनमा आएका चलचित्र समावेश हुने भनिए पनि विकास बोर्डको महोत्सवमा प्रतिस्पर्धी रहिसकेको चलचित्रलाई पनि यो दौडमा समावेश गरिएको छ। महोत्सव दुई सातासम्म चल्नेछ।

जुरी र सम्मानित हुने चलचित्रकर्मीको नाम गोप्य राखिएको यो महोत्सवमा प्रतिस्पर्धी चलचित्रको नामसमेत सार्वजनिक गरिएको छैन। अक्सर विवादमा पर्ने चलचित्र एवार्ड कार्यक्रम यस पटक कति विवादास्पद हुन्छ, हेर्न बाँकी नै छ। चलचित्र क्षेत्रमा सकारात्मक सन्देश जाओस् भन्ने हेतुले कार्यक्रम गर्न लागिएको संघका महासचिव मनोज केसीले साप्ताहिकलाई बताए। प्राविधिक संघ चलचित्र निर्माणमा पर्दापछाडि कार्यरत प्राविधिकहरू सम्मिलित संस्था हो।

**महोत्सवमा प्रतिस्पर्धा गर्ने भनिएका चलचित्रहरू :**

*पापी मान्छे, अभिमन्यू, मानिस, दादागिरी, कृष्ण-अर्जुन, भरोसा, बसाइँ, कर्मयोद्धा, निखिल दाइ, दुर्गा, लवकुश, क्रोध, सावधान, हामी ट्याक्सी ड्राइभर, फेरि अर्को साइनो, ए... पण्डित बाजे, भाइ-भाइ, राम-लक्ष्मण, शक्ति, बिन्तीपत्र, हिम्मत, दुनियाँ, आमाको काख, मनमा माया, जीवनदाता, बज्रपात, राजु राजाराम, धड्कन, भाग्य, अजम्बरी नाता, परें नि माया जालैमा, मुगलान, मैदान, हंगामा।*

यी चलचित्रको प्रदर्शन आज शुक्रबारदेखि बानेश्वरस्थित शिवदर्शन हलमा गरिनेछ। दिनको दुईवटा चलचित्र प्रदर्शन गरिने महोत्सवको उद्घाटन चलचित्र बसाइँबाट गरिनेछ। चलचित्र प्रदर्शनकार्य समाप्त भएपछि मात्रै एवार्डको घोषणा हुने बताइन्छ।

# नेक्स्पो वीरगन्ज २००७ मा भीड




वीरगन्ज– वीरगन्ज उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र आयोजक जिल्ला विकास समिति पर्सा तथा वीरगन्ज उपमहानगरपालिका सहआयोजक नेपाल पर्यटन बोर्ड, प्रबन्धक एस्टिक्स एडभर्टाइजिङको व्यवस्थापनमा सञ्चालित ९ दिने वीरगन्ज महोत्सवको चौथो दिन आयोजकहरूले अनुमान गरेको भन्दा निकै बढी ५० हजारले मेला अवलोकन गरे। फागुन १२ गते शनिबार नेपाल आदिवासी जनजाति महासंघले आह्वान गरेको वीरगन्ज बन्दले मेलालाई कुनै प्रभाव पार्न सकेन। तेस्रो दिनसम्म दर्शनार्थीहरूको न्यून उपस्थिति रहेपछि चौथो दिन अपार भीड भएकाले आयोजकहरू निकै उत्साही भए।

पाँचौं दिन बिहान सबेरैदेखि मसिनो वर्षातका कारण मेलालाई प्रभाव पार्‍यो। मेलाको चौथो दिन कलाकार सुगम पोखरेल, प्राश्ना शाक्य, सिनी गुरुङ तथा एक्स-मन्त्र ब्यान्डले दर्शकहरूलाई निकै मनोरन्जन गराएको थियो।

१ सय ८० वटा स्टल रहेको मेलामा सवारी साधन, कार, मोटरसाइकल, कपडा, परिकार, पर्यटन, सूचना, कृषि आदिसम्बन्धी स्टलहरू राखिएका छन्।

**–उत्तम खड्गी**

## साताको स्वर



### सविना कार्की

**मेरो राजा टाढै बस.............कस्तो प्रकारको गीत हो ?**
सफ्ट मेलोडियस गीत हो। यो गीतमा रोमान्टिक र मायाप्रेमको कुरा धेरै छ।

**श्रोताहरूको प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**
एकदमै राम्रो छ। मीठो भाका र नयाँ शैलीको भएको प्रतिक्रिया पाएकी छु।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
गीतलाई न्याय गरेर तयार भएको छ, सरल छ।

**गीतको भाव कस्तो छ ?**
प्रेमिकाले प्रेमीलाई धेरै नजिक भएकाले टाढै बस राजा भनेको भावमा आधारित छ। म्युजिक भिडियोको छायाङ्कन पनि यही कन्सेप्टमा आधारित छ।

**यो गीत लोकप्रिय हुन्छ भन्ने आधार के छ ?**
गीत नयाँ किसिमको छ, यसमा मिठास पनि छ। पर्याप्त मेहनत गरेकाले श्रोताहरूले अवश्य पनि मन पराउनुहुन्छ भन्ने आशा लिएकी छु।

"**फूलैफूल** मात्र पनि होइन रहेछ जीवन', 'हुरीले उडाउन सकेन', 'तिम्रो सिउँदो सजाइदिने मेरो एउटै धोको' जस्ता सदाबहार आधुनिक गीत तथा 'साइँली र माइँली पोइल गएछन्', 'घर त लगनखेल' जस्ता रमाइला लोकगीतका सर्जक तथा गायक मधु छेत्री आफ्नो तीस वर्षे लामो सांगीतिक यात्रामा पहिलो पटक एकल कार्यक्रममा देखा पर्दैछन्। गायक तथा संगीतकार छेत्री पर्सि आइतबार साँझ फागुपूर्णिमाका अवसरमा उनले नै गाएको फागुगीत 'जोगिरा सरररर' गाउँदै नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रस्तुत हुँदैछन्। पप र ऱ्याप गीतहरूको बेलामा आधुनिक गीतहरूले पाउनुपर्ने चर्चा नपाएकै कारणले पनि उनी आफ्नो एकल सांगीतिक कार्यक्रम गर्न तम्सिएका हुन्। 'मधु छेत्री एकल साँझ-२०६३' शीर्षक राखिएको उक्त कार्यक्रममा आफ्ना दुई सय पचास गीतमध्ये डेढ दर्जनभन्दा बढी गीत प्रस्तुत गर्ने छेत्रीले बताए। कार्यक्रममा हास्यकलाकार जोडी जीतु नेपाल र दमन रूपाखेतीले पनि धेरैपछि एउटा प्रहसन प्रस्तुत गर्दैछन्।

"**हिंड्ने** मान्छे लड्छ', 'म हुँ प्रकृति' जस्ता रक गीतहरूबाट युवापुस्तामा छाप छोड्न सफल चितवनको रक संगीत समूह 'स्याडोज' नयाँ म्युजिक भिडियोको निर्माणमा ढिलाइ हुँदा छायाँमा परेको छ। हालै 'रकमाण्डु कन्सर्ट'मा आफ्ना केही गीत प्रस्तुत गरेपनि नयाँ म्युजिक भिडियो सार्वजनिक गरेको भए उनीहरूले अझ चर्चा पाउने केही संगीतकर्मी बताउँछन्। स्याडोज समूहका व्यवस्थापक रूपेश भने तीन महिनाअघि नै नयाँ म्युजिक भिडियो 'धर्म' सार्वजनिक हुनुपर्नेमा आधाजति काम सकिएपछि समूहका सबै सदस्य विभिन्न कन्सर्टमा व्यस्त भएकाले ढिलाइ भएको बताउँछन्। रूपेशका अनुसार म्युजिक भिडियोका छायाँकार प्रमोद कार्की कामविशेषले भारत गएकाले पनि म्युजिक भिडियो निर्माणकार्य रोकिएको हो। अब आगामी साता उक्त गीतको म्युजिक भिडियोको काम थालिने पनि उनले बताए। प्रनव जोशीको निर्देशनमा धर्म र जातीयताका बारेमा सन्देश दिने प्रकारको उक्त रक गीतको म्युजिक भिडियोमा नाट्य समूह आरोहणका कलाकारहरूले अभिनय गरिरहेका छन्।

**चलचित्र** संगीतमा लोकप्रियता कमाएका संगीतकार शम्भुजित बास्कोटा हाल केही चलचित्रहरुका अतिरिक्त अन्य एल्बमहरुमा संगीत दिनमा पनि व्यस्त भएका छन्। हालै हरिसिंह थापाको रचनामा रामकृष्ण ढकाल, स्वरुपराज आचार्य, कर्णदास, राजु लामा, दीपेशकिशोर, कुन्ति मोक्तान आदि कलाकारहरुको स्वरमा बास्कोटाको संगीत रहेको एल्बम 'मन उड्यो' सार्वजनिक भएको छ भने उनकै संगीतमा सविना मिश्रद्वारा रचित साई भजन तथा गजलहरुको संग्रहको रेकर्डिङ् कार्य पनि सकिएको छ। उक्त साई भजन तथा गजल संग्रहमा रामकृष्ण ढकाल, नरेन्द्र प्यासी, जगदिश समाल, सत्यराज, स्वरुपराज आचार्य, कुन्ति मोक्तान अञ्जु पन्त, मनोजराज लगायत १२ जना गायक/गायिकाको स्वर सुन्न पाइन्छ।

**अस्ट्रेलियामा** बसोबास गर्ने लोकगायिका सुजाता केसीले काठमाडौं आएको मौका पारेर आफ्नो पाँचौं लोकगीत संग्रह सार्वजनिक गरेकी छिन्। 'चुलबुले मन' शीर्षकको उनको उक्त लोकगीत-संग्रहमा गायकहरू धमेश दुलाल, कमल खत्री, अराज केशव, महेशकुमार केसी, नवराज घोरासैनी, खेम गुरुङ, चन्द्रकुमार दोङ, सुजल कर्माचार्य आदिले पनि साथ दिएका छन्। दरबार होटलमा एक समारोहको आयोजना गरी उक्त लोकगीत संग्रह विमोचन गरिएको थियो। २०३६ सालमा रत्न रेकर्डिङ संस्थानद्वारा आयोजित संस्थानस्तरीय लोकगीत प्रतियोगितामा नेपाल राष्ट्र बैंकबाट सहभागी गायिका केसी प्रथमसमेत भएकी थिइन् भने २०५८ सालपछि उनी सपरिवार अस्ट्रेलिया बसोबास गर्दै आएकी छिन्।

### अफबिट





होलीको रंग : गायक राजु लामा, जेम्स प्रधान तथा योगेश्वर अमात्य मोडलहरूका साथ होली खेल्दै।
तस्बिर : साइबर संसार डटकम

**गायक** अनिल सिंह भारतको पश्चिम बंगाल क्षेत्रका दुई स्थानमा एकल सांगीतिक कार्यक्रम गरेर यसै साता राजधानी फर्किएका छन्। गायक सिंहका इभेन्ट म्यानेजर अभयबाबु प्रसाईं 'जोन'ले साप्ताहिकलाई जानकारी गराएअनुसार एल्बम बजारमा आउनुअघि अनिलले बेलायत तथा अमेरिकाका थप कार्यक्रम प्रस्तुत गरेका थिए। यसैअनुरूप भारतको पश्चिम बंगालका बागडोगरा र दुधेमा उनी कार्यक्रम गर्न पुगेका हुन्। जोनका अनुसार बागडोरामा अनिललाई अर्का गायक प्रमोद निर्वाणले साथ दिएका थिए भने दुधेमा हास्यकलाकार नारद खतिवडाले एकल प्रहसन प्रस्तुत गरेका थिए। गायक अनिल सिंहले केही समयभित्रै राजधानीमा एकल कार्यक्रम गर्ने पनि जोनले बताए।

**गजल** तथा आधुनिक गायनमा चर्चा कमाउँदै गएका गायक जगदीश समाल हिट्स एफएम म्युजिक एवार्ड पाएपछि कार्यक्रमहरूमा निकै व्यस्त हुन थालेका छन्। विभिन्न एल्बममा उनलाई गीत गाउने अवसर प्राप्त हुन थालेको छ। यसबीच गत शुक्रबार उनी संखुवासभाको खाँदबारीमा सम्पन्न एक सांगीतिक कार्यक्रममा सहभागी भए। स्थानीय किराँत विद्यार्थी संघद्वारा आयोजना गरिएको उक्त कार्यक्रममा गायक समालका साथ गायिकाद्वय आभा मुकारुङ तथा पार्वती गुरुङ पनि सहभागी थिए।

**गायक** प्रकाश पौडेल, जापानकी गायिका मिकाका साथै धरानका गायक किशोर थुलुङसँग एक सामाजिक कार्यक्रममा सहभागी हुन आज शुक्रबार भेडेटारबाट पैदल जानुपर्ने गाउँ नाम्दे प्रस्थान गर्दैछन्। भारतीय मूलका अमेरिकी नागरिक राजीव गोयल पाँच वर्षअघि उक्त गाउँमा दुई वर्ष बसेका थिए। त्यतिबेला उनले स्थानीय गाउँलेहरू पिउने पानी ओसार्न दुई घण्टा हिंडेर अर्को गाउँ गएको देखेका थिए। उनीहरूको समस्या समाधान गर्ने हेतुले समाजसेवी गोयलले अमेरिकाबाट रु. ४० लाख बराबरको सहयोग उपलब्ध गराए र आफ्नै पहलमा गाउँलेहरूको श्रमदानबाट बोरिङ गरेर गाउँसम्म पानी पुऱ्याए। गोयलले उक्त गाउँमा तीनवटा विद्यालय भवन पनि निर्माण गरिदिएका छन्। भोलि शनिबार त्यहाँ गरिने कार्यक्रमको उद्देश्य भने मनोरञ्जन गतिविधिबाट टाढा उक्त गाउँका बासिन्दाहरूलाई मनोरञ्जन दिनु हो। रोटरी क्लब अफ धरानको सहयोगमा आयोजना हुन लागेको उक्त कार्यक्रममार्फत धरानका व्यापारीहरूले गाउँको विकासका लागि चन्दा प्रदान गर्नेछन्।

**चलचित्र** तथा आधुनिक गीतका संगीतकार सुरेश अधिकारीलाई यस वर्षको नारायणगोपाल युवा संगीत पुरस्कारद्वारा सम्मानित गरिएको छ। स्वरसम्राट् नारायणगोपाल गुरुवाचार्यको पुण्यस्मृतिमा राष्ट्रिय युवा सेवा कोषद्वारा स्थापित ३० हजार रुपैयाँसहितको उक्त पुरस्कार गत बिहीबार एक समारोहबीच संस्कृतिविद् सत्यमोहन जोशीद्वारा संगीतकार अधिकारीलाई प्रदान गर्नुभयो।

**राजधानीको** भृकुटीमण्डपमा 'टुबोर्ग लोकदोहोरी प्रतियोगिता' प्रारम्भ भएको छ। आगामी फागुन २६ गतेसम्म चल्ने उक्त लोकदोहोरी प्रतियोगिता विगत दुई वर्षदेखि आयोजना हुँदै आएको छ। कार्यक्रमको आयोजना नेपाल लोकदोहोरी सांस्कृतिक व्यवसायी संघले गरेको हो। यस पटक प्रतियोगितामा कुल ५० वटा दोहोरी समूह सहभागी छन्।

## लाइभ शो

-पुतलीसडकस्थित धौलागिरि दोहोरी साँझमा हरेक दिन साँझ ६:३० बजेदेखि राति ११:०० बजेसम्म लोकदोहोरीको प्रत्यक्ष आनन्द लिन पाइन्छ। उक्त रेस्टुराँमा लोकगायक विपिन पाण्डे, सागर बोहोरा र तेज तथा लोकगायिकाहरू ज्ञानु राना मगर, लक्ष्मी भुजेल, सुमित्रा केसी र तारा शिरीषमगरले हरेक साँझ लोकप्रिय भाकाहरू घन्काउँछन्।

# पाँच वर्षपछि मुक्ति



**साप्ताहिक समाचार**

काठमाडौं- उहिल्यैदेखि श्रोताहरूलाई नेपाली रक गीत सुनाउन लागिपरेका पुराना रक ब्यान्डहरूमध्ये 'मुक्ति एन्ड रिभाइवल' समूह अहिलेको पुस्तामा पनि उत्तिकै चर्चित छ। गत शुक्रबार साँझ यो समूहका गायक मुक्ति शाक्य लाजिम्पाटस्थित लजना रेस्टुराँमा झुल्किए। शाक्य भन्दै थिए- 'गितार समातेर गाउन थालेको ०३८ सालदेखि हो।' उनले उक्त समूह गठन भएको दस वर्ष पूरा भएको पनि बताए।

यद्यपि उनी विगत पाँच वर्षदेखि स्पेनमा बसोबास गर्दै थिए। दोस्रो एल्बम 'बुझाइदेउ' बजारमा ल्याएपछि उनी पाँच वर्षजति स्वदेशी मञ्चमा देखा परेनन्। अब उनी आफ्नो नवीन एल्बम 'देख्दैछु' सार्वजनिक गर्ने तयारीमा छन् भने आउँदो फागुन २६ गते राजधानीको भृकुटीमण्डपमा पाँच वर्षपछि गीत तथा संगीत प्रस्तुत गर्दैछन्। 'कलंकीको जाम', 'डल्ली रेसम' जस्ता गीतबाट चर्चामा रहेका मुक्ति तथा उनको समूह यसपटक अन्य दुई समूह 'लुज:' र 'एचएमजी-मिनिस्ट्री अफ रक'का साथ राजधानीका युवाहरूलाई आफ्ना 'अल्टरनेटिभ रक' गीतहरू सुनाएर मनोरञ्जन गराउँदैछन्। केटिएम रक्सको आयोजनामा कार्यक्रमको शीर्षक 'आइडिज अफ मार्च' राखिएको छ।

हाल यो समूहमा रविन श्रेष्ठ, रोशन कंसाकार तथा मुक्तिसहित तीन जना छन्। बेला-मौकामा उनलाई धर्मपत्नी मारियाले पनि किबोर्ड बजाएर साथ दिन्छिन्। शुक्रबार रेस्टुराँमा रहेका इस्टमित्रहरूलाई आफ्ना केही गीत सुनाउनुअगावै उनले आफ्नै शैलीमा भने- '१९ र १६ वर्षका दुई छोराका बाबु भए पनि मैले अहिलेको पुस्ताको चाहना बुझेको छु।' आगामी एल्बममा उनी संविधानसभा, लोकतन्त्र, गणतन्त्रजस्ता जल्दाबल्दा मुद्दालाई पनि रकगीतमा समेट्दैछन्।

## नजिकबाट — बद्री पंगेनी

| | | |
|---|---|---|
| जन्ममिति | : | नभनौं होला, सबै युवतीले भाइ भन्छन्, असार १६ गते |
| घरमा बोलाउने नाम | : | बद्री |
| नामको अर्थ | : | भगवान्को नाम, खाने फल बयर भन्ने पनि बुझिन्छ |
| तपाईंको परिचय | : | गायक |
| जन्मस्थान | : | पाल्पाको रामपुर |
| तपाईंको गोप्य कुरा | : | अहिलेसम्म दाह्री काटेको छैन, खाना जहाँ गएर खाना खाए पनि थाल आफैं मोल्छु |
| विवाह | : | पाँच वर्षअघि |
| पहिलो एल्बम | : | तानसेन खस्यौली |
| प्रेरणा | : | स्थानीय गाउँघर |
| पहिलो प्रेम | : | १३ वर्षअघि श्रीमतीसँग |
| पहिलो डेटिङ | : | सिल्टुङबारीमा |
| हनिमुन | : | पोखरा |
| पहिलो प्रेमपत्र | : | १३ वर्षअघि उनैले पठाएको |
| पहिलो पटक बजाएको बाजा | : | मादल |
| मनपर्ने परिकार | : | मासुका हरेक परिकार |
| मनपर्ने रंग | : | कालो |
| पहिलो उपहार | : | साथीले पेटी (बेल्ट) दिएको |
| मनपर्ने मौसम | : | पानी परिरहेको मौसम |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | टेलिभिजन हेर्ने, पत्रिका पढ्ने, खेल खेल्ने |
| कत्तिको व्यस्त हुनुहुन्छ | : | काम पनि छैन, फुर्सद पनि छैन तर कुकुर पनि हैन |
| मनपर्ने संगीत | : | लोकसंगीत |
| रिस उठेको बेला | : | रुन्छु |
| मनपर्ने आफ्नै बानी | : | गल्ती गरेको महसुस गर्न सक्छु |
| खराब बानी | : | घमन्डी |
| सबैभन्दा बढी माया | : | छोरी |
| पहिलो चुम्बन | : | भुपू प्रेमिका अहिलेकी श्रीमती |
| रमाइलो क्षण | : | पहिलो एल्बम रेकर्ड गराउँदा |
| नरमाइलो क्षण | : | कर्म दिने आमालाई गुमाउँदा |



## जीतु'चाको जोक्स

jitendra_rajb@hotmail.com



बिक्रम चलचित्र हेर्दै थियो, पर्दामा अचानक एउटा बाघ देखा परेछ। बिक्रम ठूलो स्वरमा चिच्याउँदै आफ्नो सिटबाट उफ्रँदै हलको पछाडिको ढोकातिर भागेछ। यसरी पर्दाको बाघ देखेर डराएको देखेर हलको टिकट काट्ने केटा बिक्रमलाई रोक्दै : के हो दाइ, चलचित्रको बाघ देखेर पनि त्यसरी डराउने? यो त चलचित्र हो, चलचित्र।

टिकट काट्ने केटाको कुरा सुनेर बिक्रमले जवाफ दिएछ : मोरा, तैँले सिकाउनुपर्छ मलाई यो चलचित्र हो भनेर। म त मानिस हुँ, मेरो पो बुद्धि छ, त्यसैले मलाई थाहा छ यो चलचित्रको बाघ हो, तर त्यो त जङ्गली जनावर हो, त्यसलाई के थाहा– म चलचित्र हेर्न आएको भनेर।

०००

एक कक्षामा पढ्ने विद्यार्थीलाई गणित शिक्षकले प्रश्न गरेछन् : ल भन प्रविन, २ मा २ जोडे कति हुन्छ ?

प्रविन : (आफ्नो औंला गन्दै) ४ सर।

शिक्षक : औंला नगनीकन भन्नुपर्छ। ल हात पछाडि राख। प्रविन हात पछाडि राख्छ। शिक्षक फेरि प्रश्न गर्छ : ल अब भन, ३ मा ४ जोडे कति हुन्छ ?

प्रविन : (विस्तारै पछाडिको हातका औंला गन्दै एकछिनपछि) ७ सर।

शिक्षक : फेरि औंलामा गनेर। तिम्रो दुवै हात पाइन्टको खल्तीभित्र राख।

प्रविन दुवै हात आफ्नो प्वाल परेको खल्तीमा राख्छ। शिक्षक फेरी अर्को प्रश्न गर्छ : ल अब भन, ५ मा ५ जोड गर्दा कति हुन्छ ?

प्रविन निकै बेरपछि : सर ११।

०००

विश्वभरिका बिरालाहरूको सम्मेलन चलिरहेको थियो। सम्मेलनमा विश्वका थुप्रै देशका हजारौं बिरालाको सहभागिता थियो। सम्मेलनमा बिरालाको हक-हितबारे निकै बहस चलिरहेको थियो तर एउटा विषयमा भने उनीहरूको वादविवाद चर्केर मञ्चमा बस्ने बिरालाहरू र सम्मेलनमा भाग लिने बिरालाहरूका बीच हात हालाहाल हुन पुगेछ। सम्मेलनको अगाडि मञ्चमा बसेको एउटा लुरे बिरालोले त सम्मेलनमा भाग लिएका एकसे एक ढाडे बिरालाहरूलाई एक-एक मुड्कीमै ढलाइदिएछ। यो देखेर नेपालबाट सहभागी भएको एउटा बिरालो छक्क परेछ र उसको बलको प्रशंसा गर्दै सोधेछ : ओहो ! तपाईंले त एक-एक मुड्कीमा अमेरिका, जापानजस्ता विकसित देशका ढाडे बिरालाहरूलाई पनि एक मुक्कामा नै तह लगाइदिनुभयो त। के हो कराँतेमा ब्लाकबेल्ट नै लिनु'भा जस्तो छ नि ?

लुरे बिरालोले भनेछ : होइन होइन, म ब्ल्याकबेल्ट-स्ल्याकबेल्ट त्यस्तो केही पनि होइन भाइ।

नेपालको बिरालो उत्सुक हुँदै: त्यसो भए तपाईंको यो बलको राज के हो त ?

लुरे बिराला यतायता हेर्दै सानो स्वरमा : यसको राज के हो भने नि भाइ, म वास्तवमा बिरालो होइन नि। म त सोमालियाको बाघ हुँ बाघ।

# लघुकथा

## प्रेमी नम्बर १७



सात कक्षा पढ्दादेखि नै गीतालाई प्रेमपत्र आउन थाल्छन्। प्रेमपत्र आउनु पनि स्वाभाविक नै छ, किनभने ऊ कक्षाकी मात्र होइन, विद्यालयकै राम्री किशोरी हो। कक्षा ५ पढ्दादेखि उसमा जवानीका लक्षण देखिए पनि भविष्यमा ऊ यति राम्री होली भनेर कल्पनासम्म गर्न सकिदैनथ्यो। यही सौन्दर्यले शिक्षक, विद्यार्थी सबैलाई मोहनी लगाएको थियो। शिक्षकहरू ठिटाहरू जस्तो प्रेम गर्न सक्दैनथे, त्यसैले स्नेह गरेझैं गीताको नजिक हुन्थे। विद्यार्थीहरूमा अनुशासन तोड्ने लहड हुन्छ, त्यसैले उनीहरू बोर्डमा गीतासँग नाम जोडेर आफ्नो प्रेमको विज्ञापन गर्थे। केही हिम्मतिला युवकहरू आफ्नै नाममा प्रेमपत्र लेख्थे र शिक्षकहरूको पिटाइ खान्थे। पिट्ने शिक्षक त्यही हुन्थ्यो जसका मनमा गीताप्रति सुशुप्त प्रेम हुन्थ्यो। शिक्षक गीतालाई प्रेमपत्र लेख्ने व्यक्तिप्रति खनिन्थ्यो, मानौं गीता त्यही शिक्षककी प्रेमीका हो।

केही समयपछि युवकहरूले गीतालाई प्रेमपत्र लेख्नु, गीताले शिक्षकलाई भन्नु र पत्र लेखकले पिटाइ खानु नियमित कार्य हुन थाल्यो। प्रेममा हजार चोट जायज छ भन्ने मानेरै होला, केही समयपछि गीताका प्रेमीहरूबीच कसले बढी प्रेमपत्र लेख्ने र कसले बढी पिटाइ खाने होड चल्न थाल्यो। गीतालाई प्रेम गरेर पिटाइ खाएको खबर घरसम्म पुग्न थालेपछि आमा-बुबाले केही युवकको विद्यालय सरुवा गरिदिए। केहीले घरसम्म कुरा पुग्ने डरले प्रेम गर्न छाडे तर दुईजनाले प्रेम गर्न छाड्दा गीतालाई प्रेम गर्ने युवाको लिस्टमा चारजनाको नाम थपिन्थ्यो। कक्षा १० मा पुग्दासम्म प्रेमपत्र लेखेर नियमित पिटाइ खाने विद्यार्थीको संख्या १० पुग्यो भने पहिले प्रेमपत्र लेखेर छाड्नेको सङ्ख्या १४ पुगिसकेको थियो।

प्रवेशिका परीक्षा दिएपछि फुर्सदको समयमा गीताले आफूलाई प्रेमपत्र लेख्नेहरूको एउटा लिस्ट बनाई। त्यसमध्ये १७ जना उसका लागि जस्तोसुकै त्याग गर्न तयार थिए। उसले मनमनै ती १७ मध्ये एकजनालाई जीवनसाथी रोज्ने मनसाय बनाएर काठमाडौं पुगी। उसको लिस्टमा परेका केही प्रेमी पनि परीक्षापछि काठमाडौं पुगे। काठमाडौंको ठूलो संसारमा पुगेपछि गीतालाई विद्यालयको जस्तो प्रेमपत्र आउन छाड्यो न त गीताका लागि कुटाइ खाने धैर्य नै सहरका युवामा थियो। त्यसपछि गीताको जीवन निरासामा बित्न थाल्यो। कहिलेकाहीं उसका पुराना प्रेमीहरू भेट्न खोज्थे तर प्रेमपत्र भने लेख्दैनथे। अब प्रेमपत्रबिनाको जीवन उसलाई निरास लाग्न थाल्यो।

काठमाडौंको डेरामा उसले एक रात आफ्ना १७ जनाको लिस्ट राम्रोसँग हेरी। आफ्ना लागि सधैंजसो पिटाइ खाने साथी र पिट्ने शिक्षक दुवैथरीका प्रेमीहरूलाई सम्झेर कविता लेख्न थाली। कविता लेखेर पनि उसलाई चित्त बुझेन। मध्यरातमा ऊ अचानक डाँको छाडेर रुन थाली।

–रामकुमार राई


आफ्नो क्षमताको पहिचान गरौं र देश निर्माणको लागि यसको उपयोग गरौं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# कविता

## कोही छैनन्



सुनाउन खोज्छु मनका व्यथा
सुनिदिने कोही छैनन्
पल्टाउन खोज्छु अतीतका पाना
पढिदिने कोही छैनन्
बनाउन खोज्छु सपनाको महल
बसिदिने कोही छैनन्
देखाउन खोज्छु मनभित्रको माया
हेरिदिने कोही छैनन्
डोऱ्याउन खोज्छु सँगसँगै यहाँ
दोबाटो छेक्ने कोही छैनन्
सजाउन खोज्छु प्रेमको मन्दिर
पुजारी यहाँ कोही छैनन्
बनाउन खोज्छु आफन्त यहाँ
साइनो जोड्ने कोही छैनन्।

–विनु सुब्बा

## यसरी रोएँ म

रुनुपर्ने बँध्यता परेर रोएँ
दुःखपूर्ण विलौना गरेर रोएँ
आपत्तिमा साथ दिने को हुन्छ र !
भीडबाट एकान्त सरेर रोएँ
बलेको आगो ताप्दारै'छन् जोसुकै पनि
हुँदाहुँदै जिउँदो मरेर रोएँ
वारि आफ्नो भन्ने कोही नभएपछि
त्यसैले खोलापारि तरेर रोएँ
दुःखी साथी 'वसन्त'ले देख्ला कि भनी
लेकबाट बेसीमा झरेर रोएँ।

–वसन्त खत्री

## यदि सक्छौ भने

फूल हो जीवनमा यदि फुलाउन सक्छौ भने
याद हो जीवन यदि सम्झन सक्छौ भने
अमृत हो जीवन यदि पिउन सक्छौ भने
सागर हो यो जीवन यदि तर्न सक्छौ भने
खुसी हो जीवन यदि सजाउन सक्छौ भने
शौभाग्य हो जीवन यदि सजाउन सक्छौ भने
प्रकाश हो जीवन यदि उज्यालो छर्न सक्छौ भने
मोती हो जीवन यदि सागरबाट टिप्छौ भने
साथ हो जीवन यदि हात समाउन सक्छौ भने
भावना हो जीवन यदि मनका भाव बुझ्छौ भने
ढुकढुकी हौ तिमी मेरो धड्कन मेरो सुन्छौ भने
तिमी मेरो भगवान् हौ मेरो निश्चल माया पुज्छौ भने
त्याग हो जीवन यदि बलिदान गर्न सक्छौ भने
पवन हो जीवन यदि बिहानीमा रम्छौ भने
स्वर्ग हो जीवन यदि बनाउन सक्छौ भने
पूर्णता हो जीवन यदि अपूर्णता हट्छ भने।

–राधा पोखरेल

## सम्झना



नचाहँदै विवशताले खुसी मेरो अल्झाइदियो
सञ्चै थियो मुटु मेरो सम्झनाले बल्झाइदियो
चाहन्थें एक्लो हुन दुई मुटुको मिलनमा
के नै अर्थ रहन्छ र एक्लो जीवन जिउनुमा
घायल भयो मुटु मेरो उनकै यादले सताइदिँदा
आँखा पनि सुख्खा भए रातभरि रुँदारुँदा
सपनीमा देख्छु उनलाई बिपनीमा हुन्न साथमा
छिया-छिया भयो मुटु बिछोडिँदा अन्तरआत्मा
बालुवाको घरजस्तो भयो मेरो मनको महल
यो जुनीमा अपूरै हुने भयो मेरो मनको रहर।

–एस. कुमार



हालै विवाह-बन्धनमा बाँधिएका जेठान दाजु प्रदीप तथा दुर्गालक्ष्मीलाई ढिलै भए पनि हार्दिक बधाई तथा शुभकामना ।

**देवनन्दन/अहिल्या**

अविना, तिमीलाई जन्मदिन तथा सुखी जीवनको शुभकामनाका साथै म जति रोए पनि तिमी सधै हाँसिरहनु, श्री पशुपतिनाथसँग तिम्रो दीर्घायुको कामना गर्दछु ।

**गणेश**

पूजा, तिमीले मेरो प्रेमलाई कुल्चिएर मेरो मायालाई बदनाम गरिदियौ । मलाई यसरी एक्लै रुवाएर छाड्ने मन थियो त किन मसँग मायाको नाटक गर्‍यौ ? तिमीले गर्दा आज म दुनियाँका सामु घृणित भएर बाँच्न विवश छु । जहाँ भए पनि तिमीलाई सधैंभरि मेरो माया छ ।

**आकाश**

उमा, हरपलको सम्झना । म तिम्रो मायामा हराएको छु । म तिमीलाई एकदम चाहन्छु, आशा छ तिमी पनि मलाई चाहन्छ्यौ । मैले तिमीलाई चिठी पठाएको थिएँ पायौ होला । खै उत्तर त आएन नि ?

**राज**

विमला, म तिमीलाई सबैलाई आश्चर्यचकित पार्ने स्तरको माया गर्छु ।

**एस.बी.**

प्रिय, म बाँचुन्जेलसम्म तिमीलाई कहिल्यै पनि बिर्सन सक्नेछैन, तिम्रो धेरै शंका गर्ने बानी र रिसाएर झगडा गर्ने बानी दुवै नराम्रो तर तिम्रा दुवै बानी कहिल्यै छुट्दैनन् होला । तिमी नभए जिन्दगानी काँडा सरी छ... । अरूको कुरा धेरै नसुन ल ।

**अर्जुन**

नेपाल सिर्जनशील सदनका अध्यक्ष तथा जोसेभका शिक्षक श्रीराज थपलिया उच्च शिक्षाका लागि अमेरिका जान लाग्नुभएकाले सोही संस्थाका सचिव दिनेश, सदस्यहरू दुर्गा, दीपेश, पुष्कर, कविता, तथा शुभचिन्तकहरू महेश, अप्सारा, रामेश्वर, दीपा लगायत सम्पूर्ण आफन्तजन उहाँको सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**सिर्जनशील परिवार**

**सूचना**

**नयाँ वर्ष २०६४ का अवसरमा आफ्ना इस्टमित्र तथा शुभेच्छुहरूलाई साप्ताहिकमार्फत शुभकामना दिन चाहने पाठकहरूले आफ्नो शुभकामना सन्देश साप्ताहिकको कार्यालयमा चैत २० गते मंगलबारसम्म आइपुग्ने गरी पठाउन हुन अनुरोध गरिन्छ ।**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..........................................

वर्ण : .............................. .

इमेल : ..........................................

ठेगाना :..........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................

..........................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटो

# मेरी उनी

मेरी उनी कति सुन्दर थिइन् ? मृगनयनी आँखा, कल्कलाउँदो केश, चन्द्रमुखी मुहार, पीपलपाते ओठ, ओठभित्र टम्म मिलेका अनारका दानाजस्ता दन्तलहर, समग्रमा उनी कुनै परीभन्दा कम थिइनन् । उनको कोइलीको भन्दा मीठो बोली जुन म जति सुने पनि अघाउँदिनथें । म जति उनलाई माया गर्थें त्यो भन्दा अझ बढी उनी मलाई माया गर्थिन् । उनलाई आफ्नो सामु पाउँदा मलाई अपूर्व आनन्द महसुस हुन्थ्यो । हाम्रो माया निश्चल थियो, स्वार्थीपन रत्तीभर थिएन । उमेर सानै भए पनि चुलबुले माया थिएन न त बैंसले मात्तिएको माया नै थियो । त्यसैले त आज वर्षौं भयो त्यो मायाको सम्झना मलाई अझै आइरहन्छ ।

२०५० सालतिर हुनुपर्छ, त्यतिखेर म कक्षा ८ मा पढ्थें भने मेरी उनी सायद कक्षा ५ मा पढ्थिन् । हाम्रो स्कुल आउने-जाने बाटो एउटै पर्थ्यो । म आफ्ना केटा साथीहरूको समूहमा हुन्थें भने उनी आफ्ना केटी साथीहरूको समूहमा । यसबीच उनले मलाई मन पराउन थालिछन् । यो कुरा मैले उनको व्यवहारबाट थाहा पाएँ । मैले पनि उनलाई मन पराउन थालें । उनी मसँग आफ्नो प्रेम भएकोमा खुसी अनि गर्व महसुस गर्थिन् किनकि उनी स्वयं आफैले हाम्रो नाम जोडेर स्कुलको ब्ल्याक बोर्डमा लेख्दै हिंड्थिन् । कसैले सोध्यो भने मलाई भेट्न हिंडेको भनेर नलुकाई भन्थिन् । उनले मलाई यति धेरै माया गर्थिन् कि म अर्को कुनै केटीसँग बोलें भने उनी घुर्की लगाउँथिन् । उनमा डर थियो– आफूले मन पराएको मानिसले आफ्नो साथ छोडिदिन्छ कि भन्ने ।

समय यसरी नै अघि बढिरहेको थियो । यसबीच अनेक उतार-चढाव आए । मैले त्यसलाई आफ्नै तरिकाले समाधान गर्दै गएँ । उनी पनि हाम्रो सम्बन्धलाई निरन्तर अगाडि बढाउँदै गइन् । मैले उनको मप्रतिको मायालाई सच्चा हृदयले स्वीकार गरेको थिएँ ।

नियति र परिस्थिति हाम्रो सम्बन्धमा पनि तगारो बन्न आयो । करिब तीन वर्षपछि हाम्रो सम्बन्धले दुईवटा बाटो समात्न थाल्यो । नचाहँदा नचाहँदै पनि हामी टाढिन थाल्यौं । मलाई थाहा भएन दोष कसको थियो ? जे सोचेको थिएँ त्यो भएन र जे सोचेको दिइन त्यो भैदियो । हाम्रो सम्बन्ध जुन हामीले भोलि सुनौलो संसार बनाउने सपना सँगालेर बनाएका थियौं जुन मैदान, चौपारीमा हामीले मायाका कसम खाई महालुद्री भाकेका थियौं ती सबै सपना र कसम क्षणभरमै टुटेर गए । मनभित्रको सुन्दर संसार भत्किएर कहाँ गए म आफैलाई होस भएन ।

कर्मको खेल, त्यसपछि मेरो अर्को संसार सिर्जना भयो । जुन संसारमा म आज रमेको छु । उनी पनि आफ्नो बेग्लै संसारमा रमेकी छिन् । आफ्नो छुट्टै फूलबारीमा मायाको फूल फुलाएकी छिन् । मैले उनको स्वर्णिम जीवनको कामना गरेको छु । बालापनको पहिलो माया भुल्न गाह्रो हुँदो रहेछ तर नभुलेर पनि के गर्ने ? विकल्प केही छैन । मैले आफ्नो संसारमा रमाउन सक्नुपर्छ भने उनको संसारमा आँधी ल्याउनु हुँदैन । मैले उनको सुखको कामना गर्नुपर्छ र गरेको पनि छु । यो जन्ममा एक हुन नसके पनि अर्को जन्म पाएँ भने मैले उनलाई आफ्नो बनाउने वर मागेको छु ।




मेरी उनी, अहिले आफ्नो नयाँ संसारमा रमेकी छिन् । उनीसँग चार-पाँच वर्षको अन्तरालपछि मेरो अकस्मात भेट भएको थियो । त्यो भेटमा उनी मलाई पहिलेको उही मेरी मायालु जस्तो लाग्यो । कत्ति पनि फरक थिएन । उही पुरानो चुलबुले व्यवहार...। कतै दैवले फेरि हाम्रो भेट गराएको त होइन ? तर झसंग भएँ । त्यो सपना थिएन, वास्तविकता थियो । मैले सपनामा नअल्झिई विपनालाई आत्मसात् गर्नुपर्थ्यो । त्यो भेट मेरा लागि पुरानो घाउ बल्झाउने माध्यम बन्यो तर जे भए पनि हामी एक-अर्कबाट अलगिइसक्का थियौं, छुट्टिसक्का थियौं । अब पनि उही पुरानो घाउ कोट्याएर केही फाइदा थिएन ।


तिमी जहाँ छौ खुसी साथ रहेको सुन्न पाऊँ । सदैव तिम्रो सफलता एवं दीर्घायुको कामना गर्दछु । हामीबीच माया नरहे पनि असल मित्रको साइनो निभाउन चाहन्छु । आखिर एक दिन मरेर जानु नै छ भने किन मनमा पुरानो दोष लिएर बस्ने ?

**–एकान्त प्रेमी**


## साप्ताहिक साथी



-राजा घिमिरे मिलनसार व्यापारी हुन् । प्रवेशिका उत्तीर्ण गरेपछि व्यवसाय प्रारम्भ गरेका २१ वर्षीय गहुँगोरो वर्णका छन् । थोरै तर मिलनसार साथी बनाउने राजा त्यस्तै साथीको खोजीमा छन् । राजालाई इनरुवा -४ गणेशपुर, सुनसरी वा keshab_iskey@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



-प. हरी सेवामा समर्पित ५ फिट ३ इन्च अग्ला गुप्त आलेले १२ कक्षा उत्तीर्ण गरेका छन् । नम्र एवं हँसिलो स्वभावका कारण उनी आफ्ना साथीभाइबीच लोकप्रिय छन् । देशको सेवा गर्ने तथा पत्रमित्रतामा रुचि राख्ने आले धूम्रपान नगर्ने एवं धनी-गरिबबीच भेदभाव नगर्ने मित्रहरूको खोजीमा छन् । गुप्तलाई श्री सशस्त्र प्रहरी बल बेसक्याम्प, तुम्लिङटार विमानस्थल, संखुवासभामा पत्राचार गर्न सकिन्छ ।



-साहित्य संगीत एवं खेलप्रति रुचि राख्ने २५ वर्षीया एम.आर. मगर अविवाहित छिन् । साधारण लेखपढ गरेकी मगर गहुँगोरी छिन् । प्रकृति एवं खेलप्रेमी व्यक्तिसँग मित्रता गाँस्न चाहने मगरलाई actually_iprul@yahoo.com मा सम्पर्क राख्न सकिन्छ ।

# रंगौरंगाको वर्षा होली

**शिव शर्मा**

पोखरा- फागुपूर्णिमा आएपछि बाल्यावस्थामा जुन उमंग छाउँथ्यो अहिले पनि उस्तै छ मोडल कमला पुनलाई । अहिले पनि उनको मन चंगा भएको छ । धोको फेरेर यस पटक पनि होली खेल्ने योजना उनले बनाएकी छिन् । पुन भन्छिन्- ‘होलीमा नखेलेको रंग कैले खेल्ने नि ? यो भनाइप्रति उनको मात्र होइन, धेरै युवायुवतीको सहमति छ । सहमति मात्र होइन, उनीहरू यो उत्सवमा मस्ती भएपछि संसार भुलेको महसुस गर्छन् ।

गत वर्षजस्तै यो वर्ष पनि होलीको रमझमपूर्ण उत्सव छाइसकेको छ । धेरै तन्नेरीले होलीमा रंग खेल्नुसँगै विभिन्न योजना बनाउन थालिसकेका छन् । हुन त होलीले प्रायः तन्नेरीहरूलाई नै छुने गरेको छ । शरीर नै नचिनिने गरी लोला र अबिर हान्नेको घम्साघम्सी होलीमा औधी रमाइलो हुन्छ । खेल्नेहरू त भए नै, हेर्नेहरू पनि मख्ख पर्छन् । होली खेल्नेहरूले त संसारै बिर्सेको अनुभव गर्छन् । होली आउनुअगावै सहरबजारमा लुकी-छिपी पिचकरी बनाएर हान्नेहरू निकै देखिन्छन् । बाटोघाटो र गल्ली होलीका बेला रंगिन्छन् । रंगदेखि टाढा रहनेहरू सडक र गल्लीमा अहोदोहोर गर्न सक्दैनन् । घरको छतमा बसेर रंग मिसाएको पानी छ्याप्नेहरू झनै जोसिन्छन् होलीमा । रंगदेखि भाग्नेहरू भने यो कार्यबाट दिक्कै हुन्छन् ।



हुन पनि हिजोआज होली खेल्ने नाममा उच्छृङ्खलता पनि भित्रिएको छ । रंग छ्याप्ने नाममा अलकत्रा, मोबिल मिसाएर स्वास्थ्यलाई नै प्रतिकूल असर पार्ने वस्तुहरू पानीमा मिसाएर लोला हान्ने प्रवृत्ति बढेको छ ।

जसले होलीको नाममा विकृति ल्याएको छ । होली मनोरञ्जनसँगै सद्भावका रूपमा खेलिने रमाइलो पर्वका रूपमा हामीले लिनुपर्छ, रेडियो प्रस्तोता सरस्वती गुरुङ भन्छिन्- अरूको स्वीकृतिविना रंग लगाइदिनु राम्रो हुँदैन । नयाँबजारका ओम लामालाई पनि होली खेल्न त्यति मन पर्दैन । कुनै समय बाल्यकालमा होली खेल्दा एलर्जी भएपछि उनी चटक्कै होली खेल्न छाडेका हुन् । उनी भन्छन्- रंग खेल्नै हुँदैन, एलर्जी भैहाल्छ । उनी लोला र रंगबाट टाढा हुन होलीका दिन घरबाट बाहिर निस्कँदैनन्, तर अधिंकाश भने होली भनेपछि भुतुक्कै हुन्छन् । होली आउनुअगावै होलीको चहलपहल पर्यटकीय नगरीमा देखियो । मोडल अपेक्षा केसीलाई होली खेल्न सानैदेखि मन पर्थ्यो । यस पटक पनि साथीहरूसँग मिलेर होली खेल्नुपर्ला, -उनले भनिन । हो त, होलीमा रंगको वर्षामा भिज्नुको आनन्द एकातिर छँदैछ भने अर्कातिर यो पर्वलाई अझ मनोरञ्जन बनाउन युवायुवतीहरू नाचगान गरेर उधुमै रमाइलो पनि गर्छन् ।

होली आउनुअगावै युवायुवतीहरूलाई जुरुक-जुरुक बनाइहाल्छ । हिजोआज त झन् सहरका टोल र गल्लीमा लुकीछिपी बसेर युवायुवतीहरूले बाटोमा हिंडनेहरूलाई रंग र लोला हानेर दिक्कै पार्छन् । पोखरामा त झन् यो प्रवृत्ति हदै बढ्ने गर्छ प्रत्येक वर्ष आउने फागु पर्वमा । भिडियो पसलहरू होलीअगावै होलीसँग सम्बन्धित गीत गुन्जिन थालिसकेका हुन्छन् । पोखरेली तन्नेरीदेखि बालबालिकालाई होली उमंगले छोइसकेको छ । पर्वविशेषका रूपमा मनाउने गरिएको होली अहिले आएर रमाइलोका लागि मनाउन थालेको पाइन्छ । तर यो पर्व भनेको रंगरसकै पर्व हो भन्ने कुरा भने धेरैलाई थाहा छ । रंगकै वर्षा गराई उल्लासपूर्ण तरिकाले रमाइने भएकाले यो पर्वले मनोरञ्जनका रूपमा विकसित भएको हो, पृथ्वीचोकका मीनबहादुर केसीले बताए । तर हिजोआज पर्व जोगाउनका लागि भनेर होली खेल्ने चलनचल्तीमा भने निकै कमी आएको छ । हरेकले आ-आफनै तरिकाले होलीको रमझममा आफूलाई समाहित गर्दै रम्ने गरेका छन् ।

विशेषतः नेपालको तराई क्षेत्रमा विशेष रूपले मनाइने होली समयको क्रमसँगै अधिराज्यभरि उत्तिकै रूपमा मनाउन थालिएको छ । वयस्कहरूले आपसी मिलाप र सदाचारका रूपमा यो पर्वलाई लिन्छन् भने तन्नेरीहरू केवल मनोरञ्जन र रंगरसका रूपमा लिएर मग्न हुने गरेका छन् । थकाली जातिका लागि त फागुपूर्णिमा सबैभन्दा ठूलो पर्व हो । उनीहरू यो पर्वलाई तोरन्ल भन्ने गर्छन् । यो दिन उनीहरू पितृ पुज्नुका साथै छोरीचेलीलाई माइतीमा बोलाएर मीठा-मीठा परिकार ख्वाउँछन् । उता थकाली युवाहरू भने होली खेल्नुका साथै तारो हान्न पनि कस्सिन्छन् । जसले जुन रूपमा खेले पनि होली पर्वलाई विकृतितर्फ धकेल्नु हुँदैन, -स्थानीय संस्कृति-कर्मीहरूको भनाइ छ ।

# सफल मानिस हुन के गर्नुपर्छ ?

आफूलाई कहिल्यै बिर्सनुहुँदैन ।

**नर्बु लामा, दार्जीलिङ**

प्रचण्ड र बाबुरामले जस्तो जंगल पस्नुपर्छ ।

**सुशील सिंखडा**

जिन्दगीको अर्थ बुझ्नुपर्छ ।

**गीता खड्का**

मनीषाले जस्तो चलचित्र खेल्नुपर्छ।

**प्रियंका खड्का, सुन्दरीजल**

पहिले जुङ्गा पाल्ने र १२ वर्षपछि काट्ने ।

**हिमकुमार थापा, पिखेल**

भगवान्सँग वर माग्नुपर्छ ।

**नरेश खड्का, सुन्दरीजल**

एड्स र भिरङ्गीबाट बच्नुपर्छ ।

**किरण पौड्याल**

अर्काको पीर-मर्का बुझिदिनुपर्छ।

**उषा थापा**

दायाँ-बायाँ नलागी आफ्नो दायित्व पूरा गर्नुपर्छ ।

**लक्ष्मी घलान**

एउटै कुरामा मात्र अल्झनु हुँदैन ।

**भाजु श्रेष्ठ, चाँगु**

अनावश्यक कुरा नगरी चाहिने मात्र बोल्नुपर्छ ।

**शान्ता थापा**

बाबुआमाको आँसु पुछ्नुपर्छ ।

**रवीन्द्र ढुंगाना**

समाजका लागि केही गर्नुपर्छ ।

**नरबहादुर कार्की, चाँगुनारायण**

समय अनुसार चल्नुपर्छ, आफ्नो कर्तव्य भुल्नुहुँदैन ।

**इन्दिरा भुजेल**

सबैसँग मीठो वचन बोली सहयोगको अपेक्षा राख्नुपर्छ ।

**सानु श्रेष्ठ, चाँगु**

केटीका पछाडि मरिमेट्नु हुँदैन ।

**किरण काफ्ले, सर्लाही**

राम्रो जीविका खोज्नुपर्छ ।

**दिलकुमारी तामाङ**

परिश्रमी बन्नुपर्छ साथै कुनै पनि कुरालाई निरन्तरता दिए अवश्य सफल बन्न सकिन्छ ।

**कमल जिसी** (२३), **खोटाङ**

हाम्रा अनेकौं समस्या छन् । जसले आफना समस्या समाधान गर्न सक्छ ऊ नै सफल हुन्छ ।

**शशी देवकोटा, सर्लाही**

सफल मानिस हुन समाज र राष्ट्रको भलो हुने काम गर्नुपर्छ ।

**गंगाराम न्यौपाने** (१७), **स्याङ्जा**

सफल मानिस हुन मेहनत गर्नुपर्छ भनेर भन्नुभएन किनभने आजकल मेहनतको फल तीतो हुन्छ तसर्थ सफल मानिस हुन बिनाअक्सिजन सकीनसकी सगरमाथा चढ्नुपर्छ ।

**श्याम चौधरी**

सफल मानिस हुन जीवन र जगत्लाई बुझ्नुपर्छ अनि त्यसअनुसारकै बाटो हिंड्नुपर्छ ।

**निरोज**

समाजमा इज्जत र प्रतिष्ठा कमाउन सक्नुपर्छ ।

**मोदान त्रिताल** (२५), **धनकुटा**

अहिलेको परिप्रेक्ष्यमा नेपालको समस्या समाधान गर्नसके सफल मानिस बनिन्छ।

**टीकाराम अर्याल**

आफ्नो काममा लगनशील हुनुपर्छ, अवश्य सफल भइन्छ ।

**केदार चापागाईं**

थाहा भएको भए त आफैं सफल भैहाल्थें नि । तपाईंको दुर्भाग्य मलाई यो प्रश्नको उत्तर आउँदैन ।

**विनोद खतिवडा, सुनसरी**

आत्मविश्वास, अनुशासन, व्यक्तित्व विकास, इच्छाशक्ति, जागरूकता अनि शिक्षा हुनुपर्छ, यति पनि थाहा छैन ?

**रमेश खड्का** (२६), **झापा**

बढी मेहनत गर्नुपर्छ ।

**नारायण पौड्याल, स्याङ्जा**

अरुलाई ठग्नुहुँदैन ।

**राजु गौतम**

हाम्रो देशका नेताहरू कसरी सफल हुन्छन्, थाहा छैन ?

**kb2004.kamal@gmail.comn**


एउटा मानिस अज्ञानतादेखि मुक्त छ भने त्यो मान्छेलाई पनि सफल मान्नुपर्छ तर तपाईंले भन्न खोज्नुभएको अर्थमा कति हदसम्म भएको मान्छेलाई सफल भन्ने ?

**सिर्जु लेखिका, तानसेन**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
२. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
३. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
४. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
५. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
६. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
७. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
८. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
९. बुद्धि ठूलो कि बल ? किन ?
१०. देशभक्ति के हो ?







**प्रश्न : म २३ वर्षीया विवाहित महिला हुँ । मेरो विवाह भएको पाँच वर्ष भए पनि यौन सम्बन्धवाट टाढा छु । श्रीमान् घरमा नभएकाले यौन अंगमा औंलाले खेलाएर आफ्नो चाहना पूरा गर्दै आएकी थिएँ । यो क्रिया विवाह हुनुअघिदेखि नै गर्दै आएकी थिएँ । त्यसपछि सेतो पानी बग्ने, चिलाउने, यौन अंगमा घाउ आदि हुन थाल्यो । चिकित्सकलाई जँचाएर थुप्रै औषधी खाएँ तर ठीक भएन । VDRL पनि निगेटिभ आएछ । अहिले औंलाले खेलाउँदिनँ तर मेरो योनि रातो हुने, अति नै चिलाउने र घाउ भएर सुन्निने, दुख्ने आदि हुन्छ । मेरो श्रीमान्सँग पाँच वर्षअघि १५ दिन सम्पर्क भएदेखि अहिलेसम्म यौनसम्बन्ध भएको छैन । म ज्यादै चिन्तित छु, श्रीमान् घरमा आएपछि मलाई नराम्रो दृष्टिले हेर्नुहुन्छ होला । के मलाई यौनरोग लागेको हो ? मबाट शिशु हुन्छ कि हुँदैन ?**

**–आर.**

**उत्तर : महिलाका लागि हस्तमैथुन**

अहिले विवाहपछि श्रीमान् र श्रीमती दुवै एकैसाथ नबसी अफ्ना आर्थिक आवश्यकता पूरा गर्न छुट्टाछुट्टै बस्ने प्रचलन बढ्दै गएको देखिन्छ। आर्थिक आवश्यकता पूरा गर्ने क्रममा अन्य सामाजिक दायित्व पूरा गर्न कठिनाइ हुने कुरा एकातिर छ भने अर्कातिर यौन अनि भावनात्मक आवश्यकता पनि राम्रोसँग पूरा गर्न सकिँदैन ।

कलिलो उमेरमै विवाहपछि यतिका वर्षसम्म पनि चाहेअनुरूप यौन आनन्द प्राप्न गर्न नसक्नुभएको कुराले हामीलाई एक किसिमले दुःखको अनुभव भएको छ तर तपाईंले यौन अङ्ग खेलाएर यौन आनन्द लिनुहुँदो रहेछ। यसलाई हस्तमैथुन भनिन्छ । हस्तमैथुन महिलाहरूका लागि पनि आफ्नो यौन शरीरका बारेमा थाहा पाउने र त्यसबाट आनन्द लिने एक अनुपम उपाय हो। हस्तमैथुनबाट यौनतनावलाई शान्त पार्न सकिएपछि मन यताउता डुल्ने पनि भएन।

**के हस्तमैथुनले यौनरोग गराउँछ ?**

यौनरोग भएको व्यक्तिसँग यौनसम्पर्क राख्दा सर्ने रोग वा संक्रमणलाई नै हामी यौनरोग भन्छौं । तपाईंको श्रीमान्बाहेक अन्य व्यक्तिसँग यौनसम्पर्क भएको छैन अर्थात् तपाईंलाई श्रीमान्बाहेक अन्य व्यक्तिबाट रोग सर्ने सम्भावना छैन । हस्तमैथुन आफैले यौन रोग उब्जने होइन ।

चिकित्सकले यौनाङ्गमा चिलाउने वा घाउ हुने किसिमका लक्षण देख्दा रोगको शंका गर्नुमा अस्वाभाविकता छैन तर त्यस्ता लक्षण भएका व्यक्तिका रोगको इतिहासलाई केलाउन र सोध्न र वास्तविकतासम्म पुग्न बढी समय र शक्ति खर्च गर्नुपर्ने भएको विभिन्न परीक्षणमाथि आवश्यकताभन्दा बढी भर परिन्छ । VDRL को नतिजा नकारात्मक आउँदा तपाईंलाई भिरिङ्गी (एक प्रकारको यौनरोग) नभएको देखिन्छ तर यसले अन्य यौनरोगका संक्रमणका बारेमा बोल्दैन।

**तपाईंलाई के भएको होला ?**

यौनरोग लाग्दा चिलाउने र यसरी घाउ हुने भए पनि यौनरोगबाहेकका प्रजनन संक्रमण भएको स्थितिमा पनि यस्ता लक्षण देखिन सक्छ । Bacterial Vaginosis हुँदा गन्हाउने योनिश्राव हुनुका साथै योनि चिलाउँछ वा जलन हुन्छ । त्यसै गरी ढुसी (yeast) को संक्रमणमा पनि योनि चिलाउने, जलन हुने र सेतो बाक्लो योनिश्राव हुने हुन्छ । घाउचाहिँ तपाईंले अत्यधिक चिलाएको कारणले भएको हुनसक्छ ।

सही निदान र उपचार भएन भने रोग निको हुने कुरै भएन । अर्कातिर समस्याअनुसारको औषधी परे पनि औषधीको मात्रा वा अवधि पुगेन भने पनि रोग ठीक हुँदैन । योनिको वातावरण परिवर्तन भए यस्ता संक्रमणलाई बढावा मिल्छ । प्रतिजीवी (antibiotic) औषधीको अधिक प्रयोग, मधुमेह, स्टेरोइड, प्रतिरक्षा शक्ति कम हुने स्थिति, कुनै हार्मोनयुक्त औषधीको प्रयोग, भित्री पहिरन (under-wear) अति नै कस्सिएको वा सुतीबाहेकको लगाउनु, सुगन्धयुक्त योनि क्षेत्रमा स्प्रे प्रयोग गर्नु वा योनि पानी पठाई (douche) अत्यधिक सफा गर्ने बानी वा योनिमा केही पसाउँदा चोट लाग्नुजस्ता अनेक कुराले यस्ता संक्रमणलाई बढावा दिन सक्छ तर तपाईंको पत्रमा त्यस्तो परिस्थिति थियो-थिएन पर्याप्त जानकारी नभएकाले यसै भन्न सकिने स्थिति छैन ।

**श्रीमान्का कुरा**

तपाईंलाई योनिमा रोग हुँदा पक्कै पनि यतिका वर्षसम्म बाहिर बसेर फर्केका श्रीमान्ले शंका गर्नुहोला भन्ने कुराले चिन्ता त लाग्ने नै भयो तर यहाँ मुख्य कुरा 'नबिराउनु नडराउनु' हो । तपाईंले कुनै कुरा बिराउनु वा गल्ती गर्नुभएको छैन भने अनावश्यक रूपमा डराउनुपर्ने कुरै छैन ।

अर्को कुरा तपाईंका श्रीमान्लाई पनि त त्यति नै यौन चाहना हुन्थ्यो होला । उहाँले कुन तरिकाले त्यसलाई शान्त पार्नुहुन्थ्यो भन्ने कुरा पनि त्यत्तिकै रोचक र गहन छ, होइन र ?

**शिशु हुन्छ त ?**

तपाईंका श्रीमान्ले सारेको सम्भावनाबाहेक तपाईंको अर्को कुनै व्यक्तिसँग यौनसम्पर्क नभएकाले पछि आएर यौनरोग हुने कुरै भएन । यति लक्षण देखिँदैमा शिशु नै नहुने कुरा गर्न मिल्दैन । तपाईंका श्रीमान् घर नफर्की तपाईंको यौनसम्पर्क हुने भएन, जुन शिशु हुनका लागि आवश्यक छ । तपाईंको प्रजनन प्रणालीका अन्य अङ्ग-प्रत्यङ्गले राम्ररी कार्य गर्न सक्ने स्थितिमा छ भने र तपाईंका श्रीमान्बाट आवश्यक मात्रामा स्वस्थ शुक्रकीट तपाईंले ग्रहण गर्न सक्नुहुने स्थिति छ भने शिशु नहोला भन्ने छैन । त्यसैले अहिले नै अनावश्यक रूपमा चिन्ता गर्नु आवश्यक छैन । कुनै गर्भनिरोधका साधनबिना नियमित यौनसम्पर्कको एक वर्षपछि पनि गर्भ रहेन भने मात्र त्यसको खोज-पड्ताल गर्नु आवश्यक हुन्छ ।

# दाम्पत्य जीवनमा यौनको महत्त्व

यौनसम्पर्कको मर्म वा सही एवं ग्राह्य अर्थ हो प्रेम गर्नु, केही दिनु, चाहनु विश्वास गर्नु एवं समर्पित हुनु । यसले वैवाहिक जीवनमा अन्तरंगताको भावना सञ्चार गर्छ नै, साथै दुई विपरीत लिङ्गीबीच आत्मीयता एवं प्रगाढता पनि बढाउँछ । विवाहपछि शारीरिक समर्पण वा विलयले दुई अस्तित्वलाई जुन उचाइमा पुऱ्याउँछ त्यो कुनै आध्यात्मिक अनुभूतिभन्दा कम हुँदैन । यसले विवाहित दम्पतीको सुमधुर सम्बन्धलाई सार्थकता प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । विवाहपश्चात् निष्ठा एवं प्रतिबद्धताको प्रमाण शारीरिक मिलनले दिन्छ । यो मिलनले दुवैलाई गहिराइसम्म जोड्छ । जीनवका अनेकन उतार-चढावका बखत दुई क्लान्त शरीर एक-अर्काको सामीप्यमा पुनर्जीवित हुन पुग्छन् ।

प्रेमविहीन यौन आचरणले वैवाहिक जीवनलाई खोक्रो तथा यान्त्रिक बनाइदिन्छ । जबकि प्रेमपूर्ण यौन व्यवहारले पति-पत्नी दुवैलाई एक-अर्काप्रतिको विश्वास समर्पण तथा आकर्षणमा विश्वस्त बनाउँछ । दाम्पत्य जीनवमा यौन चाहना एक-अर्काप्रतिको प्रेमको प्रतीक हो भने विश्वास एवं समर्पण पनि ।

यौनसम्पर्कले सामञ्जस्यता माग्छ । दुवैको स्वीकृति तथा चाहनाले नै यौन व्यवहारलाई सार्थक एवं सन्तोषजनक बनाउँछ । यस विषयमा उत्पन्न हुने विवाद, मतभेद, चाहनामा भिन्नता, यसको उद्देश्यप्रतिको फरक दृष्टिकोण आदि सबैले आनन्दमा अंकुश लगाउने कार्य गर्छ । लाज, उदासीनता, इच्छा, समय, सन्तुष्टि आदिले यौन व्यवहारमा दम्पतीको संलग्नताले अहम भूमिका खेल्ने भएकाले यसप्रति कुनै एकको उदासीनताले दाम्पत्य जीवन निमको पात सरह तीतो हुने सम्भावना रहन्छ । यौन व्यवहारमा संलग्न भएर मात्र पुग्दैन यसमा नवीनता एवं रोमाञ्चकता ल्याउने काममा पति-पत्नी दुवै उत्तिकै उत्साही तथा सहयोगी हुनु पनि आवश्यक छ ।

यसबाहेक उचित समय तथा दुवैजना चाहनाका सम्बन्धमा सचेत त हुनुपर्छ नै साथै एक-अर्काको यौन सन्तुष्टि र तृप्तिका सम्बन्धमा पनि एक-अर्कालाई सहयोग गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लेखित तीन विषयमध्ये पनि यौन तृप्ति अत्यन्तै संवेदनशील हुने कुरा मनोचिकित्सकहरू बताउँछन । कैयन अवस्थामा पति अलिक लोभी हुन्छन् । उनको शरीर, मन बारम्बार सहवासका लागि आतुर हुन्छ जुन कुरा पत्नीका लागि रुचिकर हुँदैन, किनकि यसका केही निश्चित सीमा र परिस्थित हुन्छन् ।

घर-गृहस्थीका साथै आफ्नो अनेक कामकाज, थकान एवं तनावको समयमा पतिको यौन व्यवहारप्रति उत्साहित गर्ने प्रयासले पत्नीलाई (कैयन् अवस्थामा) प्रतिवाद गर्नैपर्ने स्थितिमा पुऱ्याउँछ, जसले दाम्पत्य जीवनमा कलह उत्पन्न हुनसक्छ । जसरी ताली कहिल्यै एउटा हातले बज्दैन त्यसरी नै त्यस्तो परिस्थितिलाई निम्त्याउन नदिन जहाँ पतिले धैर्यतालाई अँगाल्नुपर्छ, त्यहीं पत्नीले समझदारीपूर्वक स्थितिलाई सम्हाल्नुपर्ने हुन्छ ।

यौन व्यवहारमा अर्को महत्त्वपूर्ण पक्ष हो, समय र इच्छा । कैयन अवस्थामा पतिसित समयको अभाव हुन्छ । बाहिरको सबै काम सकेर थकित अवस्थामा घर पुग्नु, खाना खाई सुत्नु कतिपय लोग्नेमानिसको दिनचर्या बन्न पुग्छ । एकातिर पतिको दिनचर्या यसरी नै बित्छ भने अर्कातिर पत्नी आफ्नो पतिको सामीप्यताको व्याकुलतामै रहन बाध्य हुन्छिन् ।

समयको कमीले नै अनिच्छालाई जन्म दिन्छ । जसले गर्दा दाम्पत्य जीवनका दुवै सहयात्रीले एक-अर्काबाट प्रशस्तै गुनासा सुन्नुपर्ने हुन्छ । प्रसिद्ध अमेरिकी यौनविशेषज्ञ डा. एथनी ग्रेगनीका अनुसार विवाह सुरक्षा सहयोग समर्पण एवं सेवा भावको जन्मदाता हो भने सहवास दाम्पत्य जीवनको त्यो सामीप्यता हो जसले विवाहको उल्लेखित उद्देश्यलाई पूर्ति गर्छ । अतः यौनलाई दाम्पत्य जीवनको हरेक मोडमा सक्रिय एवं जीवित राख्नु आवश्यक छ । पति-पत्नीले आ-आफूलाई यौनआकर्षणबाट भरिपूर्ण राख्नुपर्छ ।

सहवासको माध्यमबाट एक-अर्काप्रतिको लगावलाई अभिव्यक्त पनि गर्नुपर्छ । पति-पत्नीबीचको सही केमिस्ट्री भन्नु नै यौनसम्पर्क हो । कहिलेकाहीं यो केमिस्टीमा केही गलत आचरण एवं सोचका कारण असर पुग्छ । त्यस्तो अवस्थामा आफ्नो संवदेनालाई उजागर गरी आफूमा परिपक्व सोचाइको विकास गर्न जान्नुपर्छ, जसले गर्दा दुवैको केमिस्ट्री पुनः जीवित होस् । सहवासका बखत शरीरले मात्र प्राथमिकता पाउनु उचित होइन । शरीरका साथै भावनालाई पनि उत्तेजित गर्ने प्रयास गर्नुपर्छ । आफ्ना लागि उनको अस्तित्व तथा सामीप्यताको महत्त्वलाई अभिव्यक्त गर्नु आवश्यक छ ।

घनिष्ठता उष्मा एवं नरमीलाई पनि सहवासको महत्त्वपूर्ण हिस्सा मानेर त्यसलाई कायम राख्नु पनि उत्तिकै आवश्यक छ । अनि मात्र यौन जीवन सुखद हुन्छ, सम्बन्धको घनिष्ठता एवं सामीप्यतामा प्रगाढता आउँछ ।

यौनसम्पर्क एउटा ऐना हो जसमा पति-पत्नीको मानसिक, आत्मिक, शारीरिक एवं हृदयको स्तर प्रतिविम्बित हुन्छ । यो ऐनालाई कुहिरोभित्र लुक्नबाट बचाउन पति-पत्नी दुवैले यथासम्भव प्रयत्न गर्नुपर्छ । यौनसम्पर्कलाई उज्ज्वल, सुखद, सन्तुष्टिदायक एवं जादुयी बनाउनुपर्छ नकि समाधान गर्न नसकिने समस्या वा सुल्झाउन नसकिने गाँठो ।

**–रोजिन शाक्य**

**फिस्टे (गोपाल) सँग कसरी भेट भयो ?**

- मन चलचित्रको सुटिङका क्रममा उहाँ दुई महिना पालुङ बस्नुभएको थियो। सुटिङ हेर्न जाने क्रममा साथीहरूको माध्यमबाट चिनाजानी भयो। कुराकानीका क्रममा उहाँ निकै राम्रो मन भएको मानिस जस्तो लाग्यो र भेटघाटले निरन्तरता पाउँदै गयो।

**अनि विवाह गर्ने योजना कसरी बन्यो ?**

- ६ महिनाको भेटघाटपछि साथीहरूको मद्दतमा चारवटा मोटरसाइकलसहित मलाई त्यहाँबाट भगाउनुभयो र महादेव स्थानमा आई उहाँको परिवारको रोहवरमा हाम्रो विवाह भयो।

**पन्ध्र वर्षकै कलिलो उमेरमा विवाह गर्दिनँ भन्नुभएन ?**



१९ वर्षअघि पालुङमा जन्मिएकी गोमा नेपाल चर्चित हास्यकलाकार गोपाल नेपालकी जीवनसंगिनी हुन्। आठ कक्षामा पढ्दापढ्दै नेपालसँग विवाह गरेकी गोमाले विवाहपछि अध्ययनलाई निरन्तरता दिन त सकिनन् बरु ६ महिना लामो ब्युटिसियन तालिम लिई ब्युटिपार्लर खोल्ने तरखरमा छिन्। तीन वर्ष छिमेकी संस्थामा स्वयम्सेवकको कार्य गरेकी नेपाल आनो साढे दुई वर्षको छोरा गौरव तथा श्रीमान्सँग ज्यादै खुसी रहेको बताउँछिन्।

- यति हतार नगरौं त भनेकी हुँ तर हास्यकलाकार भएकाले उहाँले गरेको प्रेमलाई पनि जोक नै भन्ठान्लान् र लामो प्रेम भयो भने टुट्ला भन्ने डरले पनि बढी कर लगाउनुभयो।

**उमेरले गर्दा छोरा जन्मँदा कत्तिको गाह्रो भयो ?**

- मेरो उचाइँ र उमेर कम थियो तर शिशु निकै ठूलो भएकाले उसलाई जन्माउँदा अपरेसन गर्नुपर्ने अवस्था थियो तर मेसिनको सहायताले त्यो गर्न भने परेन।

**सौन्दर्य क्षेत्रलाई नै रोज्ने विचार गर्नुभएछ, कुनै खास कारण ?**

- दिनभरि सिरियल हेरेर वा बसेरै समय बर्बाद गर्नुभन्दा एउटा सीप होस् भन्ने चाहना थियो, पछि गएर यसै क्षेत्रमा लगाव बढ्यो।

**अभिनयमा रुचि छैन ?**

- 'जिरे खुर्सानी' सुटिङ भएको देखिरहेकाले पनि अभिनय गर्न गाह्रो हुने अनुभूति मैले गरेकी छु। उहाँले त जस्तो गर्दा पनि मिलिरहेकै हुन्छ। मेरा लागि गोपाल नेपालकै श्रीमतीका रूपमा परिचित हुन रमाइलो छ।

**विवाहअघिको गोपाल र विवाहपछिको श्रीमान् गोपालबीच के अन्तर पाउनुभयो ?**

- खासै केही फरक त पाइन तर विवाहपछि भने उहाँ निकै व्यावहारिक हुनुपर्‍यो।

**उहाँसँग हिँड्दा मानिसहरूले 'नियम कडा छ' भनेर जिस्काउँदा कस्तो लाग्छ ?**

-यो नै उहाँको सफलता हो जस्तो लाग्छ।

**श्रीमान्ले घरमा कत्तिको समय दिनुहुन्छ ?**

- उहाँ प्रायः व्यस्त नै हुनुहुन्छ तर म यसमा गुनासो नगरी चित्त बुझाउँछु।

**श्रीमान् ढिलो आउँदा रिस उठ्दैन ?**

- उहाँको पेशा नै रात-दिन भन्न नपाइने भएपछि रिसाउनु त मूर्खता हो जस्तो लाग्छ र यसबाट कुनै समाधान निस्कन्छ जस्तो पनि लाग्दैन।

**श्रीमान्को मन नपर्ने बानी ?**

- उहाँ राती धेरै बेरसम्म चलचित्र हेरेर बस्नुहुन्छ र बिहान सधैं अबेरसम्म सुत्नुहुन्छ। कहिलेकाहीँ सानो कुरामा पनि झ्वाट्ट रिसाउनुहुन्छ।

**श्रीमान्सँग धेरै झगडा पर्छ जस्तो छ नि ?**

- अलिअलि त जसको पनि परिहाल्छ नि तर पनि हामी धेरै बेरसम्म नबोली बस्न सक्दैनौं।

**तपाईंका श्रीमान्को कुनै अर्कै महिला कलाकारसँग हेलमेल छ भन्ने थाहा पाउनुभयो भने के गर्नुहुन्छ ?**

- उहाँको क्षेत्र नै यस्तो छ कि अलिकति नजिक नभई राम्रो काम गर्न पनि सकिँदैन तर मैले उहाँमा त्यस्तो पाएकी छैन र यदि त्यसो भैहाल्यो भने पहिले उहाँसँगै सोध्छु र त्योभन्दा अगाडिका कुरा त्यतिबेलै सोचौंला।

**चार वर्षको यो समयमा उहाँबाट के सिकेँ जस्तो लाग्छ ?**

- उहाँले मलाई सानै सम्झेर धेरै कुरा सिकाउनुभएको छ।

**अहिले घरव्यवहारको काम कत्तिको सरल भएको छ ?**

- म अझै यसमा परिपक्व भएजस्तो लाग्दैन। मैले सबै काम गर्न नपर्ने र मम्मीले नै हेरिरहनुभएकाले मलाई त्यस्तो अनुभव पनि छैन।

**सासूसँग कत्तिको ठाकठुक पर्छ ?**

- मलाई आफूभन्दा ठूलो मानिसले नचाहिने कुरामा गाली गर्छन् जस्तो लाग्दैन।

**श्रीमान्को पेशाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

- सन्तुष्ट छु। नामका साथ बाँच्न पाइएको छ।

**उहाँका समकालीन साथीहरू निर्देशनतर्फ पनि लागिसकेका बेला उहाँ भने त्यस्तो सुरसारमा देखिनुहुन्न नि ?**

- उहाँ यसको तयारीमा लागिसक्नुभएको छ। जसको परिणाम तपाईंहरूले निकट भविष्यमै देख्न पाउनुहुनेछ।

**फुर्सदमा के गर्नुहुन्छ ?**

- धेरै त मन्दिर नै जान्छौं तर सपिङ पनि गैरहेका हुन्छौं।

**उहाँले घरमा कत्तिको हँसाउनुहुन्छ ?**

- त्यस्तो विषय नै त छैन तर घरमा सिरियलकै जस्तो नभए पनि हँसाउँदा, जिस्किँदा त्यही पारा ल्याएजस्तो देखाउनुहुन्छ।

**अहिले सम्झँदा तपाईंको त्यो प्रेम कस्तो लाग्छ ?**

- अहिले त त्यो प्रेम केटाकेटी खेलेजस्तो लाग्छ। साथीहरूले उहाँले प्रस्ताव राख्दा हुन्छ भन भने तर त्यतिबेला हुन्छको पूर्ण अर्थ आफूले नबुझेजस्तो लाग्छ।

**– संगीता कटुवाल**

---

**डा. प्रकाश बुढाथोकी**



कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूम्रपान नै हो। यसले २५ किसिमका विभिन्न रोग प्रत्यक्ष किसिमले र विभिन्न दुई तिहाईजति क्यान्सर निम्त्याउँछन्। सुर्ती सेवनले असर नपार्ने शरीरको कुनै पनि अङ्ग, तन्तु नभएको जानकारी सबैलाई नभएको होइन।

**तत्काल प्रभाव**

सुर्तीमा भएको निकोटिन धेरै मात्रामा र छिटो नै मस्तिष्क र स्नायुमा पुग्ने भएकाले रिँगटा लाग्ने, मस्तिष्क शिथिल हुने, टाउको दुख्ने आदि हुन्छ। त्यसैगरी अन्यमा खोकी लाग्ने, स्वास गन्हाउने, पटक-पटक रुघाखोकी लाग्ने, छिटै स्वाँ-स्वाँ हुने, स्वास फेर्न गाह्रो हुने, दम बढ्ने, थकित हुने, खाना नरुच्ने, दुब्लाउँदै जाने, वाकवाकी लाग्ने, पेट दुख्ने, लिङ्गको उत्तेजनामा कमी, वीर्यमा शुक्रकीटको संख्या घट्ने, स्वाद, स्पर्श, गन्धमा कमी, महिलामा बाँझोपन, महिनाबारी चाँडै सुक्ने, शारीरिक शक्ति क्षीण हुने, रक्तचाप बढ्ने तथा मुटुको चाल र नाडीको गति कार्बन मोनोअक्साइडले गर्दा बढ्ने, यौनचाहनामा ह्रास आउने हुन्छ। सुर्तीले श्वास-प्रश्वाससम्बन्धी रोगहरू, ब्रोन्काइटिस, फेरेन्जाइटिस, लेरेन्जाइटिस आदि पनि लगाउँछ।

**धेरै समयसम्म र धेरै मात्रामा**

-दाँत, छाला र औंलाहरू निकोटिनले पहेंलो, त्यसपछि कालो बनाउँछ।

-रक्तनली एवं झल्झहरूमा निकोटिन जमेर साँघुरिंदै जान्छ, धूम्रपानले मायोकार्डियल इन्फेक्सन (९० प्रतिशत रोगीमा हुने हृदयाघात) को सम्भावना ३ गुणा बढाउँछ भने मुटुसम्बन्धी रोगहरू ५ गुणा बढी हुन्छ। मुटुको रोगबाट मर्ने सम्भावना १० दोब्बर तथा धूम्रपान र रक्सी दुवै भए १८ गुणा बढी सम्भावना हुन्छ, खुट्टामा थोम्ब्रोएन्जाइटिस अवलिटेरन्स हुन्छ।

-छातीसम्बन्धी रोगहरू दम, खोकी बढ्ने, टिबी (क्षयरोग) र जीर्ण फोक्सोगत रोगहरू ८० देखि ८९ प्रतिशत सिओपिडी, ९० प्रतिशत करपल्मोनेल तथा फोक्सोलाई कालो कडा पारी फुल्न, खुम्चन नसक्ने बनाउँछ र चाहिने अक्सिजन लिन नसकी स्याँ-स्याँ हुन्छ। घुर्ने समस्या बढाउँछ।

-शरीरको प्रतिरक्षा-शक्ति कमजोर हुन्छ जसबाट क्षयरोग, निमोनियाँजस्ता रोग लाग्नसक्छ।

-श्रवणशक्ति कमजोर बनाउँछ, दिमागको कोषलाई असर पारी आई.क्यू. लेबल पनि घटाउँछ।

-समयपूर्व नै छालामा चाउरी पर्ने २-३ वर्षकै धूम्रपानले गराउँछ।

-कम निद्रा लाग्ने वा सुत्दा निद्रा नलाग्ने हुन्छ।

-औषधीले काम नगर्ने, औषधीविरुद्ध अवरोध सिर्जना गर्ने काम पनि गर्छ धूम्रपानले।

- धूम्रपान नगर्नेलाई भन्दा गर्नेलाई क्यान्सर हुने बढी सम्भावना हुन्छ। धूम्रपानबाट हुने क्यान्सरमा ९० प्रतिशतभन्दा बढी मुखको क्यान्सर, ८५ प्रतिशत फोक्सोको क्यान्सर, स्वरयन्त्र, अन्ननली, मूत्रासय, पित्ताशय, आमासय, छालाको, पाठेघर, स्तनको क्यान्सर, फियोको क्यान्सरको कारक धूम्रपान नै पाइएको छ। क्यान्सरका तमाम घटनामध्ये ६५ प्रतिशत धूम्रपानले नै गराउँछ।

-पुरुषमा नपुंसकता तथा महिलामा बाँझोपन

- मांसपेसी कमजोर, हाड कमजोर, मोतिया बिन्दु

-चपाउने सुर्ती प्रयोग गर्नेमा पेट दुख्ने, पटक-पटक थुकिरहनुपर्ने।

-गर्भस्थ आमा शारीरिक एवं मानसिक रूपमा असक्षम, कमजोर हुने, रोगी र अंगभंग शिशु जन्मने, समयपूर्व शिशु जन्मने, २-३ गुना बढी गर्भपतन, जन्मिएको शिशु २८ दिनमै मर्ने, कम तौलको शिशु, बालमृत्यु दर बढी, असफल गर्भाधानको प्रबल सम्भावना हुन्छ।

-खेलाडीहरू चाँडै थाक्छन् र स्टामिना घट्छ। ३० वर्षको धूम्रपानकर्ता र ४२ वर्षको धूम्रपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पूरा गर्छन्। एउटा चुरोटले प्रतिदिनले ४० सेकेन्ड दौड्ने क्षमता कम गराउँदै लगेको पुष्टि भैसकेको छ।

-छोरा हुने सम्भावनालाई घटाउँछ। वाई क्रोमोजोमलाई निकोटिनले असर पारी पुरुषको प्रजनन् क्षमतामा कम, शुक्राणु नोक्सान तथा महिलाको पाठेघरमा नरभ्रूण बस्न नदिने अवस्था ल्याउँछ। अनुसन्धानमा जति चुरोटको मात्रा बढ्यो त्यति छोरा हुने दर कम पाइएको छ।

-केश र लुगा फोहोर हुने।

-तालु खुइलिने, केश झर्ने, छाला पत्रिंदै फुस्रो हुने (सोरियासिस), अनुहारको चमक हराएर चाँडै चाउरी पर्ने, ओठ सुख्खा, नीलो वा कालो भै सुन्दरता नष्ट भएर कुरूप बनाउँछ।

-धूम्रपानले मस्तिष्कमा रक्तश्राव गराउन सक्छ र पक्षघात भै मृत्यु हुन सक्छ।

-खानामा रुचि कम हुने, पेटमा अल्सर, पेटमा गडबडले गर्दा कुपोषण हुन्छ।

-दम, खोकी, स्याँ-स्याँ तथा कमजोरीका कारण कामबाट वञ्चित भै अम्मली गरिबीको दलदलमा फस्छन्।

-एक खिल्ली चुरोटले मानिसको आयु साढे पाँच मिनेट हरेक वर्ष १ महिना तथा ५० वर्षमा ४ वर्ष घटाउँछ। त्यसमा पनि धूम्रपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन साथै वरिपरि बस्ने मानिसलाई पनि खराब असर पुर्‍याउँछ।

मासिक श्रावमा गडबडी, स्नायु नशा तथा धमनी सुन्निने, १० प्रतिशत मधुमेह बनाउँछ।

**सुर्तीमा के छ यति धेरै रोग लगाउन सक्ने ?**

धूम्रपान खराब हो भन्ने कुरा प्राचीनकालमा टर्कीमा धूम्रपान गर्नेलाई मृत्युदण्ड दिने चलन र रूसका जारहरूद्वारा धूम्रपान गर्ने जनतालाई कोर्रा लगाउने, नाक काटिदिने तथा साइबेरिया पठाइदिने प्रथाबाट प्रस्ट हुन्छ तर यसका खराबीहरूको वैज्ञानिक आधार विगत ४५ वर्षमा पत्ता लागेको हो।

अप्रशोधित सुर्ती वा कक्कडमा २ हजार ५ सयभन्दा बढी रासायनिक तत्त्व हुन्छन् भने ४३ तत्त्व कार्सीनोजन हुन्छन्। यही सुर्तीलाई धूवाँका रूपमा सेवन गर्दा ४ हजार रसायन हुन्छ। जसमा ४ सय विषालु पदार्थ ९५ प्रतिशतभन्दा बढी ग्याँस तथा ६० भन्दा बढी क्यान्सर बनाउन सक्ने तत्त्वहरू हुन्छन्। त्यस्तै अन्य तत्त्व जस्तै– चुना मिसाउँदा प्राणघातक रोग तथा क्यान्सर लाग्ने खतरा धेरै बढ्छ।

चाहे चुरोट होस् वा बिंडी, तम्बाकु वा जर्दा, सुर्तीले दाँत माझ्नुहोस् वा गिंजामा लेप्नुहोस्, सुर्ती नाकमा राखी हाच्छिउँ जे गरे पनि सुर्तीजन्य पदार्थले मानिसको सहनशीलता एवं कार्यक्षमतामा कमी ल्याउँदै जान्छ। विभिन्न प्राणघातक रोग तथा क्यान्सर लगाई मानिसलाई हानि मात्र गर्छ र मृत्युको मुखमा पुर्‍याउँछ।

*(डा. बूढाथोकी, लुम्बनी अञ्चल अस्पताल र लुम्बिनी नर्सिङ होम, बुटवलमा दाँत तथा मुखरोग विशेषज्ञका रुपमा कार्यरत हुनुहुन्छ।)*

---

# रंग होलीको



प्रकृतिमा छरिएका विभिन्न रंगलाई समेटेर वसन्त ऋतुसँगै आगमन हुन्छ रंगहरूको रंगीन पर्व– होली। फागुन मासको पूर्णिमाका दिन मनाइने होली पर्वलाई प्रतीकात्मक रूपमा ऋतु परिवर्तनको उत्सवका रूपमा पनि मनाइन्छ। रंग, उत्सव, उमंग, आपसी सद्भाव, भाइचारा, मेलमिलाप र सम्बन्धमा सुमधुरता सञ्चार गर्नमा यो पर्वले महत्त्वपूर्ण भूमिका खेल्छ। रंगको पर्व भएकाले विभिन्न रंगको प्रयोग यसमा हुन्छ, तर रंगको प्रयोगमा सावधानी र सतर्कता अपनाउनु पनि उत्तिकै आवश्यक छ।

-होली खेल्नुपूर्व शरीरको खुला भागमा राम्रोसँग तोरीको तेल लगाउनु



उपयुक्त हुन्छ। यसबाट छालामा रंगको धेरै असर पर्दैन। भ्यासलिन वा कोल्ड क्रिमको प्रयोग पनि लाभदायक हुन्छ। केशमा पनि तेल लगाउनु राम्रो हुन्छ, किनकि तैलीय केशमा चाँडै रंग बस्दैन।

-होली खेलिसकेपछि रंगलाई रंगमा जति चाँडो शरीरबाट छुटाइयो त्यति नै एलर्जीबाट बच्न सकिन्छ। रंग छुटाउन चिसो पानीको प्रयोग नै उचित हुन्छ। डिटरजेन्ट पाउडर राम्रो हुन्छ भन्ने आमधारणा पाइए पनि रंग छुटाउन गुणस्तरीय नुहाउने साबुन प्रयोग गर्नु उचित हुन्छ।

-यदि रंग धेरै नै लागेको छ र गाढा पनि छ भने नरिवलको तेलमा भिजाएको कपास प्रयोग गरेर बिस्तारै शरीर पुछ्नु राम्रो हुन्छ। यसबाट जलन पनि कम हुन्छ र रंग पनि चाँडै जान्छ।

-शरीरबाट रंग छुटाउन अमचुरको प्रयोग पनि लाभदायक मानिन्छ। त्यस्तै बेसन, तेल र बेसार लोसनले पनि छालामा लागेको रंग पुछ्न मद्दत गर्छ।

-यदि अनुहारमा ओइल पेन्ट छ भने त्यसलाई निकाल्नुपूर्व राम्रोसँग केश कोर्नुपर्छ अनि सफा र सुख्खा टावेलले पुछिसकेपछि मात्रै नुहाउनुपर्छ। यसका अतिरिक्त दही वा अमलाको रस प्रयोग गरेर केश धुँदा पनि रंग छुटाउन सकिन्छ।

-मुहारमा लागेको गुलाबी रंग पुछ्न तोरीको तेलमा बेसन मिसाएर लेप बनाई दुई-तीन पटक लगाएर पुछे रंग चाँडै छुटाउन सकिन्छ। यसैगरी रंग छुटाउनका लागि पानीमा कागती रस प्रयोग गर्न सकिन्छ। फिटकिरीको प्रयोग पनि रंग छुटाउन उपयोगी हुन्छ।

-यदि रंग छुटाउँदा हल्का जलन भए ग्लिसरिनमा गुलाब जल मिसाएर लगाउनु राम्रो हुन्छ। केही समयपछि मनातातो पानी प्रयोग गरी आफ्नो छाला सफा गर्नु उचित हुन्छ। यसबाट जलन धेरै हदसम्म कम हुन्छ।

-होली खेलिसकेर बेलुकी एकपटक क्लिजिङ मिल्क प्रयोग गरी आफ्नो हात-खुट्टा, मुहार राम्रोसँग सफा गर्नुपर्छ। त्यसपछि फाउन्डेसनमा अलिकति कोल्डक्रिम मिसाएर मुहारमा लगाउनु राम्रो हुन्छ अनि हल्का मेकअप गर्न सकिन्छ। त्यसपछि तपाईं पुनः पहिलेजस्तै सुन्दर, कोमल र स्वतःस्फूर्त देखिनुहुन्छ।

**–रोजिन शाक्य**

# खेल्ने हैन त होली ?



● भवसागर घिमिरे

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको सन्देश लिई आउने होली (फागु) पर्व फागुन शुक्ल पूर्णिमाका दिन मनाइन्छ। यो पर्वलाई ठाउँअनुसार फागु पूर्णिमा, होली, फागुवा, होरी आदि नामले चिनिन्छ। पहाडी भेगमा होली एक दिनका लागि मात्र मनाइए पनि पूर्वी तराईका जिल्लाहरूमा यसलाई पूर्णिमाका भोलिपल्ट समेत धूमधामसँग मनाइन्छ। तराई क्षेत्रमा पूर्णिमाका दिन होलिका दहनपछि मात्र विभिन्न रङ्का साथ फागु खेलिन्छ। सुदूर पश्चिमेली होली त शिवरात्रीको रातदेखि नै सुरु हुन्छ र पूर्णिमासम्म त्यहाँका बासिन्दाहरू भजन तथा वीरगाथाहरू गाउँछन्।

सञ्चार माध्यमले पनि यो समयमा होलीको वातावरण निकै तताउँछन्। रेडियो तथा टेलिभिजनहरूमा होलीसम्बन्धी गीत तथा कार्यक्रमहरू केही दिनअघिदेखि नै प्रसारण गरिन्छ। पत्रपत्रिकाहरूमा होलीको झल्को आउने लेख तथा तस्बिरहरू प्रकाशनमा आउन थाल्छन्। इन्टरनेटका वेबसाइटहरूमा होलीसम्बन्धी ग्रिटिङ्स तथा तस्बिरहरू भेटिन थाल्छन्। अनि के बालक, के वृद्ध सबैलाई छोइहाल्छ होलीको रन्कोले। युवाहरू त भन्नै परेन। उनीहरू संस्कृतिसम्बन्धी धार्मिक मान्यताहरूलाई कम चासो दिए पनि होलीको रङ्गमा रम्न भने कहीं चुक्दैनन्। होलीकै मौका छोपी आयोजना गरिने डान्सपार्टी तथा सांगीतिक कार्यक्रमले युवाहरूलाई अझ आकर्षित गर्छ। रोजगारीका निम्ति प्रवासिएका नेपाली मात्र होइन, भ्रमण तथा अन्य कामका सिलसिलामा नेपाल भित्रिएका विदेशीहरू पनि होलीमा रमाउँछन्। नेपाली तथा भारतीय मूलका मानिसहरू बढी मात्रामा भेटिने साउदी



अरेबिया, कतार, मलेसिया, हङ्कङतिर प्रवासीहरूमाझ होली धूमधामसँग मनाइन्छ। विदेशीहरूको चहलपहल उल्लेख्य हुने काठमाडौंको ठमेल र पोखराको लेकसाइडमा विभिन्न रङ्गमा रङ्गिएका पर्यटकहरू सद्भाव बाँडिरहेका भेटिन्छन्।

देशमा भित्रिएको आधुनिकतासँगै संस्कृतिहरूमा विकृति पनि मिसिन थालेको छ। प्रायः सुख्खा मौसममा पर्ने होली पर्वमा प्रशस्त पानी पाउन विशेषतः सहरका मानिसहरूलाई गाह्रै पर्छ। अरूलाई होच्याउँदा, जिस्क्याउँदा र अप्ठ्यारोमा पार्दा रमाइलो महसुस गर्ने मानिसहरू यस्तो बेला फोहोर पानीको प्रयोग गर्न कत्ति हिचकिचाउँदैनन्। गाईवस्तुका मलमूत्र प्रयोग गरेर पिचकारी भर्ने, नाला तथा ढलको पानी प्रयोग गरेर अरूलाई छ्याप्ने, शरीरलाई प्रतिकूल असर पर्ने खालका कडा रासायनिक पदार्थ मिसाइएको पानीले लोला भरी अरूलाई हिर्काउन प्रयोग गर्ने जस्ता विकृतिहरू फागु संस्कृतिमा भित्रिन थालेका छन्। यदाकदा रङ्गको सट्टा मोबिल प्रयोग गर्ने तथा अबिरमा खुर्सानीको धूलो मिसाई दलिदिने प्रवृत्ति पनि देखिन्छ। अबिर दल्ने बहानामा आफूले मन पराएकी युवतीलाई झुक्याएर सिन्दूर हालिदिएका घटनाहरू पनि नभएका होइनन्। यसरी हाम्रो संस्कृतिको महत्त्व बुझ्न नसक्नेहरूले विकृति भित्र्याएका छन्।

पहाडी मूलमा विशेषतः होली पूर्णिमा आउनुभन्दा दुई-चार दिनअघिदेखि नै सडकमा हिँड्ने बटुवाहरूले सडकवरपरका छतहरूबाट फ्याँकिने फोहर पानी र लोलाका कारण सास्ती भोग्नुपर्छ। यस्तो समस्याबाट सवारी साधनमा यात्रा गर्ने यात्रुहरू पनि उम्कन पाउँदैनन्। यो समयमा यात्रा गर्नेले ठूलै दुःख पाउँछन्, तर दुःख दिनेले क्षणिक आनन्द सँगै पीडितले दिएका गालीबाहेक अरू केही पाउँदैनन्।

पर्वको निहुँ पारेर रमाइलोका निम्ति रक्सी, जाँड, चरेस, गाँजा, धतुरो, भाङजस्ता नशालु पदार्थ सेवन गरी झै-झगडा तथा गुन्डागर्दी गर्ने प्रवृत्ति पनि आजकाल ह्वात्तै बढेको छ। रङ्ग दल्ने निहुँमा युवतीका संवेदनशील अङ्गहरू समाउने तथा उनीहरूमाथि चर्को यौनशोषण हुन थालेपछि त होलीको विकृतिले चरम सीमा नै नाघेको छ।

यस बेला सडक तथा गल्लीका छेउछाउमा युवती कुरेर बस्ने युवा जमात पनि प्रशस्तै भेटिन्छन्। यसरी एकातिर विकृति बढ्दै गएको छ भने सँगसँगै यसका लागि आयात गरिएका पिचकारी, लोला, रासायनिक पदार्थ तथा हानिकारक तत्त्वहरूमिश्रित विभिन्न रङ्गका नाममा देशको ठूलो रकम बिदेसिएको छ। यस्ता सामग्रीहरू विशेषतः छिमेकी मुलुक भारत तथा चीनबाट बढी मात्रामा आयात हुने सम्बन्धित व्यापारीहरू बताउँछन्।

कुनै पनि देशको महत्त्वपूर्ण सम्पत्ति भनेको देशमा रहेको विभिन्न धर्म-संस्कृति नै हो। संस्कृतिका नाममा विकृति निम्तिनु बिल्कुलै राम्रो होइन। संस्कृति बनाउने पनि मानिस नै हो र विकृति निम्त्याउने पनि मानिस नै हुन्। त्यसैले समाजको असल संस्कृति र सम्पदालाई जगेर्ना गर्ने कर्तव्य पनि हामीमै छ। संस्कृतिभित्र प्रवेश गर्ने यस्ता विकृतिहरूलाई निमिट्यान्न पारेर अबको होली शान्ति तथा सद्भावसाथ मनाऔं, हार्दिक शुभकामना !

## विश्वव्यापी रंगीन पर्व

फागु पर्व आपसी सद्भाव, प्रेम एवं खुसीयालीका रूपमा परापूर्वकालदेखि नै मनाईदै आएको कुरा विभिन्न पुराण तथा धार्मिक ग्रन्थहरूमा उल्लेख छ। द्वापरयुगमा बालक कृष्णलाई मार्न कंसले पुतना नामकी राक्षसीलाई पठाएका थिए। पुतनाले श्रीकृष्णलाई



मार्नका लागि विष भएको दूध ख्वाउँदा सफल नभई आफ्नो प्राण त्याग गर्नुपरेकाले यो दिन ब्रजवासीहरूले पुतनालाई जलाई फागुको महोत्सव मनाएका थिए भन्ने कथन एवं जनश्रुति पनि पाइन्छ। यसरी अपराध मनस्थितिको पराजय तथा भगवान्प्रतिको सत्य एवं निष्ठाको विजयको सन्देश यो पर्वले बोकेको पाइन्छ।

त्यस्तै, अर्को धार्मिक कथनअनुसार प्राचीन समयमा हिरण्यकशिपु नामक दैत्यराजले आफ्ना छोरा प्रह्लादलाई मार्न अनेकौं प्रयत्न गर्दा नसकेपछि आफ्नी बहिनी होलिकामार्फत् मार्नका लागि प्रह्लादलाई काखमा लिई आगो बाल्न लगाए तर प्रह्लादलाई आगोले छोएन बरु पापवृत्तिकी प्रतीक होलिका आफै भष्म भई। पापवृत्तिका कारण होलिका नष्ट भएदेखि आफूसँग भएको पापवृत्तिबाट मुक्ति पाउन फागुको बखत आगो बालेर ताप्ने चलन पनि प्रचलित भएको पाइन्छ।

नेपालमा विशेषगरी यो पर्व पहाडी भेकमा पूर्णिमाको दिन तथा तराई भेकमा पूर्णिमाको भोलिपल्ट धूमधामसँग मनाइन्छ। यस अवसरमा विभिन्न देवी-देवताको पूजा-अर्चना पनि गरिन्छ तथा मिठाई एवं फलफूल खाएर हर्षका साथ नाचगान गरिन्छ। नेपालका सुदूर पश्चिमका थारू सम्प्रदायले यो पर्वलाई ठूलो चाडका रूपमा मनाउँछन्। यस दिन आफ्नो गच्छेअनुसारको भोज खाने-ख्वाउने काम हुन्छ। थारूहरूले फागु पर्वलाई नयाँ वर्षका रूपमा पनि मनाउँछन्।

फागु, फगुवा, होली, होरी आदि नामले मनाइने यो नेपालको विश्वका अन्य राष्ट्रहरूमा पनि विभिन्न तरिकाबाट मनाइन्छ। भारतमा भव्यताका साथ एक-आपसमा शुभकामना बाँडेर रङ्गीन पानी छ्यापेर प्रेम, सद्भाव प्रकट गरी विशेष धूमधामसँग यो वर्ष मनाइन्छ।

त्यस्तै, चीन, श्रीलंका अनि जावामा आगोको पूजा गरी यो पर्व मनाइन्छ। म्यानमार, थाइल्यान्डमा बौद्धहरूलाई दान दिएर यो पर्व मनाइन्छ। त्यस्तै ग्रीसमा आगो बालेर, नाचगान गर्दै डायनोसियस देवताको पूजा गरी यो पर्व मनाइन्छ। जर्मनी, मिश्र, स्वीडेन, फ्रान्स, पोल्यान्ड, इटली र बेल्जियममा पनि आ-आफ्नै प्रकारले यो पर्व मनाइन्छ। यसबाट के प्रस्ट हुन्छ भने फागु खुसीयालीयुक्त विश्वव्यापी रङ्गीन पर्व हो।

होली आउनु केही साताअघिदेखि नै लुकेर बाटो हिंड्ने यात्रु विशेष गरी युवतीहरूलाई लुकेर लेला प्रहार गर्ने चलन छ। यो संस्कृतिभित्र मौलाएको विकृति हो। होली एक-आपसमा हर्ष र उमङ्ग तथा सद्भाव वृद्धि गर्न खेलिने पर्व हो, मनाइने चाड हो। आफूभित्र रहेको गलत प्रवृत्तिलाई त्यागी सद्भाव वृद्धि गर्नु यो पर्वको मूल सन्देश हो। त्यसैले फागु हर्ष र उमंगले एक-आपसमा स्नेह एवं सद्भाव बाँडेर खेलिनुपर्छ।

**–देवेन्द्र अर्याल**

## जीवनको हरेक दिन फागु




फागु असत्यमाथि सत्यको विजयका रूपमा मनाइने पर्व हो। के बालक के युवा जो-कोहीमा नयाँ उत्साह र ऊर्जा थप्ने हुँदा यो उमंगको पर्व पनि हो। यो आपसी झैझगडा र मनमुटावलाई बिर्सिएर सुमधुर सम्बन्ध प्रारम्भ गर्ने दिन पनि हो। विशेषगरी रातो रंग जुन शुभ र सौभाग्यको प्रतीक मानिन्छ, प्रयोग गरिए पनि फागु विविध रंगको पर्व हो। एउटी बहिनीले आफ्ना दाजुप्रति समर्पित गरेको असीम मायाको प्रतीक हुनाले फागु प्रेमको प्रतीक पनि हो।

जीवनको हरदिन र हरक्षणमा हामी प्रेमको अनुभूति गर्छौं। त्यसैले त हाम्रो जीवनको हरदिन हरक्षण फागु बन्छ। एउटी आमाले आफ्ना बालकको रुवाइ, हँसाइ, हेराइ, अबोधपन, जिज्ञासु, स्वभाव आदिमा विविध रंगको अनुभूति गर्छिन्। त्यसैगरी एउटी आमाको न्यानो वात्सल्य, उनको कडाइ, निगरानी, सजाय, प्रोत्साहन आदिमा एउटा बालकले विविध रंग पाइरहेको हुन्छ।

त्यसैगरी एउटा प्रेमीले आफ्नी प्रेमिकाको हाँसो, खुसी, लज्जा, शालीनता, मधुरता आदि जस्ता व्यवहारमा विविध रंग खोजिरहेको हुन्छ भने एउटी प्रेमिकाले आफ्नो प्रेमिको चालचलन, भद्रता, दृढ निश्चय आदिमा विविध रंग अनुभव गरिरहेकी हुन्छिन्।

त्यसैगरी एउटा श्रीमान्ले श्रीमतीको सद्भाव, सेवा, समर्पण, सहनशीलता, त्याग आदिमा विविध रंग भेटिरहेका हुन्छन् भने श्रीमान्को संरक्षण, सुरक्षा एवं समझदारीमा श्रीमतीले विविध रंग भेटिरहेकी हुन्छिन्। व्यक्तिको जीवन एकनास हुँदैन। कहिले हाँसो, खुसी, रोदन, चित्कार, पीडा, आदि जस्ता विविध रंगले जीवन भरिएको हुन्छ।


प्रेमको सम्बन्ध मनसँग पनि छ। मनका हरेक भावना रिस, राग, द्वेष, ईर्ष्या, दया, करुणा आदिमा पनि विविध रंग लुकेको हुन्छ। प्राप्तिमा प्रसन्न रहने मन विछोडमा विरक्त र उदास पनि बन्छ। आशामा उत्साहित हुने मन निराशामा भताभुङ्ग र छताछुल्ल हुन पुग्छ। मनकै सम्बन्धबाट आत्मीयता उत्पन्न हुन्छ। कहिलेकाहीं वर्षौं सँगै रहँदा नपलाएको आत्मीयता कहिलेकाहीं एकै हेराइमा पनि पलाउन सक्छ। त्यसैले त मन र आत्मीयताको सम्बन्ध प्रेमसँग छ। रंगसँग र फागुसँग छ। हाम्रो जीवनको हरदिन, हरक्षणमा विविध रंग फैलिएको हुन्छ। त्यसैले त हाम्रो हर दिन फागु बनेको हुन्छ।

*'फर्फरायो बतास या*
*तिमीले छोयौ केश*
*डुबाइदियौ प्रेम रंगमा*
*धरी प्रेयसीको भेष।'*

**–प्रतिभा शर्मा**

# विश्वकपमा समूह 'सी' र 'डी' को प्रतिस्पर्धा









## समूह सी

नवौं विश्वकपको समूह सीमा इङ्ल्यान्ड, न्यूजिल्यान्ड, केन्या तथा क्यानाडा छन् । समूह सीका सबै खेल सेन्ट लुसियामा खेलाइनेछ । यो समूहको सबैभन्दा महत्त्वपूर्ण खेल न्यूजिल्यान्ड र इङ्ल्यान्डबीच चैत २ गते हुनेछ । यही खेलले यो समूहको अंक तालिका निर्धारण गर्नेछ तर यसै समूहमा रहेको तर टेस्ट स्तर मान्यता नपाएको केन्याले अघिल्लो विश्वकपमा जस्तै अविश्वसनीय प्रदर्शन गर्‍यो भने न्यूजिल्यान्ड वा इङ्ल्यान्डमध्ये एउटा टिमको सपना तुहिन सक्छ । अघिल्लो विश्वकपमा केन्या अविश्वसनीय रूपमा सेमिफाइनलसम्म पुगेको थियो । त्यसबेला जिम्बाबेमा खेल्न नजाने इङ्ल्यान्ड र न्यूजिल्यान्डको निर्णयले केन्यालाई फाइदा पुगेको थियो । रोचक कुरा त के हो भने त्यस बेला जिम्बाबेमा खेल्न नचाहने इङ्ल्यान्ड र न्यूजिल्यान्ड अहिले पनि एउटै समूहमा छन् ।

यो समूहमा रहेको न्यूजिल्यान्ड आइसिसी तथा आयोजक समिति दुवैको वरियताक्रममा तेस्रो स्थानमा छन् । विश्वकपमा 'डार्क हर्स' का रूपमा रहँदै आएको न्यूजिल्यान्डले अहिलेसम्म फाइनलको यात्रा तय गर्न सकेको छैन । न्यूजिल्यान्डले विश्वकपमा अहिलेसम्म ५२ म्याच खेलिसकेको छ, जसमध्ये उसले २८ मा जित तथा २३ मा हार बेहोरेको छ भने एउटा खेल अनिर्णित रहेको थियो ।

न्यूजिल्यान्डले गत साता अस्ट्रेलियाविरुद्ध हेड्ली-च्यापल ट्रफीमा एकपक्षीय रूपमा विजय प्राप्त गरेर विश्वकपका लागि आफ्नो आत्मविश्वासलाई बलियो बनाएको छ तर त्यसअघि अस्ट्रेलियामा सम्पन्न त्रिकोणीय श्रृंखला र श्रीलंकाविरुद्धको घरेलु श्रृंखलामा उसले बेहोर्नुपरेको पराजयले उसलाई विश्वकपको प्रबल दाबेदार हुनबाट रोकेको छ । विश्वकप जित्न न्यूजिल्यान्डका लागि कप्तान स्टेफन फ्लेमिङ, विकेटकिपर ब्रेन्डन म्याकुलम, तीव्रगतिका बलर सेन बोन्ड, जेम्स फ्रेन्कलिन, अलराउन्डर ड्यानियल भिटोरी, ब्याट्सम्यान स्कट स्टाइरिस, रोस टेलर, लाउ भिन्सेन्ट जस्ता खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्नु आवश्यक छ ।

### न्यूजिल्यान्डका खेलाडीहरू

स्टेफन फ्लेमिङ (कप्तान), सेन बोन्ड, जेम्स फ्रेन्कलिन, पिटर फुल्टन, मार्क जिलेस्पी, माइकल मासन, ब्रेन्डन म्याकुलम (विकेटकिपर), क्रेग म्याकमिलन, ज्याकोब ओराम, जितन पटेल, स्कट स्टाइरिस, रोस टेलर, डेरिल टफी, ड्यानियल भिटोरी, लाउ भिन्सेन्ट ।

'समूह सी' मै रहेको इङ्ल्यान्डलाई क्रिकेटको जननी मानिन्छ । त्यतिमात्र नभई क्रिकेटको सबै स्वरूपको पहिलो प्रयोगकर्ता पनि इङ्ल्यान्ड नै हो । विश्वकप क्रिकेटको प्रारम्भ पनि इङ्ल्यान्डमै भएको थियो तर पनि इङ्ल्यान्डले अहिलेसम्म विश्वकप हात पार्न सकेको छैन । विश्वकपमा इङ्ल्यान्डले अहिलेसम्म तीनवटा फाइनल खेलिसकेको छ । तीनवटै फाइनल (सन् १९७९ मा वेस्टइन्डिजसँग, १९८७ मा अस्ट्रेलियासँग तथा १९९२ मा पाकिस्तानसँग) मा पराजय बेहोरेको इङ्ल्यान्डका लागि यो विश्वकप पनि शुभसंकेतका रूपमा आएको छैन । यो विश्वकपमा इङ्ल्यान्डले आइसिसी तथा आयोजक समिति दुवैबाट सातौं वरियता पाएको छ ।

विश्वकपमा अहिलेसम्म ५० खेल खेलिसकेको इङ्ल्यान्डले ३१ मा जित र १८ मा हार बेहोरेको छ भने एउटा खेल अनिर्णित रहेको थियो । यो विश्वकपमा इङ्ल्यान्डका लागि कप्तान माइकल भन, अलराउन्डर एन्ड्र्यु फ्लिन्टोफ, ब्याट्सम्यान केभिन पिटरसन, पाउल कलिनउड, बलर जेम्स एन्डरसन तथा लियाम प्लुन्केटले उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ ।

### इङ्ल्यान्डका खेलाडीहरू

माइकल भन (कप्तान), एन्ड्र्यु फ्लिन्टोफ, एडमन्ड क्रिस्टोफर जोयस, इयान बेल, एन्ड्र्यु स्ट्रस, केभिन पिटरसन, पाउल कलिनउड, पाउल निक्सन (विकेटकिपर), रवीन्द्र बोपरा, जेमी डेलरिम्पल, मोन्टि पानेसर, जोन लेविस, जेम्स एन्डरसन, लियाम प्लुन्केट र साजिद महमुद ।

यसै समूहमा रहेको केन्याले अघिल्लो विश्वकपमा जुन किसिमको प्रदर्शन गरेको थियो, त्यसको पुनरावृत्ति हुन्छ भन्ने कुरामा क्रिकेट विश्लेषकहरू सहमत छैनन् । यो विश्वकपका लागि केन्याले आइसिसीबाट एघारौं तथा आयोजकबाट दसौं वरियताक्रम पाएको छ । केन्याले अहिलेसम्म विश्वकपमा २० खेल खेलिसकेको छ । जसमध्ये उसले ५ मा विजय प्राप्त गरेको छ भने १४ मा पराजय बेहोरेको छ । एउटा खेल अनिर्णित रहेको थियो । केन्याले विजय प्राप्त गरेका पाँचवटै खेल अघिल्लो विश्वकपका थिए । जसमध्ये तीनवटा खेलमा उसले प्रतिद्वन्द्वीको सामना गर्नुपरेको थिएन ।

## विश्वकप क्रिकेट २००७



### केन्याका खेलाडीहरू

स्टिभ टिकोलो (कप्तान), थोमस ओडोयो (विकेटकिपर), रविन्दु साह, तन्मय मिश्रा, कोलिन्स ओबुया, पिटर ओङ्गोन्डो, नेहमिया ओधिआम्बो, मोरिस ओउमा, मल्हार पटेल, हिरेन भरैया, डेभिड ओगुया, राजेश बुधिया, जिम्मि कमान्डे, टोनि सुजी र लामेक ओड्यान्बो ।

समूह सीमै रहेको चौथो टिम क्यानाडा हो । क्यानाडाले विश्वकप क्रिकेटमा अहिलेसम्म ७ खेल खेलेको छ । जसमध्ये उसले एउटामा जित र ६ खेलमा पराजय बेहोरेको छ । क्रिकेट विश्लेषकहरू यो विश्वकपमा पनि क्यानाडाको कुनै सम्भावना देख्दैनन् । उसले आफ्नो समूहमा केन्यालाई पराजित गर्न सक्यो भने त्यो नै उसका लागि उपलब्धि मानिनेछ ।

### क्यानाडाका खेलाडीहरू

जोन डेभिसन (कप्तान), आशिष बगाई (विकेटकिपर), जियोफ बार्नेट, उमर भट्टी, इयान बिलक्लिफ, डेसमन्ड चुम्ने, अस्टिन कोड्रिङ्टन, जर्ज कोड्रिङ्टन, एन्डरसन क्युमिन्स, सुनिल धनिराम, आसिफ मुल्ला (विकेटकिपर), हेनरी ओसिन्डे, कैजर अलि, अब्दुल समाद र केभिन स्यान्डर ।

## समूह डी

नवौं विश्वकपको समूह डीमा आयोजक वेस्टइन्डिज, पाकिस्तान, जिम्बाबे तथा नवप्रवेशी आयरल्यान्ड छन् । समूह डीका सबै खेल जमैकामा खेलाइनेछ । यो समूहको सबैभन्दा महत्त्वपूर्ण खेल वेस्टइन्डिज तथा पाकिस्तानबीच फागुन २९ गते हुनेछ । प्रतियोगिताको औपचारिक प्रारम्भ गर्ने यही खेलले यो समूहको अंक तालिका निर्धारण गर्नेछ ।

यो समूहमा रहेको वेस्टइन्डिज आइसिसीको वरियताक्रममा आठौं तथा आयोजक समितिको वरियताक्रममा छैटौं स्थानमा छ । पहिलो (सन् १९७५) तथा दोस्रो विश्वकप (सन् १९७९) मा विजय प्राप्त गरेको वेस्टइन्डिजले तेस्रो विश्वकप (सन् १९८३ मा भारतसँग) पराजय बेहोरेपछि अहिलेसम्म फाइनलको यात्रा तय गर्न सकेको छैन । वेस्टइन्डिजले विश्वकपमा अहिलेसम्म ४८ म्याच खेलिसकेको छ । जसमध्ये उसले ३१ मा जित र १६ मा हार बेहोरेको छ भने एउटा खेल अनिर्णित रहेको थियो ।

केही समयअघि क्वालालम्पुरमा सम्पन्न त्रिकोणीय क्रिकेट, भारतमा सम्पन्न आइसिसी च्याम्पियन्स ट्रफी, भारतविरुद्धको घरेलु श्रृंखलामा उत्कृष्ट प्रदर्शन गरेको वेस्टइन्डिजलाई यो विश्वकपमा आफ्नो गृहमैदानको लाभ उठाउन सक्ने अवसर प्राप्त छ । विश्वकप जित्न वेस्टइन्डिजका लागि कप्तान ब्रायन लारा, अलराउन्डर क्रिस ग्याले र ड्वाने ब्रेभो, ब्याट्सम्यान शिवनारायण चन्द्रपाउल, रामनरेश श्रवण, मार्लोन स्यामुयल, बलरहरू जेरोम टेलर, इयान ब्राडसा जस्ता खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्नु आवश्यक छ ।

### वेस्टइन्डिजका खेलाडीहरू

ब्रायन लारा (कप्तान), क्रिस ग्याले, ड्वाने ब्रेभो, शिवनारायण चन्द्रपाउल, रामनरेश श्रवण, मार्लोन स्यामुयल, जेरोम टेलर, इयान ब्राडसा, ड्वाने स्मिथ, कोरी कोलिमोर, दिनेश रामदिन (विकेटकिपर), डेभोन स्मिथ, लेन्डल सिमोन्स, डरेन पावेल र किरोन पोलार्ड ।

यसै समूहमा रहेको पाकिस्तानले सन् १९८२ को पाँचौं विश्वकप जितिसकेको छ भने पाकिस्तान सन् १९९९ को सातौं विश्वकपको फाइनलमा अस्ट्रेलियासँग पराजित भएको थियो । यो विश्वकपका लागि पाकिस्तानले आइसिसी तथा आयोजक समिति दुवैबाट चौथो वरियताक्रम पाएको छ । विश्वकपअघि दक्षिण अफ्रिकासँग बेहोर्नु परेको पराजयका कारण पाकिस्तानको आत्मविश्वास डगमगाएको छ तर पनि कुनै पनि बेला खेलमा फर्कन सक्ने खुबी देखाउँदै आएको पाकिस्तानले यो विश्वकपमा घेरै दाबेदारहरूलाई घर फर्काउने अनुमान गर्न सकिन्छ ।

पाकिस्तानले अहिलेसम्म विश्वकपमा ५३ खेल खेलिसकेको छ, जसमध्ये उसले २९ मा जित र २२ मा हार बेहोरेको छ । २ खेल अनिर्णित रहेका थिए । यो विश्वकपमा सफलता पाउन पाकिस्तानका लागि कप्तान इन्जमाम उल हक, मोहम्मद युसुफ, युनिस खान जस्ता ब्याट्सम्यान तथा दनिस कनेरिया, उमर गुल, सोएव अख्तर जस्ता बलरहरू चम्किनु आवश्यक छ ।

### पाकिस्तानका खेलाडीहरू

इन्जमाम उल हक (कप्तान), मोहम्मद युसुफ, युनिस खान, दनिस कनेरिया, उमर गुल, सोएव अख्तर, मोहम्मद हाफिज, इमरान नजिर, सोएब मलिक, अब्दुल रज्जाक, शाहिद अफ्रिदी, कामरान अकमाल, मोहम्मद आसिफ, राना नावेद उल हसन र राव इफ्तिखार अन्जुम ।

यो समूहमा रहेको जिम्बाबेले आइसिसीबाट दसौं तथा आयोजक समितिबाट नवौं वरियताक्रम पाएको छ । अहिलेसम्म विश्वकपमा ४२ खेल खेलिसकेको जिम्बाबेले ८ खेलमा जित र ३१ खेलमा हार बेहोरेको छ । उसले खेलेका ३ खेल अनिर्णित छन् । हालसालै बांगलादेशसँग हार बेहोरेको जिम्बाबेप्रति विश्लेषकहरू त्यति आशावादी छैनन् । जिम्बाबे क्रिकेट बोर्डको गलत नीतिका कारण जिम्बाबेबाट राम्रा खेलाडीहरू पलायन भएकाले जिम्बाबेले कुनै ठूलो चुनौती प्रस्तुत गर्न सक्छ भन्ने कुरालाई विश्लेषकहरूले खारेज गरिसकेका छन् ।

### जिम्बाबेका खेलाडीहरू

प्रोस्पर उत्सेया (कप्तान), गेरी ब्रेन्ट, चामु चिभाभा, एल्टन चिगुम्बुरा, किथ दबेङ्गवा, टेरी डुफिन, एन्टोनी आयरल्यान्ड, फ्राइ डे कास्टेनी, स्टुअर्ट मात्सिकेनेरी, क्रिस्टोफर एमपोफु, तवान्डा मुपारिवा, एडवर्ड चार्ल्स रेन्सफोर्ड, भुसि सिवान्दा, ब्रेन्डन टेलर (विकेटकिपर) र सिन विलियम्स । यसै समूहमा नवप्रवेशी आयरल्यान्ड पनि छ । आयरल्यान्डका लागि यो विश्वकप एउटा अनुभव मात्र हुनेछ ।

### आयरल्यान्डका खेलाडीहरू

ट्रेन्ट जोन्स्टन (कप्तान), किलि म्याकलन, आन्द्रे बोथा, जेरेमि ब्रे, केनेथ क्यारोल, पिटर जिलेस्पी, डेभ लङ्गफोर्ड स्मिथ, जोन मुने, पाउल मुने, इयोन मोर्गन, केभिन ओब्रेन, निल ओब्रेन, विलियम पिटरफिल्ड, ब्वाइड रेन्किन र एन्ड्र्यु ह्वाइट ।

सर्वाधिक बिक्री हुने साप्ताहिक सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

## विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
| --- | --- | --- |
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?

........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?

........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?

........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?

........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

........................................

नियमहरू

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

उत्तर पठाउने ठेगाना
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०१९, तीनकुने, सुविधानगर, काठमाडौं

सहभागीको नाम :
ठेगाना :
फोन नम्बर :

# घरको बत्तीको भरमा पदक जित्दै

● राजु घिसिङ

धरान–टेबलटेनिस खेलाडी गीता थापाले दक्षिण एसियाली खेलकुद (साग) मा पाँचवटा कांस्य पदक चुमिसकेकी छिन्। सन् १९९५ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा निरन्तर नेपालको प्रतिनिधित्व गर्दै आएकी ३० वर्षीय थापा भन्छिन्– '१३ वर्ष भैसक्यो, घरकै बत्तीमा अभ्यास गरेको भरमा पदक जित्दै आएकी छु।'

धरान-९ स्थित उनकै घरबाट ६ वर्षयता कभर्ड हलमा बिजुली लाइन तानेर ट्युबलाइट बाल्दै यहाँका खेलाडीहरू नियमित प्रशिक्षण गर्दै आएका छन्। त्यसमा पनि धेरैजसो ट्युबलाइट बिग्रिएका छन्। थोरै ट्युवलाइटको उज्यालोमा अनुमानको भरमा उनीहरू प्रशिक्षण गर्छन्। लोडसेडिङ हुँदा उनीहरूको प्रशिक्षण स्थगित हुन्छ। दोस्रो साफ गेम्समा कांस्य पदक जितेका बक्सिङ प्रशिक्षक अनुप लामा भन्छन्- 'जिल्ला खेलकुद विकास समितिले नेपाल विद्युत् प्राधिकरणलाई करिब ४५ हजार रुपैयाँ महसुल नबुझाइएपछि १३ वर्षअघि प्राधिकरणले विद्युत् लाइन काटेको थियो।' जरिवानासहित अहिले प्राधिकरणलाई बुझाउनुपर्ने महसुल करिब १ लाख रुपैयाँ पुगिसकेको छ।

आठौं र नवौं सागमा २-२ तथा दसौं सागमा १ सहित कुल ५ वटा कांस्य पदक जितेकी गीताको घरबाट ६ वर्षअघि मात्र कभर्ड हलमा विद्युत् लाइन तानिएको हो। त्यसअघि ६ वर्षको अवधिमा मैनबत्ती र मोटरसाइकलका हेड-लाइटको प्रकाशको भरमा खेलाडीहरू प्रशिक्षण गर्थे। पूर्व बक्सिङ खेलाडी निमा लामाले मोटरसाइकलको हेड-लाइटको प्रकाशमै अभ्यास गरेकै भरमा सातौं सागमा कांस्य पदक जितेका थिए।

'विद्युत् लाइन जडानका निम्ति राष्ट्रिय खेलकुद परिषद्लाई एक वर्षयता मात्रै ४ वटा लिखित पत्र पठाएँ तर कुनै सुनुवाई भएन,'- जिल्ला खेलकुद विकास समिति, सुनसरीका सचिव बलराम शर्माले बताए। प्रत्येकपल्ट काठमाडौं जाँदा सदस्य-सचिवलाई विद्युत् लाइन जडान गर्न आग्रह गरेको उनले बताए। राखेप सदस्यसचिव जतिपल्ट धरान आउँछन्, त्यति नै पल्ट यो समस्याको जानकारी दिएको प्रशिक्षकहरू बताउँछन्। टेबलटेनिस प्रशिक्षक विनोद शाक्य भन्छन्- 'सदस्य-सचिवले प्रत्येकपल्ट तुरुन्त जडान गरिदिने भन्छन्, तर काम कहिल्यै गर्दैनन्।'




गीताको घरबाट जोडेको ट्युबलाइटकै भरमा दैनिक २ सयभन्दा बढी खेलाडी नियमित प्रशिक्षण गरिरहेका छन्। सव-मिटरमा उठेको विद्युत् तथा खानेपानीको महसुल खेलाडीहरू आफैं रकम उठाएर बुझाउँछन्। सचिव शर्माका अनुसार विद्युत्को मासिक शुल्क २ हजारदेखि २ हजार ५ सय रुपैयाँ उठ्ने गरेको छ। खानेपानीको मासिक १ हजार ५ सय रुपैयाँको हाराहारीमा शुल्क बुझाउँदै आएको उनले बताए। आठ खेलका १७ जना प्रशिक्षक रहेको जिल्ला खेलकुद विकास समितिमा आवश्यकताभन्दा बढी पाँच जना कर्मचारी छन् तर पियनको दरबन्दी छैन। सचिव शर्मा भन्छन्- 'हाजिरी गर्नेबाहेक कर्मचारीको काम छैन।' प्रशिक्षक एवं कर्मचारीहरूले मासिक तलबबाट १-१ सय रुपैयाँ संकलन गरी चार वर्षयता एक पियन राखेका छन्।

जिल्ला खेलकुद विकास समितिमा ८ वटा खेल संस्था दर्ता भए पनि जिल्लाकै एक मात्र यो कभर्ड हलमा टेबलटेनिस, कराँते, किक-बक्सिङ, बक्सिङ, तेक्वान्दो तथा उसुका खेलाडीहरू नियमित अभ्यास गर्छन्। विद्युत् मात्र यहाँको समस्या होइन, हल पनि जीर्ण छ। ढोका छैन, भुइँ भत्किएको छ। यही हलमा प्रशिक्षण गरेरै बक्सिङमा निमा लामा, विकास गुभाजु, बलकुमार तामाङ, टेबलटेनिसमा गीता थापा, स्वेच्छा नेम्वाङ पुजन श्रेष्ठ, सन्दीपा रायले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिसकेका छन्। निमा र गीताबाहेक स्वेच्छाले पनि सागमा दुई कांस्य पदक जितिसकेकी छिन्।

## ५ प्रश्न



*मधुकर थापा कुनै समय चर्चित भलिबल खेलाडी मानिन्थे। थापाले राष्ट्रिय टिममा रहेर दुई पटक दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिसकेका थिए। अहिले मकाउको राष्ट्रिय टिममा रहेका थापाले बुसान एसियाडका मकाउको तर्फबाट प्रतिनिधित्व गरेका थिए। नेपाली भएर दुई देशको तर्फबाट राष्ट्रिय टिममा प्रतिनिधित्व गर्ने पहिलो खेलाडी बनेका थापालाई हालै भलिबल संघले मानार्थ सदस्यता दिने निर्णय गर्दै सम्मानसमेत गरेको छ।*

**भलिबल संघले तपाईंलाई केका आधारमा मानार्थ सदस्यता दियो ?**

मुख्य रूपमा संघ पनि नेपालमा भलिबल खेलको विकास होस् भन्ने चाहन्छ। उनीहरूको आशा खेल सामग्रीतर्फ छ, तर मेरो सोचाइ प्रविधिक सहयोगमा केन्द्रित छ।

**अहिले नेपाली खेलकुदको विकासमा लाग्ने सोचाइ कसरी आयो ?**

त्यो समयमा नेपालको खेलकुदबाट भविष्य सुनिश्चित गर्ने अवस्था थिएन। अझ भलिबल खेलमार्फत त दक्षिण एसियाली क्षेत्र नाघ्ने अवस्था पनि थिएन। त्यो समयमा खेलकुदका धेरै साथी वैदेशिक रोजगारका लागि जाने लहर चलेको थियो। त्यही क्रममा म पनि मकाउ पसें।

**मकाउमा के गर्नुहुन्छ ?**

मकाउमा मेरो मुख्य पेसा भनेको प्रिजन पुलिस (कैदी प्रहरी) हो। त्यसबाहेक म भलिबल पनि खेल्छु र सिकाउँछु। अहिले प्रशिक्षक हुने तयारीमा अमेरिकामा प्रशिक्षण गर्दैछु।

**बुसान एसियाडमा मकाउबाट खेले पनि कतार एसियाडमा त देखिनुभएन नि ?**

मकाउले पछिल्लो पटक मकाउको नागरिकता भएका खेलाडीले मात्र मकाउको प्रतिनिधित्व गर्ने नियम बनायो, जसका कारण मैले सहभागिता गर्न पाइनँ। ओलम्पिक चार्टरअनुसार खेल्न नपाए पनि ग्रान्ड पिक्सहरूमा चाहिं खेल्न पाउँछु।

**नेपालका तर्फबाट खेल्ने चाहना मरिसक्यो होला, होइन ?**

नेपालमा भलिबलको विकास गर्न खेल्नु नै पर्छ भन्ने छैन, अन्य पक्षबाट पनि सहयोग गर्न सकिन्छ। यदि मैले अमेरिकामा राम्रो प्रशिक्षक प्रशिक्षण गर्ने मौका पाएँ भने नेपाललाई पनि त्यसले ठूलो सहयोग गर्छ। अहिले पनि मैले सिकेका सीपहरू सबैभन्दा पहिले नेपालका भलिबल प्रशिक्षकहरूलाई पठाई सहयोग गरिरहेको छु। भविष्यमा आफैं उपस्थित भएर पनि काम गर्न सकिन्छ।



## विश्वकप समाचार

### होटलको भाउ बढ्यो

क्यारिबियन क्षेत्रमा पहिलो पटक आयोजना हुन लागेको विश्वकप क्रिकेटको मौका पारेर स्थानीय होटलहरूले आफ्नो सेवा शुल्कमा भारी वृद्धि गरेका छन्। जमैकाको स्थानीय ग्लिनर पत्रिकाले गरेको सर्वेक्षणअनुसार कतिपय होटलले आफ्नो शुल्कमा ६३ प्रतिशतदेखि १ सय ३३ प्रतिशतसम्मले वृद्धि गरेका छन्। जमैकाको होटल तथा पर्यटन विभागका प्रमुख होरासी पिटरकिनका अनुसार विश्वकपको समयमा हाल उपलब्ध सेवा तथा सुविधामा वृद्धि गरिएका कारण शुल्क वृद्धि गरिएको हो। विश्वकपताका आउने पर्यटकले थप सुविधा र मनोरञ्जन गर्न पाऊन् भन्ने लक्ष्यसमेत राखिएको छ। जमैकाका होटलहरूले प्रतिकोठा बापत औसत १ सय ६७ डलर लिने गरेका थिए तर विश्वकपको समयमा त्यस्तो शुल्क वृद्धि गरेर ३ सय डलर कायम गरिएको छ। शुल्क वृद्धि गरे पनि स्थानीय होटलहरूले विश्वकपको समयमा होटल भरिभराउ हुने हुँदा अग्रिम भुक्तानीको प्रस्तावसमेत अगाडि सारेका छन्।

### पुग्नै गाह्रो

आगामी विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी राष्ट्रमध्ये भौगोलिक दूरीका कारण अस्ट्रेलिया तथा न्युजिल्यान्डका दर्शकलाई क्यारिबियन क्षेत्र पुग्न सबैभन्दा गाह्रो हुने अनुमान जो-कोहीले गर्न सक्छ तर श्रीलंका, पाकिस्तान र बंगलादेशका दर्शकलाई सबैभन्दा कठिन हुने देखिएको छ। क्यारिबियन क्षेत्रका ९ मुलुकसँग श्रीलंका, पाकिस्तान र बंगलादेशले कैयौं क्रिकेट प्रतियोगिता खेले पनि कतिपय क्यारिबियन मुलुकसँग ती राष्ट्रको कूटनीतिक सम्बन्ध छैन जसका कारण श्रीलंका, पाकिस्तान र बंगलादेशका दर्शकले आफ्नो टिमको हौसला बढाउन क्यारिबियन क्षेत्रमा रहेको भारतीय कूटनैतिक नियोगमा सम्पर्क राख्नुपर्ने भएको छ।

काशी जाने कुतीको बाटो भनेझैं जानुपर्ने क्यारिबियन क्षेत्र अनुमति लिनुपर्ने भारतको। कूटनैतिक नियोग नभएका कारण श्रीलंका तथा बंगलादेशले भन्दा बढी समस्या पाकिस्तानले भोगिरहेको छ। पाकिस्तानप्रति भारतीय नीतिका कारण पाकिस्तानीले पहिले भारत आउने प्रवेशाज्ञा लिनुपर्‍यो अनि बल्ल क्यारिबियन क्षेत्रको। पाकिस्तानी दर्शकले भोगनुपर्ने यो समस्याका कारण अहिले पाकिस्तानी क्रिकेट बोर्डले विदेश विभागसँग समन्वय गरेर आफ्ना समर्थकलाई क्यारिबियन क्षेत्र पुर्‍याउने जमर्को गर्न थालेको छ। त्यसैगरी क्यारिबियन क्षेत्रमा इङ्ल्यान्ड, क्यानाडा, आयरल्यान्ड तथा दक्षिण अफ्रिकाका दर्शकले निर्वाध रूपमा प्रवेश पाउनेछन् भने भारत, पाकिस्तान, न्युजिल्यान्ड, अस्ट्रेलिया तथा श्रीलंकाले भने कोटाअन्तर्गत प्रवेश पाउनेछन्। दर्शकको समर्थनबिना सफलता पाउन गाह्रो पर्ने महसुस गर्ने पाकिस्तानले अहिले वेस्ट इन्डिज क्रिकेट बोर्ड तथा स्थानीय पर्यटन विभागसँग सोझै समन्वय गरेर भए पनि आफ्ना दर्शकलाई क्यारिबियन क्षेत्रमा पुर्‍याउने प्रयास गरिरहेको छ।

### सुस्तायो टिकट बिक्री

अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा आम्दानीको मुख्य स्रोत प्रतियोगिताको टिकट बिक्री पनि एक हो तर विश्वकप क्रिकेट प्रतियोगिताको टिकट बिक्रीमा सुस्तता आएपछि आयोजक समिति निराश हुन थालेको छ। क्यारिबियन क्षेत्रमा हुन लागेको विश्वकप क्रिकेट प्रतियोगिताको टिकट बिक्रीमा सुस्तता आउनुको मुख्य कारण सहभागी राष्ट्रका दर्शकले प्रवेशाज्ञा पाउन कठिन भएको आयोजक समितिले महसुस गरेको छ।

केही दक्षिण एसियाली मुलुकका दर्शकको प्रवेशाज्ञामा विद्यमान समस्याका कारण दर्शकको संख्या घटेको महसुस गर्दै आयोजक समितिले दर्शक संख्या बढाउने प्रयास गरिरहेको छ तर आयोजक समितिका टिकट बिक्री प्रमुख डेल रमेय टेलर भिसा समस्याका कारण टिकट बिक्री घटेको मान्न तयार छैनन्। टेलरका अनुसार दोस्रो चरणपछिका अधिकांश टिकट बिक्री भैसकेका छन्। टेलरका अनुसार ८ लाख टिकट बिक्री भैसकेका छन्, जसबापत आयोजक समितिलाई २ अर्ब ८४ करोड रुपैयाँ आम्दानी भएको छ। स्थानीय दर्शकले दोस्रो चरणपछिका खेलको टिकट किनेका कारण पर्यटक दर्शकले टिकट पाउन कठिन हुने देखिन्छ।

## छोटकरी समाचार

### महिला फुटबल चैतको दोस्रो साता

**साप्ताहिक समाचार**



धरान- धरान फुटबल क्लब तथा गोरखा भूतपूर्व सैनिक संघ महिला कमिटी सुनसरीको संयुक्त आयोजनामा आगामी चैत दोस्रो सातादेखि धरानमा अधिराज्यव्यापी प्रथम दन्तकाली कप महिला फुटबल प्रतियोगिता सञ्चालन हुने भएको छ। प्रतियोगिता सञ्चालनका निम्ति धरान फुटबल क्लबका अध्यक्ष सुवास राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ। मूल आयोजक समितिका अनुसार ७ लाख ४२ हजार ८ सय रुपैयाँको अनुमानित खर्चमा आगामी चैत ८ देखि १७ गतेसम्म धरान रंगशालामा दन्तकाली कप महिला फुटबल प्रतियोगिता सञ्चालन हुनेछ।

धरान फुटबल क्लब, मोरङ, झापा, इलाम, धनकुटा, पाँचथर, उदयपुर, मकवानपुर, खोटाङ तथा राष्ट्रिय महिला फुटबल प्रतियोगिताको विजेता सशस्त्र प्रहरीको ज्ञानेन्द्र एपीएफसहित दन्तकाली कपमा १० वटा टिमको सहभागिता रहनेछ। नवौं बूढासुब्बा गोल्डकप समाप्तिसँगै सुरु हुने उक्त प्रतियोगिताका विजेतालाई दन्तकाली कपसँगै नगद २५ हजार रुपैयाँ प्रदान गरिने छ। उपविजेताले १५ हजार रुपैयाँ नगद पुरस्कारसहित रनरअप ट्रफी हात पार्नेछन्। धरानमा अधिराज्यव्यापी महिला फुटबल प्रतियोगिता सञ्चालन हुन लागेको यो पहिलो अवसर हो।

### उपाधि लुम्बिनी खुकुरीलाई

बुटवल– भैरहवामा सञ्चालित प्रोफेसनल लिग क्रिकेट प्रतियोगिताको उपाधि लुम्बिनी खुकुरी क्लब, बेलहियाले हात पारेको छ। सिद्धार्थ रंगशालाको खेलमैदानमा मंगलबार सम्पन्न फाइनल खेलमा लुम्बिनी खुकुरी क्लबले आयोजक प्रोफेसनल मास्टर्स ११ सिद्धार्थनगरलाई ७ विकेटले पराजित गरेको थियो। पहिले टस जितेर ब्याटिङका लागि मैदानमा आएको प्रोफेसनलले निर्धारित २० ओभरको खेलमा १८ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै ९८ रन बनाएको थियो, जसमा अमित श्रेष्ठले २६, सागर खड्काले १८ र अमृत भट्टराईले १६ रनको योगदान दिएका थिए।

त्यसैगरी बलिङतर्फ लुम्बिनी खुकुरीका वसन्त रेग्मीले ३, शक्ति गौचन र बेलबहादुर थापाले २/२ र गोविन्द कार्कीले १ विकेट लिएका थिए। जवाफमा ९९ रनको विजय लक्ष्य प्राप्त गरेको लुम्बिनी खुकुरी क्लबले १४ दशमलव ४ ओभरमा ३ विकेटको क्षतिमा विजय लक्ष्य प्राप्त गरेको थियो। खेलमा वसन्त रेग्मीले २६ र शक्ति गौचनले १२ रनको योगदान दिएका थिए। प्रतियोगिताको फाइनल खेलमा लुम्बिनी खुकुरीका वसन्त रेग्मी म्यान अफ द म्याच घोषित भएका थिए भने प्रोफेसनलका सागर खड्का म्यान अफ द सिरिज भए। बुद्ध स्पोर्ट्स क्लब भैरहवा र हिमाल युथ क्लब मणिग्रामले पनि भाग लिएको लिगमा उनीहरू पहिलो चरणबाटै बाहिरिएका थिए।

### चौथो मिस्टर पश्चिमाञ्चल

बुटवल– रूपन्देही शारीरिक सुगठन संघले आगामी चैत २३ र २४ गते भैरहवामा चौथो मिस्टर पश्चिमाञ्चल क्षेत्रीय शारीरिक सुगठन प्रतियोगिता आयोजना गर्ने भएको छ। संघको हालै बुटवलमा बसेको बैठकले तीन पटकसम्म आयोजित स्थगित भएको प्रतियोगितालाई निरन्तरता दिने निर्णय गरेको हो। प्रतियोगितामा पश्चिमाञ्चलका लुम्बिनी, गण्डकी, धौलागिरि अञ्चलका १६ जिल्लाका १ सय ५० खेलाडी सहभागी हुने र उनीहरूबीच एसियन तथा अन्तर्राष्ट्रिय बडी बिल्डिङ फेडरेसनको नियमअनुसार ५५, ६०, ६५ र ७० किलोग्राम तौलसमूह तथा खुला गरी ५ तौल समूहमा प्रतिस्पर्धा गराइनेछ।

प्रतियोगितामा प्रथम हुनेलाई 'मिस्टर पश्चिमाञ्चल' को उपाधिसहित २० हजार नगद, दोस्रो हुनेलाई १५ हजार नगद र तेस्रो हुनेलाई १० हजार नगद तथा चौथो र पाँचौंलाई ५-५ हजार नगद पुरस्कार तथा कप र प्रमाणपत्र प्रदान गर्ने आयोजक समितिका अध्यक्ष शिवध्वज राईले साप्ताहिकलाई बताए। भैरहवाको महेन्द्र सभागृहमा हुने प्रतियोगितालाई मनोरञ्जनपूर्ण बनाउन रूपन्देही जिल्लास्तरीय लोक तथा आधुनिक नृत्य प्रतियोगिता पनि हुनेछ।

प्रतियोगितामा सहभागी भै उपाधि हात पार्न बुटवल तथा भैरहवाका 'बडी बिल्डर' युवाहरू अहिले यहाँका एक दर्जन जिम हाउसमा साँझ-बिहान अभ्यासमा व्यस्त देखिन्छन्। बुटवल फिटनेस तथा जिम सेन्टरका सञ्चालक विजेन्द्रमान श्रेष्ठका अनुसार प्रतियोगिताका कारण जिम हाउसहरूमा भीड बढेको र प्रशिक्षणका लागि ठाउँ तथा प्रशिक्षकको अभाव खड्किएको छ।

**टोपराज शर्मा**

# बन्ने होइन त सुपर टिन ?



**साप्ताहिक समाचार**

काठमाडौं- गत अंकको साप्ताहिकको अन्तिम पृष्ठ तथा यस पटकको प्रथम पृष्ठमा मिसटिन नेपाल खुस्बु ओलीको तस्बिरसहित प्रकाशित विज्ञापनले 'फेयर एन्ड टिन सुपरटिन-२००७' भएर चर्चा पाउन चाहनेहरूलाई एउटा अवसरको सिर्जना गरेको छ। साप्ताहिकको १२ वर्षको यात्रामा पहिलो पटक यसको एक आकर्षक भाग रहने गरेको मध्यपृष्ठको ब्लोअपमा सहभागी हुन 'इमामी-फेयर एन्ड टिन' सँग आबद्ध भएर एक प्रकारको नौलो सौन्दर्य प्रतियोगिता प्रारम्भ गरेको छ।

टिनएजर किशोरीहरूको कोमल छालाको सुन्दरतामा निखार ल्याउन बजारमा उपलब्ध गराइएको 'इमामी-फेयर एन्ड टिन' सँग साप्ताहिकले थालेको यो प्रतियोगितामा सहभागी हुन कुनै पनि किशोरीहरूले एक-एक प्रति क्लोजअप र फुलफिगर तस्बिर, बायोडाटा तथा 'इमामी-फेयर एन्ड टिन' को ३० एमएल वा ६० एमएलको एक खाली खोलसहित साप्ताहिकको ठेगानामा आवेदन पठाउनुपर्नेछ। त्यसका साथै राजधानीका विभिन्न कलेज, डिपार्टमेन्ट स्टोर आदिमा 'ड्रप बक्स' राखिने व्यवस्था गरिंदैछ।

प्राप्त आवेदनहरूबाट साप्ताहिक तथा इमामीले उत्कृष्ट १३ जनालाई छनौट गर्नेछ। ती १३ जनाको चर्चित फेसन फोटोग्राफरहरूबाट उत्कृष्ट फोटो सेसन गराई १३ सातासम्म साप्ताहिकको मध्यपृष्ठमा प्रकाशित गरिनेछ । प्रकाशित १३ जना 'सुपर टिन' मध्येबाट एकजना विजेताको छनौट पनि हुनेछ। जसलाई सर्वोत्कृष्टताको पुरस्कार प्रदान गरिनेछ। सहभागी हुन चाहनेहरूले चैतको २३ गतेभित्र आवेदन पठाइसक्नु पर्नेछ। बन्ने होइन त 'फेयर एन्ड टिन सुपरटिन-२००७' ?

## पोकेमन पार्कमा डान्सपार्टी

विराटनगर- जाडो मौसम सकिँदै गए पनि बिहान-बेलुका भने मन्द जाडो कायमै छ, तर गत शनिबार बेलुका विराटनगरको पोकेमन पार्कको वातावरण चिसो नभै तातेको थियो। बाहिर मन्द चिसो भए पनि हलभित्र अत्यधिक तातो थियो। यति गर्मी थियो- सबै पसिनाले टाउकोदेखि पैतालासम्म भिजेका थिए।

विराटनगरका युवाहरूले विशुद्ध मनोरञ्जन गर्न आयोजना गरेको डान्स पार्टीमा डान्स गर्नेहरूको राप र चर्को गीत-संगीतले हल तातेको थियो। महिला सहभागिता न्यून



भएको डान्स पार्टीमा फिफा रेफ्री किरण गिरी, युवा नेता परशु बस्नेत, पूर्व सुपर मोडल रेशल ओझासहित उद्योगपति, व्यवसायी, प्रहरी अधिकृत, खेलाडीसमेत ५ घण्टा झुमेका थिए। डान्स पार्टीको रौनक बढाउन धरानबाट महिला डान्सरहरू बोलाइए पनि इटहरीमा सडक अवरोध भएका कारण उनीहरू फर्किएपछि युवाहरूले मात्रै डान्सको मज्जा लिए।

पार्कको हरियाली बगैंचाको मध्यभागमा रहेको हलमा डान्स फ्लोर बनाइएको थियो। पार्कमा बन्दै गरेको नयाँ साजसज्जाले पनि युवाहरूको आकर्षण बढाएको थियो। आयोजक मुकेश बुढाथोकीका अनुसार, डान्स पार्टी नाफा गर्ने उद्देश्यले नभै मनोरञ्जन गर्ने उद्देश्यले आयोजना गरिएको र प्रवेश शुल्क न्यून राखिएकाले सहभागी धेरै भएका हुन्। 'हामीले अधिकांशलाई निःशुल्क प्रवेश दिएका हौं' -बुढाथोकीले बताए।

नेपाली, हिन्दी तथा अंग्रेजी भाषाका सबै खाले गीतमा आफ्नो तालमा नाचिरहेका डान्सरहरू अचानक कार्यक्रम सकिएको घोषणा गरिँदा खिन्न भएका थिए।

## धरोधर्म मागी विवाह नै हो




**साप्ताहिक समाचार**

काठमाडौं- 'सत्यधरोधर्म मेरो मागी विवाह नै हो,' -गायक सत्यराज आचार्यले साप्ताहिकसँग कसम खाए। उपाध्याय ब्राह्मण भजन शिरोमणि भक्तराज आचार्यका जेठा छोरा सत्यराजको आइतबार राजाधानीको शोभाभगवती स्थानकी गीता केसीलाई हिन्दू संस्कारबमोजिम आफ्नी धर्मपत्नी स्वीकार गरे। आचार्यका छोराले केसी थरकी युवतीसँग विवाह गर्दा हल्ला चल्यो- 'सत्यराजको लभम्यारिज हो।' हामीले सत्यसँगै बुझ्न खोज्यौं। उनले स्पस्ट पार्दै भने- 'मेरी मम्मी पाँडे काजीकी छोरी हुनुहुन्छ। मावलबाटै प्रस्ताव आएकाले मेरो उनीसँग विवाह भएको हो।'

सेलिब्रेटीहरूको विवाह गर्ने मौसम चलिरहेका बेला सत्यको पनि विवाह भयो। रत्नराज्य क्याम्पसमा स्नातक तेस्रो वर्षमा अध्ययनरत गीतासँग विवाह भएको खुसीयालीमा सत्यले गत सोमबार निवासस्थाननजिकै ललितपुरमा एक भोजको आयोजना गरे। नेपाली गीत-संगीत क्षेत्रका व्यक्तित्वको बाक्लो उपस्थिति रहेको उक्त भोजमा केही संगीतकर्मी सत्यका भाइ स्वरूपलाई 'बाटो खुलेको' भन्दै जिस्क्याउँदै थिए, तर स्वरूपको विवाहका बारेमा सत्यले नै जवाफ दिए- 'हाम्रो एउटै लगनमा विवाह गर्ने योजना थियो। अब उसको विवाह एक-डेढ वर्षपछि यसैगरी हुन्छ होला।' दाह्री 'ट्रिम' गरेका र कपाल छोट्याएर 'स्ट्रेट' पारेका दुलाहा सत्यराजलाई खुसुक्क सोधियो- 'सुहागरात कस्तो रह्यो ?' लजाएझैं गरी सत्यले भने- 'एउटा नयाँ अनुभूति...।'

## हङकङबाट फर्कियो टोली





हङकङमा बस्दै आएका नेपालीहरूमाझ नेपाली कलाकारहरूको एक जम्बो टोली आफ्नो कला प्रदर्शन गरेर नेपाल फर्किएको छ। हङकङका बासिन्दा विशाल गुरुङले आयोजना गर्दै आएको तेस्रो लालिगुराँस साँझमा नेपालका चर्चित हास्यकलाकार तथा गायकहरूले त्यहाँका नेपालीहरूलाई पर्याप्त मनोरञ्जन दिएका थिए। फागुन ५ गते योङ लोङ थियटर तथा फागुन ८ गते काइचोङ थियटर गरेर दुईवटा कार्यक्रम सम्पन्न भएको थियो। जीरेखुर्सानीका मुन्द्रे जितु नेपालले सञ्चालन गरेको कार्यक्रममा मुन्द्रे जितुले बीचको समयलाई सदुपयोग गर्दै उपस्थित दर्शकलाई पेट मिचि-मिची हँसाएका थिए। कार्यक्रममा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको जोडीले आन्दोलनसम्बन्धी प्रेमगीत, प्रहसन र दोहोरी प्रस्तुत गरेका थिए। उक्त अवसरमा गायक क्रान्ति आले, सबिन राई तथा दिव्य सुब्बाले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए। उल्लेख्य दर्शकको उपस्थिति रहेको दुवै कार्यक्रममा स्थानीय कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए।

## आफ्नो परम्परा बिर्सन सकेनन

**खेमनाथ पौडेल**

युएई– आफ्नो देशलाई बिर्सेर विदेशिएका अनेक जनजातिमध्ये मगर जाति पनि एक हो। यसपटक मगरहरूले आफ्नो परम्परा, रीतिथिति तथा आफ्नो गाउँघरलाई युएईको बरदुबईमा विविध सांस्कृतिक कार्यक्रमका साथ सम्झना गर्दै मगर दिवसका रूपमा मनाए। पहिलो चरणको कार्यक्रमअन्तर्गत मन्तव्य दिने क्रम चल्यो भने दोस्रो चरणको कार्यक्रम मगर भाषाको गीतबाट सुरु गरिएको थियो। उक्त अवसरमा पूर्वेली हुरा नाच पश्चिमेली सालैजो भाकामा मगर-मगर्नीहरूले प्रतिभा देखाएका थिए। बीचबीचमा आशिष राई, सरोज भट्टराई तथा राजन श्रेष्ठले पनि आफ्नो मिठासलाई दर्शकसमक्ष पेस गरेका थिए। सागर रेग्मी, शान्ति शाह, दीपक गुरुङ (मारुनी नृत्य), देवी लामा, श्याम तमु, चुलाबहादुर फलामी, उषा तमु, खिमबहादुर मगर, बबिता थापामगरले मगर भाषाको गीतका साथै अन्य नेपाली गीतमा नृत्य गरी आफ्नो संस्कृति प्रदर्शन गरे।

कार्यक्रमको बीचबीचमा खगेन्द्र थापामगरको चुट्किला, मोहनलाल न्यौपाने र तिलबहादुर थापाको हास्यव्यङ्ग्यले उपस्थित दर्शकहरूलाई पेट मिची-मिची हँसाएको थियो। खुकुरी नाचले वीर नेपालीको पहिचान छर्लङ्ग पारेको थियो। कार्यक्रममा कर्णबहादुर थापामगरको अडियो सिडी 'दुई कदम' को विमोचन पनि सम्पन्न भयो।


अंग्रेजि दुई महिना मै!
*Basic *Intermediate *Advance
जान्दे नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Amadeus, Abacus & Galileo)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालीम
Compare our quality with the others
सम्पर्क:-सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालीम होटल खुम्जुङमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ।
हाम्रा विशेषताहरू
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै ,Ph:- 4249576

तालिम
❋ फोटोग्राफी
❋ भिडियोग्राफी
❋ कलरल्याब
❋ लेमिनेशन
❋ डिजिटल फोटोग्राफी
सम्पर्क: ❋ डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**